# ‘लङ्गडाको साथी’ उपन्यासको सङ्कथन विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

लक्ष्मी लुइटेल
स्नातकोत्तर दोस्रो वर्ष
परीक्षा क्रमाङ्क २८०३५३
विश्वविद्यालय क्याम्पस,
कीर्तिपुर, काठमाडौँ
२०७४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययनरत छात्रा श्री लक्ष्मी लुइटेलले दसौं पत्रको प्रयोजनका लागि **'लङ्गडाको साथी' उपन्यासको सङ्कथन विश्लेषण'** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यो शोधकार्य आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

......................................

भरतकुमार भट्टराई

सहप्राध्यापक

नेपाली केन्द्रीय विभाग

मितिः २०७४/१२/८

# स्वीकृतिपत्र

शोध मूल्याङ्कन समिति

विभागीय प्रमूख

प्रा.डा. देविप्रसाद गौतम ..................................

शोधनिर्देशक

सह.प्रा. भरतकुमार भट्टराई ....................................

बाह्य परीक्षक

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ....................................

मिति : २०७४/१२/८

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर दोस्रो वर्षको ऐच्छिक नेपाली दसौँ पत्रको प्रयोजनका लागि यो शोधपत्र तयार गरिएको हो । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय दिई उपयुक्त निर्देशन, सरसल्लाह र सहयोग गरिदिनुहुने शोधनिर्देशक श्रद्धेय गुरु श्री भरतकुमार भट्टराईप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मेरो शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोध कार्य गर्ने अवसर प्रदान गरेकामा नेपाली केन्द्रीय विभाग कीर्तिपुरप्रति पनि आभारी छु ।

यसै गरी विविध सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि. वि. केन्द्रीय पुस्तकालय तथा त्रि. वि. विभागीय पुस्तकालयप्रति पनि आभारी छु ।

मलाई यो स्थानसम्म ल्याइपुऱ्याउनका लागि विशेष योगदान दिने मातापिता र पतिप्रति विशेष आभार प्रकट गर्दछु । शोध लेखनका लागि उत्साह जगाई हौसला प्रदान गर्ने मेरा आदरणीय गुरुहरू, मेरा आफन्त, नेपाली विभागमा अध्ययन गर्ने मेरा सम्पूर्ण मित्रहरू र विभिन्न सामग्री उपलब्ध गराई सहयोग गर्ने मित्र विज्ञान भट्टराईलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।

साथै, यस शोधलाई शुद्धसँग टङ्कण गरी सहयोग पुऱ्याउने भाइ सन्तोष लुइटेल र बुहारी रमा भट्टराईलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस रूपमा तयार भएको शोधपत्रलाई मूल्याङ्कनका लागि कार्यार्थ नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गर्दछु ।



लक्ष्मी लुइटेल

स्नातकोत्तर दोस्रो वर्ष

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय क्याम्पस

# विषयसूची


सिफारिसपत्र

स्वीकृतिपत्र

कृतज्ञताज्ञापनपत्र

विषयसूची

| | |
|---|---|
| **पहिलो परिच्छेद : परिचय** | **१** |
| १.१ विषयपरिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोध लेखनको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ शोधको औचित्य र महत्त्व | ४ |
| १.६ शोधको क्षेत्र र सीमा | ४ |
| १.७ सामग्री सङ्कलन विधि | ४ |
| १.८ सैद्धान्तिक ढाँचा र शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ५ |
| **दोस्रो परिच्छेद : सङ्कथन व्यवस्थाको अवधारणा** | **६** |
| २.१ परिचय | ६ |
| २.२ पृष्ठभूमि र विकास | ८ |
| २.३ परिभाषा | ११ |
| २.४ सङ्कथनका सम्बन्धित पक्षहरू | १२ |
| २.४.१ परिचय | १२ |
| २.४.२ अर्थ | १३ |
| २.४.३ सन्दर्भ | १३ |
| **तेस्रो परिच्छेद : लङ्गडाको साथी' उपन्यासको विश्लेषण** | **१६** |
| ३.१ निर्धारित पाठको परिचय | १६ |

| | |
|---|---|
| ३.२ क्षेत्र | १६ |
| ३.२.१ विषय | १८ |
| ३.२.२ विचार | २० |
| ३.२.३ परिवेश | २२ |
| ३.२.४ समय | २४ |
| ३.३ सहभागी (पात्र) | २६ |
| ३.३.१ व्यक्तित्व | २८ |
| ३.२.१.१ लङ्गडो | २९ |
| ३.२.१.२ कुकुर | ३० |
| ३.२.१.३ अन्य पात्रहरू | ३३ |
| ३.२.२ हेतुत्व | ३४ |
| ३.२.३ हाउभाउ | ३५ |
| ३.२.४ संवाद | ३७ |
| ३.२.५ भाषिक व्यवहार | ४० |
| ३.२.६ सामाजिक हैसियत | ४२ |
| ३.३ माध्यम | ४५ |
| ३.३.१ भाषाशैली | ४६ |
| ३.३.१.१ दृष्टिविन्दु | ५२ |
| ३.३.२ कोशीय एकाइ | ५३ |
| ३.३.२.१ पुनरावृत्ति | ५३ |
| ३.३.२.२ पर्यायता / समानार्थकता | ५७ |
| ३.३.२.३ विपरीतता | ६० |
| ३.३.२.४ अधिकार्थकता | ६२ |
| ३.३.३ वर्णनात्मक | ६४ |
| ३.३.४ अलङ्कार | ६६ |
| ३.३.५ सङ्केत | ६९ |

३.३.६ कारुणिकता ७१
३.३.७ प्रदर्शनात्मकता ७५
३.३.८ सन्देशात्मकता ७८
३.३.९ उद्देश्यात्मकता ८२
३.३.१० सरणि / ग्राफिक चिह्न ८४
३.३.१०.१ पूर्णविराम ८४
३.३.१०.२ अल्पविराम ८५
३.३.१०.३ योजक चिह्न ८८
३.३.१०.४ उद्धरण चिह्न ९०
३.३.१०.५ विस्मयादिबोधक / उद्गार चिह्न ९१
३.३.१०.६ प्रश्नार्थकता ९२
३.३.१०.७ अर्द्धविराम ९३
३.३.१०.८ निर्देशक चिह्न ९४
३.३.१०.९ रिक्तताबोधक चिह्न ९६
**चौथौ परिच्छेद : सारांश तथा निष्कर्ष ९८**
सन्दर्भग्रन्थ सूची १०२

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

वि. सं १९८१ पुस ७ गते दार्जिलिङमा जन्मिएका लैनसिंह वाङ्देलले दार्जिलिङबाट माध्मिक परीक्षा उत्तीर्ण गरी कलकत्ताको गभमेन्ट कलेज अफ आर्ट्स् एन्ड क्राफ्टमा ६ वर्ष अध्ययन गरी प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए भने युरोपेली कला र साहित्यको गहिरो अध्ययन गरी पेरिस, लन्डन आदि जस्ता ठाउँहरूको भ्रमण गरी नेपाली जीवन र संस्कृतिको प्रतिनिधित्व गर्ने कला प्रदर्शनीमा सहभागी हुन समेत पुगेका थिए ।

लैनसिंह वाङ्देलको साहित्यिक यात्राको सुरुवात हेर्दा उनले माध्यमिक तहको अध्ययन गर्दाखेरि नै **अन्धाको आँखा** नामक कथा लेखेका भए पनि पहिलो प्रकाशित कृतिका रूपमा **विश्वकथा सङ्ग्रह** (अनुवाद : २००४) देखा परेको हो । त्यसपछि मात्र उनी उपन्यास क्षेत्रमा लागेको पाइन्छ । फलस्वरूप वाङ्देललाई परिचित गराउने कृतिहरूमा **मुलुक बाहिर** (२००४), **माइत घर** (२००७), **लङ्गडाको साथी** (२००८) **र रेम्ब्रान्ट** (२०२३) हुन् ।

सामन्य अर्थमा सङ्कथन वाक्यभन्दा माथिल्लो स्तरको भाषिक एकाइ हो । यो सङ्कथनको संरचनात्मक र सङ्कुचित अर्थ पनि हो । व्यापक अर्थमा

सङ्कथन भनेको भाषिक अभिव्यक्ति हो । सामान्यतः कुनै उच्चारण वा वाक्यभन्दा परसम्मको कथ्य वा लेख्य भाषाको विस्तारसँग सङ्कथनको सम्बन्ध रहन्छ । सङ्कथन शब्द भाषाको शब्दपरक र अर्थपरक एकाइसँग सम्बन्धित छ । संरचनाले भाषाको बाह्य स्वरूपसँग सम्बन्धित पक्षलाई जनाउँदछ । संरचनाका आधारमा सङ्कथनको परिचय दिनुपर्दा सङ्कथन एउटा सिङ्गो भाषिक अभिव्यक्ति हो । त्यसैले सङ्कथनमा एकातर्फ पाठ रहन्छ भने अर्कातर्फ सन्दर्भ रहन्छ । (ह्यालिडे र हसन : १९९१ : ४८) तसर्थ सङ्कथन विश्लेषणमा सन्दर्भपरक अर्थ र पाठपरक सङ्गठनका दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

**लङ्गडाको साथी** उपन्यास लैनसिंह वाङ्देलद्वारा लेखिएको हो । यस उपन्यासमा सङ्कथन विश्लेषणअन्तर्गत सन्दर्भ र अर्थपरक अध्ययन गरिने हुँदा यसभित्र क्षेत्र, सहभागीको सम्बन्ध, लेखक पाठकसमक्ष प्रस्तुत हुने माध्यम आदिको अध्ययनलाई केन्द्रित गरी सङ्कथन विश्लेषण नभएकोले यसै समस्यालाई आधार बनाएर निम्न लिखित बुँदामा केन्द्रित भई शोधकार्य गरिएको छ ।

(क) सङ्कथनको सैद्धान्तिक पक्ष के हो ?

(ख) 'लङ्गडाको साथी' उपन्यासमा सन्दर्भार्थ क्षेत्र, सहभागी र माध्यम केकस्तो छ ?

## १.३ शोधको उद्देश्य

लैनसिंह वाङ्देलका उपन्यासहरू विभिन्न दृष्टिकोणले महत्त्वपूर्ण छन् । जसमध्ये सङ्कथन व्यवस्थाअन्तर्गत पाठपरक अर्थ र सन्दर्भअन्तर्गत क्षेत्र, सहभागी र माध्यमको खोजी गरिएको छ । तसर्थ लङ्गडाको साथी उपन्यासमा निम्नलिखित उद्देश्यमा केन्द्रित रहेर उपन्यासको अध्ययन गरिएको छ ।

(क) सङ्कथनको सैद्धान्तिक पक्षलाई प्रस्ट पार्ने,

(ख) 'लङ्गगडाको साथी' उपन्यासमा सन्दर्भार्थको क्षेत्र, सहभागी र माध्यमको विश्लेषण गर्ने

## १.४ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली उपन्यासको विकासक्रममा लैनसिंह वाङ्देलद्वारा लिखित **मुलुक बाहिर** (२००४) उपन्यास पश्चात अलग्गै पहिचान स्थापित गर्न सफल **लङ्गडाको साथी** (२००८) उपन्यसका सन्दर्भमा विभिन्न विद्वान्हरूद्वारा गरिएका केही विश्लेषण तथा विवेचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

हीरामणि शर्माले **समालोचनाको बाटामा** (२०३८) भन्ने समालोचनात्मक कृतिमा वाङ्देलले कला र साहित्यलाई समान रूपमा अगाडि बढाएको उल्लेख गरेका छ

मुरारीप्रसाद रेग्मीले **मनोविश्लेषणात्मक समालोचना : उपखण्ड** (२०४०) मा अतियथार्थवादलाई प्रस्तुत गर्ने उपन्यास **लङ्गडाको साथी** नै हो भनेका छन् ।

यज्ञराज सत्यालले **नेपाली साहित्यको भूमिका** (२०४४) नेपाली उपन्यास परम्परामा लङ्गडाको साथी उपन्यास जनावरलाई पात्रका रूपमा उभ्याइएको एकमात्र उपन्यास हो र यो भावपूर्ण उपन्यास हो भनेका छन् ।

इन्द्रबहादुर राईले **नेपाली उपन्यासका आधारहरू** (२०५०) पुस्तकमा वाङ्देलको लङ्गगडाको साथीलाई यथार्थ औपन्यासिक स्केच भनेका छन् । उनले वाङ्देललाई प्रकृतिवादी उपन्यासकार मान्दै उनका उपन्यासमा प्रभाववादको मनोरम आन्तरिकीकरण पाइने उल्लेख गरेका छन् ।

महेन्द्र मल्लले **लैनसिंह वाङ्देलको औपन्यासिक कृतिहरूको विश्लेषण**(२०५३) शीर्षकको शोधपत्रमा अतियथार्थवादका विशेषता पाइने लङ्गडाको साथी उपन्यास परम्परागत संस्कृति सभ्यता र धारणाको विरुद्धमा उभिएको छ । यस उपन्यासमा लङ्गडाको अवचेतन मनमा छिनछिनमा परिवर्तन भइरहने स्वप्निल भावतरङ्गहरूको यथावत अङ्कन गरिएको छ भनी चर्चा गरेका छन्

शङ्करकुमार राईले **मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन** (२०५५) शीर्षक शोधपत्रमा उपन्यासमा चित्रात्मकता शीर्षकमा दृष्य वा प्रकृतिको प्रत्यक्ष रूपमा वर्णन पढ्दा-पढ्दै साँच्चै नै उपन्यासकारले कुची चलाएका हुन् कि भन्ने भ्रम पाठकका मनमा पर्दछ भनेर वाङ्देलका उपन्यासमा चित्रकलाको प्रभावबारे प्रस्ट पारेका छन् ।

शान्ति राईले **मुलुकबाहिर उपन्यासमा सामाजिकता** (२०७१) शीर्षकको स्नातकोत्तर शोधमा वाङ्देलले **लङ्गडाको साथी** उपन्यासमा मानवता हराएको कुराको यथार्थलाई लङ्गडाले कुकुरसँग साथी भई बस्नु परेको अवस्थाको चित्रण, लङ्गडो र कुकुर मरेपछिको अवस्थामा उनीहरूको कङ्काल सँगै हुनुले वर्तमान मानवमा मानवता हराएको समाजको यथार्थ चित्रण गरिएकाले अतियथार्थवादी प्रस्तुति पाइन्छ भनेर चर्चा गरेकी छिन् ।

उपर्युक्त समीक्षकहरूका समीक्षालाई हेर्दा **लङ्गडाको साथी** उपन्यासमा मनोवैज्ञानिक गहिराइ र कथावस्तुको क्षीणता, मानवतावादी दृष्टिकोण, शैलीको अनौठोपन, मानवेतर पात्रको उपस्थिति, कारुणिकता, अतियथार्थवादी प्रवृत्ति आदि जस्ता पक्षमा केन्द्रित भई समीक्षा गरिए तापनि प्रस्तुत औपन्यासिक कृतिमा सङ्कथन विश्लेषण हुन बाँकी रहेको देखिन्छ । त्यसैले प्रस्तुत शोध पत्रमा **लङ्गगडाको साथी** उपन्यासको सङ्कथन विश्लेषणमा केन्द्रित भएर अध्ययन विश्लेषण गरी यसको मूल्याङ्कन गरिएको छ । साथै, उपर्युक्त

पूर्वकार्यका समीक्षाले प्रस्तुत शोध कार्यमा **लङ्गडाको साथी** उपन्यासको व्याख्या तथा विश्लेषण गर्न पनि थप सहयोग पुऱ्याएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

लैनसिंह वाङ्देल नेपाली उपन्यास क्षेत्रका सशक्त प्रतिभाका रूपमा मानिन्छन् । यिनका विषय र कृतिका बारेमा सङ्क्षिप्त चर्चा भएका छन् भने कतिपय पक्षमा शोधकार्य पनि भएका छन् । **लङ्गगडाको साथी** उपन्यासमा 'सङ्कथन विश्लेषण' मा केन्द्रत रहेर अध्ययन नभइसकेकाले यस शोधकार्यले **लङ्गगडाको साथी** उपन्यासको सङ्कथन विश्लेषणलाई पूर्णता दिने हुँदा यो शोधकार्य औचित्यपूर्ण र महत्त्वका साथ रहको छ ।

## १.६ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा **लङ्गडाको साथी** उपन्यासमा केन्द्रित रहेर उपन्यासभित्र विभिन्न सन्दर्भहरूसँग सम्बन्धित भएर अध्ययन गरिने हुँदा शोधपत्रको मुख्य क्षेत्र नै **लङ्गडाको साथी** उपन्यासमा सङ्कथन विश्लेषण यसको क्षेत्र हो भने **लङ्गगडाको साथी** उपन्यासको सङ्कथन विश्लेषण बाहेक अन्य कोणबाट उपन्यासको विश्लेषण नगर्नु यस उपन्यासको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन विशेष गरी पुस्तकालयीय स्रोतबाट गरिएको छ । यसका साथै विषयगत समस्याको स्पष्टीकरण र समाधानका लागि सम्बन्धित विषयविज्ञ व्यक्तिसंग पनि सहयोग र सरसल्लाह लिई शोध पूरा गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधकार्य मुख्यतः सङ्कथन विश्लेषणअन्तर्गत सङ्कथनको सैद्धान्तिक पक्ष, सन्दर्भ र अर्थपरक अध्ययन गरिने हुँदा सङ्कथन व्यवस्थाको सैद्धान्तिक अवधारणा स्थापना गरी त्यस आधारमा **लङ्गगडाको साथी** उपन्यासमा प्रयुक्त सङ्कथन व्यवस्थाको निरूपण गरिएको छ । सङ्कथन विश्लेषण अध्ययनका क्रममा आवश्यकताअनुसार विभिन्न तुलनात्मक व्याख्या, विश्लेषण विधि अपनाइको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध प्रबन्धको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यसलाई निम्न चार परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधको परिचय

दोस्रो परिच्छेद : सङ्कथन व्यवस्थाको अवधारणा

तेस्रो परिच्छेद : लङ्गडाको साथी उपन्यासको विश्लेषण

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

# दोस्रो परिच्छेद

# सङ्कथन व्यवस्थाको अवधारणा

## २.१ परिचय

सङ्कथन संयुक्ति अङ्ग्रेजी शब्द डिस्कोर्स कोहेरेन्सको नेपाली समानार्थी शब्द हो । वक्ता (लेखक) ले पाठमा उल्लेख गरेको अभिव्यक्ति वा वक्ताले पाठलाई पूर्णता दिनका लागि उल्लेख गरेको कथनलाई मिलाएर सिलसिलाबद्ध गरी पाठकसमक्ष प्रस्तुत गर्ने तरिका अथवा लिखित वा मौखिक पाठ बुझ्न वा अनुभव गर्न वक्ता र श्रोताबिचको तार्किक सम्बन्ध नै संयुक्ति हो । संयुक्ति र संसक्तिले सङ्कथनको पूर्ण रूप निर्धारण गर्दछन् ।

पाठको बाह्य र आन्तरिक तहमा रहने अन्तरसम्बन्धलाई संयुक्ति र संसक्तिका आधारमा हेरिन्छ । भाषाविद् ह्यालिडेले व्यवस्थापरक भाषाविज्ञान र प्रकार्यपरक व्याकरणको विकास गरी पाठलाई कथ्य र लेख्य भाषाको आधिकारिक स्वरूप मानेका छन् । ह्यालिडेले पाठलाई आर्थी व्यवस्थाबाट व्याख्या गर्न सकिने धारणा राखेका छन् । पाठभित्र आर्थी अन्तरनिर्भरता कायम गर्ने र पाठलाई एकत्त्व प्रदान गर्ने रूपविन्यास तत्त्व रहेको हुन्छ । रूपविन्यास विनाको पाठ अस्तित्वविहीन अक्षरको थुप्रोजस्तो मात्र हुन्छ । यस्ता वाक्यका बिचमा कुनै अर्थगत सम्बन्ध हुँदैन । पाठ हुनका लागि अर्थगत सम्बन्ध हुन आवश्यक हुन्छ । आर्थी सम्बन्धबाट सन्दर्भगत अर्थ निर्धारण हुने गर्दछ । सन्दर्भगत अर्थ अनुच्छेदका तहमा र सिङ्गो पाठमा पनि निर्धारण हुन्छ । यस्तो सन्दर्भगत अर्थ पाठभित्र रहेको सङ्कथन व्यवस्थाबाट पत्ता लगाउन सकिन्छ । त्यसैले सन्दर्भगत अर्थ सम्बन्ध कायम गर्दछ । संयुक्तिले पाठमा वक्ताको आशयपरक अभिव्यक्तिलाई प्रस्तुत गर्दछ । परिस्थितिगत सन्दर्भ र साँस्कृतिक सन्दर्भबाट पाठको सन्दर्भता प्राप्त हुन्छ । त्यसैले सङ्कथनमा एकातर्फ पाठ रहन्छ भने अर्कातर्फ सन्दर्भता रहन्छ (ह्यालिडे र हसन : १९९१ : ४८) ।

यसरी पाठभित्रका अनुच्छेदहरू एकअर्कामा जोडिएर आएका हुन्छन् । यसरी पाठभित्रका वाक्यहरू एकअर्कामा अर्थोचित ढङ्गमा प्रस्तुत हुनु वा पाठलाई अर्थ प्रदान गर्न विभिन्न तत्त्वहरूको समायोजन भएको हुन्छ । विभिन्न तत्त्वहरू मिश्रित वक्ताका भनाइहरूलाई अर्थोचित ढङ्गमा प्रस्तुत गर्ने घटक संयुक्ति हो । लेखक र पाठकका बिचको अन्तर्सम्बन्धलाई जोड्ने काम संयुक्तिले गर्दछ । कुनै सन्दर्भ वा विषय सहित आएको शृङ्खलित घटना नै सङ्कथन हो । पाठ कुनै सन्दर्भसँग सम्बन्धित हुन्छ । जसले

सङ्कथनलाई बन्धनमा राखेको हुन्छ । त्यो अर्धशासित युक्ति नै संयुक्ति हो । लिखित वा मौखिक पाठ बुझ्न वा अनुभव गर्न वक्ता र श्रोताबिचको तार्किक सम्बन्ध नै संयुक्ति हो । जस्तै

*माघ फागुनको उत्कट जाडो । त्यसैले पश्चिमतिर फर्केर बसेको सारा दार्जेलिङ सहर जाडाले कक्रिरहेको थियो । वारिपारि देखिने घर, कोठी तिनका राता राता छाना तथा बाटा घाटा रेरिङ् पार्क हावाघर । ती सबै अहिलेसम्म जाडाले कठाङ्ग्रिरहेकै जस्ता देखिन्थे । अग्ला धुपीका रूखसमेत बिहानको जाडो र शीतको प्रहार सहन गर्दै चुपचाप ठिङ्ग उभिइरहेका जस्ता देखिन्थे ।* (पृ. २)

माथिको अनुच्छेदमा सन्दर्भ मिलेर आएको छ । जहाँ दाजिलिङको कुनै ठाउँको परिवेशको स्पष्ट चित्रण गरिएको छ । समय जाडोयामको रहेको छ । त्यहाँका घर, बाटाघाटा, बोटबिरुवाको चित्रण गरिएको छ । वाक्यमा रहेका वाक्य एकअर्कामा जोडिएका छन् । वक्ताले दिन खोजेको अभिव्यक्ति स्पष्ट आएको छ ।

*माघ फागुनको उत्कट जाडो । सीता आइसक्रिम खाइरहेकी छे । चौरमा गोठालो गाई हेर्दै छ । हिमालबाट पानी पर्दै छ । सुन्दर केटो स्कुल जान्छ । पाल्पाली ढाकाटोपी राम्रो छ ।*

माथिको अनुच्छेदमा आएका कुनै पनि वाक्यहरू अर्थगत आधारमा जोडिएका छैनन् । भिन्नाभिन्नै अर्थ प्रदान गरेका छन् । प्रसङ्ग वा सन्दर्भ मिलेको छैन । अघिल्ला वाक्यसँग पछिल्ला वाक्यको अर्थ जोडिएको छैन । यसकारण, यस अनुच्छेदमा संयुक्ति व्यवस्था व्यवस्थित छैन ।

समग्रमा वक्ताका अभिव्यक्तिद्वारा पाठ निर्मित हुन्छ । पाठलाई अर्थ प्रदान गर्ने विभिन्न तत्त्वहरूको समायोजन भएको हुन्छ । विभिन्न मिश्रित भनाइहरूलाई अर्थोचित ढङ्गमा प्रस्तुत गर्ने घटक संयुक्ति हो । लेखक र पाठकका बिचको अन्तर्सम्बन्धलाई जोड्ने काम संयुक्तिले गर्दछ । कुनै सन्दर्भमा आशय सहित आएको शृङ्खलित विषयको क्रमिकता नै पाठ हो । पाठ कुनै सन्दर्भ वा विषयसहित निर्मित हुन्छ । पाठ आर्थी बन्धनमा रहेको हुन्छ । जसले पाठलाई बन्धन (अधीन) मा राखेको हुन्छ । त्यो अधिशासित युक्ति नै संयुक्ति हो ।

## २.२ पृष्ठभूमि र विकास

सङ्कथन भाषिक युक्ति हो र यो आवश्यकताअनुसार शब्द वाक्यांश र वाक्यभन्दा परसम्म पनि रहेको हुन्छ । सङ्कथन कथ्य र लेख्य दुबै माध्यममा रहेको हुन्छ । कुनै खास सन्दर्भमा प्रयोग भएको भाषा सङ्कथन हो ।

सङ्कथनको अवधारणाको इतिहास सन् १९५० पछि सङ्कथन विश्लेषणको इतिहाससँगै भएको मानिन्छ । त्यसभन्दा अगाडि भाषिक अध्ययन वाक्य तहको अध्ययनमा केन्द्रित भएको पाइन्छ । सन् १९५० मा भाषिक सङ्केतहरूको विकाससँगै सृजनात्मक विज्ञान, कृत्रिम बौद्धिकता, मनोविज्ञान, संवाद आदिको अध्ययन भएको पाइन्छ । त्यसपछि वाक्यहरूबाट भाषाविद्हरूको ध्यान वाक्यभन्दा ठुला भाषिक एकाइ सङ्कथनतर्फ खिचिएको पाइन्छ । त्यो सङ्कथन अध्ययनको महत्त्वपूर्ण पक्ष हो । सङ्कथन संयुक्ति जुन तरिकाबाट पाठलाई सङ्कथन जस्तै निर्माण गर्न सकिन्छ । यहाँ केही पाठ र सङ्कथनका बिचमा मतभेदहरू भएको पाइन्छ । कसैले पाठ र सङ्कथनलाई एउटै हुन् भनेका छन् भने कसैले फरक हुन् भनेका छन् । यसै क्रममा Stubbs (1983) and Coulthard (1985) लिखित भाषाका रूपमा पाठलाई र बोलचालको भाषाका रूपमा सङ्कथनलाई छुट्याए ।

ह्यालिडे र हसन (1976) पाठ (Text) लाई भाषा प्रयोगमा एउटा एकाइका रूपमा लिए जुन कुनै मौखिक वा लिखित पाठ्यांश हुन सक्छ । जतिसुकै लामो होस् त्यसको सम्पूर्णतालाई एकीकृत गर्दछ । जब ह्यालिडे र हसनसँग असहमति राख्दै लिच (Leech, 1982) ले लिखित र मौखिक दुवैलाई सङ्कथनका रूपमा लिए तब अन्य केही भाषाविद्हरूले पनि पाठ (Text) र सङ्कथन (Discourse) को कलात्मक दृष्टिकोणबाट फरक देखाए ।

भेन डिजिक (Van Dijk, 1980) का अनुसार पाठ र सङ्कथनबिचको फरक पूर्वसैद्धान्तिक धारणासँग सम्बन्धित भाषा प्रयोगकर्ताको क्षमतामा निर्भर गर्दछ । त्यसपछि भाषा प्रयोगको उदाहरण सामान्य सर्तका रूपमा रहन्छ । संवाद कार्यको परिणाम स्वरूप भाषा उत्पादन हुन्छ ।

Brown and Yule (1983) का अनुसार पाठ संवाद कार्यको मौखिक रेकर्ड हो । पाठ उत्पादन सङ्कथन प्रक्रियाभन्दा फरक हो ।

विभिन्न मतहरू राख्ने क्रममाविद्व ान्हरूले पाठ र सङ्कथन दुईवटा अभिव्यक्ति वा विचार हुन् भन्ने मत व्यक्त गरेका छन् । सङ्कथन वाक्यहरूको संयुक्तिका मेलका रूपमा

प्रयोग हुन्छ । ती वाक्यका टुक्राहरू जुन सहभागीहरूका बिचमा भएका संवादको परिणाम हो । चाहे त्यो वक्ता र श्रोता वा लेखक र पाठकका बिचमा होस् ।

सङ्कथन विश्लेषण सुरु हुनेबित्तिकै विद्वान्हरूले परम्परागत विधिलाई निरन्तरता दिइरहे । व्याकरण निर्माणमा सङ्कथन विश्लेषणलाई वाक्यरचनामा प्रयोग गरिएको थियो । यसलाई Text व्याकरण भनिन्छ । यसको उद्देश्य नियमहरूको निर्धारण गर्नु थियो । त्यसैगरी वाक्य व्याकरणमा पनि सङ्कथन सृजना गर्न प्रयोग गरिन्थ्यो । नियमहरू तथा नियमिततामा सङ्कथन त  वहरूको बिच रेखीय सम्बन्धको स्थायित्वमा विशेष ध्यान दिइन्थ्यो । त्यसैगरी सङ्कथन वाक्यबाट जे फरक हुन्छ यसको मात्र र सङ्कथन व्याकरण वा वाक्यको औपचारिक पद्धति र नियमित पद्धतिको वर्तमान फरकभन्दा अरू केही हुँदैन । जसमा सङ्कथन वाक्यभन्दा धेरै जटिल हुन्छ । यसका अलवा नमिलेका वा विपरीत वाक्यहरू जसमा व्याकरणिक र नियमित घनिष्ट सम्बन्ध रहन्छ । जब सङ्कथनको अर्थ र व्यावहारिक सम्बन्धको छनौट ज्यादै महत्त्वपूर्ण हुन्छ । सङ्कथन परिभाषित गर्न जे प्रयोग हुन्छ त्यो यसको व्याकरणिक होइन तर यसले निश्चित सन्दर्भमा आवश्यकता पुरा गर्दछ कि गर्दैन भनी हेर्दछ । त्यसैले सङ्कथन विश्लेषणको ध्यान व्याकरणिकबाट पाठ (Textuality) तर्फ परिवर्तन भएको हो ।

ह्यालिडे र हसन (सन् १९९१) ले पहिलेका अवधारणालाई प्रस्ट्याउने काम गरेका छन् । भाषा प्रसङ्ग पाठ सामाजिक सङ्केतका दृष्टिमा भाषाको अवधारणामा सङ्कथनको पनि अध्ययन गरिएको छ । ह्यालिडे र हसन (सन् १९९१) मा पाठमा आर्थी सम्बन्धलाई मूल आधार मानेका छन् । यस अध्ययनमा संसक्तिगत युक्तिको पनि चर्चा गरिएको छ । संयुक्तिका विषयमा ह्यालिडे र हसनले सन्दर्भता लाई पाठीय तत्त्व, विचारधारा र परिस्थितिगत सन्दर्भतालाई जोड दिएका छन् । संसक्ति र संयुक्ति सिद्धान्तलाई प्रकार्यवादी प्रयोगार्थवादी तथा सङ्कथनवादीले पाठको विश्लेषणका क्रममा उपयोग गरेको पाइन्छ । ज्याकोब इल मेई (२००१) ले रूपबाट कथ्यतर्फ जाने विभिन्न पद्धतिको पनि चर्चा गरेका छन् । यसै अन्तर्गत संयुक्ति र संसक्ति पनि पर्दछ ।

यसैगरी डेभिड क्रिस्टलले भाषाविज्ञान र ध्वनिविज्ञानको शब्दकोशमा संयुक्तिलाई अन्तःसंरचनामा रहने प्रकार्यपरक सम्बन्ध मानेका छन् । क्रिस्टल (२००३ : ८१) ले पाठको संयुक्तिको विश्लेषणको महत्त्वपूर्ण पद्धतिका रूपमा ह्यालिडेले उल्लेख गरेको परिस्थितिगत सन्दर्भलाई जोड दिएका छन् । पाठ संसक्तिगत बन्धन र संयुक्ति व्यवस्थाबाट बनेको हुन्छ ।

संसक्ति बाह्य संरचनामा आउने र सङ्कथनका एकाइ वा वाक्यांशका बिच सम्बन्ध कायम गर्ने प्रमुख अवधारणा मानिएको छ भने संयक्ति पाठभित्र आन्तरिक तहमा रहेर प्रकार्यपरक सम्बन्ध कायम गर्ने अवधारणा मानिएको छ (क्रिस्टल २००३ : ८१) । सन्दर्भताबाट नै संयुक्तिको अर्थ निर्धारण हुन्छ । पाठको कुनै विषय वा सन्दर्भसँग सम्बन्धित रहेको हुन्छ ।

यसैगरी सन्दर्भका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न सन्दर्भसँग पाठ सम्बन्धित हुने कुरा उल्लेख गरेका छन् । यसै प्रसङ्गमा सन्दर्भताको प्रस्ट व्याख्या गर्ने काम मोलिनोवोस्कीबाट भएको हो यसलाई भाषविज्ञानमा जे. आर. फर्थले प्रयोग गरेका छन् ( ह्यालिडे र हसन, १९९१ : ६) । ह्यालिडेले परिस्थितिगत सन्दर्भको व्याख्या गरेको पाइन्छ । सामाजिक सन्दर्भताबाट सङ्कथनको अर्थ निर्धारण हुने फर्थको धारणालाई ह्यालिडेले पछ्याएका छन् । ह्यालिडेले सामाजिक सन्दर्भताका आधारबाट भाषिक चिह्न व्यवस्थाको प्रकार्यपरक विश्लेषण गरेका छन् । ह्यालिडेले परिस्थितिगत परिस्थितिगत सन्दर्भलाई परिस्थितिगत वातावरणमा उपस्थित हुने घटक मानेका छन् भने सांस्कृतिक सन्दर्भलाई व्यापक अर्थमा व्याख्या गरेका छन् । परिस्थितिगत सन्दर्भ पनि अन्तर्निहित हुन्छ भन्ने उनको धारणा रहेका छ (लक, २००५ : १९) । सामाजिक तथा सांस्कृतिक सन्दर्भताबाट नै पाठको अर्थ निर्धारण हुने ह्यालिडेको धारणा रहेको छ । सन्दर्भतालाई सङ्कथनवादी, प्रकार्यवादी, प्रयोगार्थवादी आदि विद्वान्हरूले आ-आफ्नै तरिकाले व्याख्या गरेका छन् । सबैजसोले सामाजिक सन्दर्भले सहभागीहरूको भाषा प्रयोग तथा सञ्चारमा प्रभाव पार्ने धारणा स्वीकार गरेका छन् ।

सामाजिक तथा सांस्कुतिक सन्दर्भताबाट नै लेखक, पाठक, वक्ता, श्रोता आदिका बिचमा ज्ञानको अभिवृद्धि हुन्छ । पूर्वधारणाका आधारमा पाठको सन्देश प्राप्त हुन्छ (कटिङ २००८ :२) । यसैगरी पर्थले भाषालाई सामाजिक सन्दर्भताका रूपमा व्याख्या गरेका छन् । यसैगरी सहभागीको सम्बन्ध (व्यक्ति, व्यक्तित्व) कथन क्रिया, सहभागीका अकथन क्रिया, हेतुत्व (कर्मत्व) सम्बन्ध र कथन क्रियाको प्रभावलाई परिस्थितिगत सन्दर्भमा निर्भर हुने तह जनाएका छन् । हाइम्सले फर्थले जस्तै सम्बोधक र सम्बोधितको भूमिकाका आधारमा सन्दर्भताको अभिलक्षणमा जोड दिएका छन् । उनले शीर्षक (टपिक), पृष्ठभूमि (सेटिङ), सरणि (च्यानल), संहिता (कोर्ड), क्षण (इभेन्ट) र उद्देश्य (पर्पोज) आदि बताएका छन् (ब्राउन र यूले १९८३ : ३८) । सन्दर्भताभित्र नै भाषिक प्रकार्य रहेको फर्थ र हाइम्सको धारणा रहेको पाइन्छ । सन्दर्भताकै आधारबाट नै पाठको अर्थ निर्धारण हुने र सङ्कथनले पूर्णता पाउने

हुँदा सन्दर्भता पाठमा सशक्त भएर आउँछ । यसकै आधारमा भाषिक प्रकार्य निर्धारण हुन्छ । भौतिक तथा सामाजिक जगत्सँग सन्दर्भता भएको हुन्छ भन्दै कटिङ (२००५ :५) ले सन्दर्भतालाई परिस्थितिगत सन्दर्भ जुन वक्ताले आफ्नो वरिपरि के देख्छ र कस्ता जानकारी राख्छ । यसले पाठको वातावरण वा परिस्थितिलाई जनाउँछ । यसका तिन आयाम हुन्छन् : क्षेत्र, सहभागी, पद्धति (माध्यम) (ह्यालिडे र हसन १९९१ : २४) । समाज संस्कृति आदिबाट सहभागीमा पूर्वज्ञान स्थापित हुन्छ । पूर्वज्ञानात्मक सन्दर्भ पाठभन्दा बाहिर हुन्छ (कटिङ २००८ : ५) । साँस्कृतिक सन्दर्भताले अन्तर्वैयक्तिक प्रकार्यमा प्रभाव पार्दछ । अन्तर्वैयक्तिक सन्दर्भको निर्धारण पूर्वकथन क्रियाका आधारमा हुन्छ । यसरी पाठसँग सम्बन्धित विभिन्न सन्दर्भ विषयमा धेरै चर्चा पाइन्छ ।

यसरी पाठका सहभागीहरूको अन्तर्क्रियामा वक्ताको आशय अन्तर्वैयक्तिक प्रकार्यमा उद्घाटित हुन्छ भने पाठपरक प्रकार्यमा संयुक्ति व्यवस्थाका साथै पाठीय तत्त्वका आधारमा पाठको अर्थ निर्धारण हुन्छ । ह्यालिडेकी सहकर्मी हसनले सन्दर्भपरक विन्यास व्यवस्थाका रूपमा क्षेत्र, सहभागी र पद्धति (माध्यम) को व्याख्या गरी यसलाई पाठ संरचना, विधा सम्बन्धित भएको कुरालाई प्रस्ट पारेकी छिन् । यदि निश्चित सन्दर्भमा पाठले प्रकार्य गेरेको छ भने त्यसका संरचनात्मक एकत्वका लागि सन्दर्भगत विन्यास व्यवस्थाले केन्द्रीय भूमिका खेल्छ । भन्ने कुरालाई हसनले जोड दिएकी छिन् (ह्यालिडे हसन १९९१ : ५६) । तसर्थ, पाठमा संयुक्ति स्थापना गर्ने मुख्य आधार क्षेत्र सहभागी र माध्यम (पद्धति) का विषयमा ह्यालिडे र हसनबाट अध्ययन भएको पाइन्छ ।

## २.३ परिभाषाहरू

यसैगरी विभिन्न विद्वान्हरूले संयुक्तिको सम्बन्धमा आ-आफ्नै मन व्यक्त गरेका छन् । तीमध्ये केही निम्नलिखित छन् ।

ड्युइन एच. रोएन (१९९६ ई) का अनुसार “पाठ मिलेको (सु-संगत) हुन सक्छ । स्थानीयस्तर संयुक्ति र विश्वव्यापीस्तर संयुक्त केलाई भनिन्छ । स्थानीयस्तरको संयुक्ति त्यो हो , जुन पाठका साना-साना अंशमा आउन सक्छन् । सामान्यतः पाठभित्र अनुच्छेदभन्दा लामा नहुने गरी आउने विश्वास गरिन्छ । अर्कातिर विश्वव्यापीस्तरका पाठ त्यसलाई भनिन्छ जो समष्टि अर्थसम्बन्धमा एकसाथ उनिएर आएको हुन्छ ।”

थोमस एस. केन (१९८८ ई) का अनुसार “ती दृश्य सम्बन्धहरूको प्रवाह जसले कुनै एक अनुच्छेदका वाक्यहरूलाई बाध्छ जसलाई दुई आधारभूत पद्धतिहरूमा स्थापित गर्न

सकिन्छ । पहिलो त्यो हो जसले अनुच्छेदको प्रारम्भमा एउटा गुरु योजनामा मूल उद्देश्य स्थापना गर्छ । दोस्रो केन्द्रित विषय (योजना) अनुच्छेदमा जब वाक्य क्रमसँग जोडिँदै जान्छ वा पछिल्लो वाक्यले अघिल्लो भनाइलाई निश्चित गर्दछ ।"

टी. गोभिन (१९९३ ई) का अनुसार "वस्तुतः संयुक्ति उत्पादित / निर्मित पाठको वस्तुगत सम्पत्ति होइन बरु पाठ सङ्कथन उत्पादन निर्माण र सङ्कथन बोधको मानसिक प्रक्रियाको सहउत्पादन हो । जो संयुक्तिको वाक्तविक स्थान हो ।"

एडा वेगेन्ड (२००९ ई) का अनुसार "संयुक्ति सिद्धान्त त्यस तथ्यको वर्णनका लागि आउँछ जसलाई हामी शब्दहरूका माध्यमबाट मात्र सम्प्रेषण गर्दैनौँ परम्परागत संयुक्तिको धारणा जो शाब्दिक पाठगत तत्त्वहरूबिचका सम्बन्धहरूमा मात्र आधारित रहेको हुन्छ । यसले अन्तर्क्रियामा हुने संयुक्तिका लागि सीमित वर्णन मात्र गर्छ । अन्ततः अन्तर्क्रियामा हुने संयुक्ति प्रकटीकरणमा विभिन्न शाब्दिक, प्रत्यक्ष ज्ञानात्मक र संज्ञानात्मक माध्यम/साधनहरूका अर्थ निर्माणका प्रयासहरूमा सहभागी (वक्ता-श्रोता) हरूका मनमा सिर्जित हुन्छ ।"

यसरी विभिन्न अध्ययन अनुसन्धानलाई हेर्दा आर्थी सम्बन्ध कायम गरी पाठ निर्माण गर्ने तत्त्वका रूपमा सङ्कथनलाई लिएको पाइन्छ । सङ्कथनको अर्थ निर्धारण गर्ने महत्त्वपूर्ण आधार सन्दर्भता नै हो । पाठ कुनै पनि सन्दर्भसँग जोडिएर आएको हुन्छ ।

## २.४ सङ्कथनका सम्बन्धित पक्षहरू

### २.४.१ परिचय

कुनै पनि पाठगत सङ्कथनमा आएका वक्ताका भनाइ वा अभिव्यक्तिलाई पाठक वा श्रोतासमक्ष स्पष्ट अर्थ प्रदान गर्ने घटक संयुक्ति हो । सङ्कथन हुनका लागि विभिन्न सन्दर्भहरूको उपस्थिति आवश्यक पर्दछ । जब पाठपरक सङ्कथनमा सन्दर्भको उपस्थिति हुन्छ तब वक्ताका अभिव्यक्ति श्रोता वा पाठकले बुझ्दछन् । सङ्कथन अर्थ र सन्दर्भतासँग सम्बन्धित हुन्छ । ह्यालिडेले पाठलाई विश्लेषण गरेर त्यसको प्रयोजनपरक विशिष्टता निर्धारणका निम्ति क्षेत्र (field), सहभागी (tenor) र माध्यम (mode) को विश्लेषण हुनुपर्ने मान्यता राखेका छन् (ह्यालिडे र हसन, १९९१ : २९) ।

### २.४.२ अर्थ

कुनै पनि पाठ वा सङ्कथन हुनका लागि पाठमा वक्ताले व्यक्त गरेका भनाइ वा वाक्यहरू एक-अर्कामा अर्थोचित ढङ्गमा जोडिन आवश्यक हुन्छ । सन्दर्भका घटकका तहमा क्षेत्र, सहभागी र माध्यमले अर्थतात्त्विक रूपमा अर्थको संरचक एकाइका तहमा कार्य गर्दछ । ह्यालिडे र हसनको पाठको अर्थ निर्धारणका सापेक्षित घटकलाई सामाजिक सन्दर्भसँग जोडेर थप व्यवस्थित ढङ्गले अध्ययन गर्ने काम डिजिकले पनि गरेका छन् । डिजिकले ह्यालिडे र हसन (१९९१) ले सुझाएको भाषाको प्रकार्यलाई मुख्य अवधारणात्मक पृष्ठभूमिका रूपमा व्याख्या गरेका छन् । ह्यालिडे र हसनले पाठको आर्थी व्यवस्थाका रूपमा स्विकारेका घटकहरू - संज्ञानात्मक (Ideational), अन्तर्वैयक्तिक (Interpersonal) र पाठपरक (Textual) लाई डिजिकल भाषा (language) र सामाजिक सन्दर्भ (social context) सँग तुलना गरी पाठले प्राप्त गर्ने विशिष्ट ढाँचाको व्याख्या गरेका छन् । हरेक पाठको अर्थलाई सामाजिक सन्दर्भको अन्तर्क्रियासँग जोडेर मात्र सामाजिक सन्दर्भसहितको संयुक्तिलाई अध्ययन गर्नुपर्ने बताएका छन् ।

### २.४.३ सन्दर्भ

सन्दर्भकै आधारबाट नै पाठको अर्थ निर्धारण हुने हुँदा सन्दर्भ पाठमा सशक्त भएर आउँछ । यसकै आधारमा भाषिक प्रकार्य निर्धारण हुन्छ । सन्दर्भका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न सन्दर्भको उल्लेख गरेको पाइन्छ । कुनै पनि विधामा सन्दर्भको विश्लेषणका विभिन्न तहहरू हुन्छन् भन्ने कुरालाई ह्यालिडे र हसन (१९७६ : २६) र ह्यालिडे र हसन (१९९१ : ४५) ले प्रस्ट पारेका छन् । यस सम्बन्धलाई इगिन्स र मार्टिनले यसरी देखाएका छन् :

तालिका १ : सन्दर्भको तहगत सन्दर्भ

| अधिप्रकार्य (भाषिक सङ्गठन) | प्रयुक्ति (सन्दर्भताको सङ्गठन) |
|---|---|
| १. आनुभाविक वा विचारात्मक अर्थ<br>(कथ्य निर्माणको स्रोत) | १. क्षेत्र सामाजिक गतिविधि |
| २. अन्तर्वैयक्तिक अर्थ<br>(अन्तर्क्रियाको स्रोत | २. सहभागी (भूमिकामूलक संरचना) |
| ३. पाठपरक अर्थ (पाठसङ्गठनको स्रोत) | ३. पद्धति/तरिका<br>(चिह्न व्यवस्थाको सङ्गठन) |

*इगिन्स र मार्टिन (१९९७ : २३९)*

सन्दर्भ नै प्रयुक्ति र विधा सिद्धान्तको केन्द्रीय विषय हो । सन्दर्भलाई सङ्गठित गर्ने युक्तिहरू क्षेत्र (field), सहभागी (Tenor) र पद्धति/माध्यम (mode) हुन् । सन्दर्भका यी आयामहरूलाई ह्यालिडेले परिस्थितिगत सन्दर्भ (कन्टेक्स अफ सिचुएसन) भनेका छन् । यसलाई अन्तःपाठपरक वातावरणका रूपमा लिएका छन् भने साँस्कृतिक सन्दर्भलाई व्यापक संस्थागत साँस्कृतिक वातावरणका रूपमा लिएका छन् ।

यसै गरी पाठको भाषापरक र स्थितिपरक विशेषताको (linguistics and situational feature of context) को अध्ययन गरी त्यसको प्रयोजनपरकता ह्यालिडे र हसन (१९९१) ले मुख्य तीन आयामबाट उल्लेख गरेका छन् । सङ्कथनको क्षेत्र (field of discourse), सङ्कथनका सहभागी (tenor of discourse) र सङ्कथनको माध्यम (Mode of discourse) । यी तीनवटै आयामलाई ह्यालिडे र हसनले पाठको प्रयोजनपरकता अध्ययन गर्ने आधार अन्तर्गत समेटेका छन् । यसैलाई डिजिक (१९९७) ले सन्दर्भको आयामका रूपमा व्याख्या गरेका छन् । डिजिकका विश्लेषण र ह्यालिडे र हसनले पाठ विश्लेषणको प्राथमिक आयाममा आधारित व्यापक र सरल रूप हो ।

समग्रमा संयुक्ति लेखक वा वक्ता र श्रोता बिचको सन्देश सम्प्रेषण गर्ने घटक हो । संयुक्ति अर्थ (सन्दर्भ) सँग सम्बन्धित हुन्छ । कुनै पनि सङ्कथन कुनै सन्दर्भविना असम्भव हुन्छ । जसको स्पष्ट पाठकले बुझ्ने गरी अर्थ निर्धारण हुनुपर्छ । सङ्कथनमा विभिन्न सन्दर्भहरू हुन्छन् । सांस्कृतिक, सामाजिक सन्दर्भ आदि सन्दर्भतालाई पूर्णता दिने काम क्षेत्र, सहभागी, र माध्यमले गरेको हुन्छ । कुनै पनि सङ्कथन (लेख्य/कथ्य) हुनका लागि सन्दर्भ हुन आवश्यक हुन्छ । सन्दर्भलाई पूर्णता दिन क्षेत्र सहभागी र माध्यम आवश्यक हुन्छ । क्षेत्रमा पनि विभिन्न तत्त्वहरूको संयोजन रहेको हुन्छ । विषयक्षेत्र, तथ्य, विचार आदि सङ्कथनमा सहभागी भूमिका अत्यावश्यक हुन्छ । सङ्कथनका सहभागीहरूको संवाद परिवेश, भाषिक व्यवहार आदि यस्तै अर्को माध्यम सङ्कथनमा लेखकले वक्ताले श्रोतासामु कुन माध्यमबाट वा कसरी उभिएको वा प्रस्तुत भएको छ भन्ने कुरा यी विभिन्न तत्त्वबाट जानकारी हुन्छ । जस्तै - लेख्य, कथ्य, आलङ्कारिकता, भाषशैली, कारुणिकता, व्यङ्ग्य, दृष्टिविन्दु आदि तत्त्वहरूको संयोजनबाट सङ्कथनमा संयुक्ति व्यवस्था कायम भएको हुन्छ ।

# तेस्रो परिच्छेद

# लङ्गडाको साथी उपन्यासको विश्लेषण

## ३.१ निर्धारित पाठको परिचय

'उपन्यास' तत्सम शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडिई त्यसमा 'घञ' प्रत्ययसमेत लागेर 'उपन्यास' शब्दको व्यत्पत्ति भएको छ । संस्कृतमा उपन्यासको अर्थ कुनै वस्तु कसैको समीपमा राख्नु भन्ने हुन्छ । जीवनजगत्को यथार्थ पक्षलाई समेटेर समाजका सामु प्रस्तुत गर्नु नै उपन्यास हो । व्यावहारिक रूपमा हेर्ने हो भने जीवनजगत्को साङ्गोपाङ्गो प्रस्तुति नै उपन्यास हो ।

लैनसिंह बाङ्देलको तेस्रो उपन्यास कृति **लङ्गडाको साथी** (२००८) लघु आकार र क्षीण आख्यान भएको उपन्यास हो । यसको संरचना नौ अङ्कमा संरचित छ । एउटा दुवै खुट्टा नचल्ने र सडकमा मागेर गुजारा चलाउने लङ्गडाको जीवनकथालाई समेटिएको यो छोटो उपन्यासमा सामान्य मानिसका नजरमा नपुगेका घटनाहरूलाई समेटिएको छ । यो उपन्यासलाई १, २, ३, .... अङ्क दिएर परिच्छेदमा समेटिएको छ । यस उपनयासको घटना आठौँ परिच्छेदसम्म सरासर गएको छ भने नवौँ परिच्छेदमा भने साता दिनपछिको अर्को दिन फेरि दुई दिनपछि, फेरि दश महिनापछि गरी चारवटा शीर्षकसमेत छन् ।

समग्रमा **लङ्गडाको साथी** उपन्यास लघु आकारको कृति हो । यहाँ शोधलाई व्यवस्थित गर्न परिच्छेद १, २, ३, १.१, १.२, ..... गर्दै सङ्ख्याका आधारमा अगाडि बढाइएको छ भने उदाहरणलाई एकोहोरो उद्धरण चिह्नभित्र छड्के अक्षरमा प्रस्तुत गरिएको छ ।

संयुक्तिलाई पाठमा प्रयुक्त भाषिक एकाइहरूका बिच सान्दर्भिक एवं अर्थतात्त्विक सम्बन्ध कायम गर्ने अवधारणा मानिएको छ ।**लङ्गडाको साथी** उपन्यासको संयुक्तिपरक विश्लेषण गर्ने सन्दर्भमा ह्यालिडे र हसनद्वारा स्थापित सिद्धान्त, क्षेत्र, सहभागी र माध्यम जस्ता तत्त्वलाई मुख्य आधार बनाइएको छ ।

## ३.२ क्षेत्र

पाठमा के विषयवस्तु उपस्थित गराइएको छ वा पाठमा के भइरहेको छ भन्ने कुरालाई क्षेत्रले जनाउँदछ (ह्यालिडे, १९९१ : १२) । यसले कुन विषयमा सहभागी सक्रिय

छन् भन्ने कुरालाई पनि जनाउँदछ । क्षेत्रका आधारमा नै पाठमा सहभागीले प्रयोग गर्ने भाषिक एकाइरूको चयन हुन्छ । अर्न्पाठपरक सन्दर्भ तथा सन्दर्भ र पाठबाट अर्थको अनुमान लगाउने कार्य पनि क्षेत्रकै विषय हो (इगिन्स र मार्टिन, १९९७ : २३३) । क्षेत्रले पाठको विषयवस्तुलाई जनाउँदछ । पाठको भाषिक र स्थितिपरक विशेषताको खोजी गरी त्यसको प्रयोजनपरक स्वरूप निर्धारण गर्न ह्यालिडे र हसनले प्रथमतः त्यसको क्षेत्रको अध्ययन प्रक्रियालाई सुझाएका छन् । यिनले पाठको सन्दर्भ क्षेत्र पहिल्याउनका लागि मुख्य पाँच प्रक्रिया अपनाउनुपर्ने बताएका छन् । (ह्यालिडे र हसन, १९९१ : ३१) । प्रथमतः वस्तुलाई अधीनस्त बानाई एकत्रित र व्यवस्थित बनाउने कार्य भाषाले गर्दछ । यस्ता सबै प्रक्रियाहरूमा अस्तित्वमा कुनै कुरा हुनु वा रहनु कुनै विषयको चाल वा दिशाको उल्लेख हुन्छ । दोस्रो पाठमा सहभागी र वस्तुको क्रमिक संरचना तयार भएको हुन्छ । यसको खोजी र निर्धारणले पनि सन्दर्भको आयाम अन्तर्गत क्षेत्रलाई सङ्केत गर्दछ । तेस्रो खास सन्दर्भसँग जोडिएर आएका वस्तुहरूको नामकरण पर्दछ । चौथोमा विगतका घटना र त्यसले सन्दर्भित गर्ने समय र वस्तुको मूल्याङ्कनको समष्टिबाट पाठको क्षेत्र तयार हुन्छ । डिजिकले ह्यालिडे र हसनको प्रस्तावलाई फरक ढङ्गले क्षेत्रसम्बन्धी अवधारणालाई प्रस्ट पारेका छन् । डिजिकका अनुसार पाठको परिचित धरातल निर्माण गर्न चयन गरिएको प्राविधिक र दैनिक प्रयोगका शब्दवली नै क्षेत्र हो (डिजिक, १९९१ : २३३) । पाठकले क्षेत्रलाई बोध गर्ने उनको आधार अन्य पाठसम्बन्धी अवधारणा पनि हो । अर्थात कोशीय एकाइ र अन्तर्पाठात्मक सन्दर्भको समष्टि नै क्षेत्र हो ।

परम्परागत रूपमा स्विकारिएको साहित्यिक विधा निर्धारण गर्ने आधार पनि सन्दर्भ नै हो । त्यसमा पनि आख्यानात्मक पाठको निर्माणमा सन्दर्भ क्षेत्र मुख्य आधारका रूपमा देखा पर्दछ । यस्तो आख्यानात्मक पाठको विश्लेषणमा अभिमुखीकरण मूलयाङ्कन परिणाम र कथान्तको विश्लेषण गर्न सकिने धारणा पनि पाइन्छ (ढकाल, २०६९) । भाषाको अधिप्रकार्य अन्तर्गत विचारात्मक प्रकार्यसँग क्षेत्रको अन्तर्सम्बन्ध रहेको हुन्छ । सहभागीको विषयगत प्रयोजनसँग पनि क्षेत्र सम्बन्धित हुन्छ । कथाका सम्बन्धमा क्षेत्रले विषय, तथ्य, विचार, परिवेश आदिलाई बुझाउँछ । यसरी पाठको विश्लेषणमा विभिन्न कोशीय एकाइ र स्थितिपरक सन्दर्भ संयुक्ति व्यवस्थासँग जोडिएर आउने पक्ष नै क्षेत्र हो ।

लङ्गडाको साथी उपन्यास दार्जेलिङको सामाजिक पृष्ठभूमिमा एउटा समाजमा अहिले लङ्गडाको दैनिक जीवनचर्याको विषयवस्तु नै यस उपन्यासको क्षेत्र हो । समाजमा

एउटा अपाङ्गले झेल्नु परेका दुःख-दर्दहरूलाई यस उपन्यासले कथ्य विषय बनाएको छ । समाजमा लङ्गडा, पुलिस, भलादमी, उच्छृङ्खल केटाकेटीले कस्तो व्यवहार गर्छन र त्यही समाजका श्रमजीवी कुल्लीहरूले कस्तो व्यवहार गर्छन् भन्ने आख्यानलाई मार्मिक ढङ्गलाई उपन्यासमा प्रस्तुत गरिएको छ । मानिस मानिसको भिडमा बसेर पनि एक्लो महसुस गर्नुपर्ने अवस्था र एउटा मानवेतर चरित्र कुकुरलाई आफ्नो परिवारको साथी बनाउनुपर्ने बाध्यता यस उपन्यासमा प्रस्तुत भएको छ ।

क्षेत्र पनि विभिन्न तत्त्वहरूले संरचित भएको हुँदा तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ । यस उपन्यासमा सामाजिक मानवतावादी, कारुणिकता, मनोवैज्ञानिक अतियथार्थवादी आदि विभिन्न विषय क्षेत्रहरूलाई उपयोग गरिएको छ । उपन्यासमा वक्ताको विचार र सहभागीले प्राप्त गरेको परिवेश, समयलाई पनि औपन्यासिक घटना सन्दर्भबाट यस उपन्यासमा क्षेत्र निर्धारण गरिएको छ । सम्बन्धित विषय विश्लेषण निम्नानुसार छ ।

### ३.२.१ विषय

कुनै पनि पाठको क्षेत्रभित्र विषय अनिवार्य तत्त्व हो । पाठ के विषयमा अघि बढेको छ भन्ने कुरा क्षेत्रले नै बताउँछ । **लङ्गडाको साथी** उपन्यासको क्षेत्रअन्तर्गत पर्ने विषयको चर्चा निम्नअनुसार गरिएको छ :

*दार्जिलिङको चोक बजार गड्डीखानाको ओरालो भित्रपट्टिको छिडीमा एउटा टीनले बारेको थोत्रो झुप्रोभित्र एउटा कुकुर गुडुल्किएर कुनापटि सुतिरहेको थियो अनि त्यसको छेउमा एकजना मानिस पनि आफ्ना बोरा थाङ्नामा गुटुसुटु भएर एक डल्लो परी निर्विकार अवस्थामा सुतिरहेको थियो । (पृ. ३)*

उपर्युक्त उदाहरणबाट **लङ्गडको साथी** उपन्यासभित्र एउटा अशक्त लङ्गडो र उसको साथमा सहरमा डुल्ने एउटा कुकुर पनि रहेको विषयवस्तु प्रस्तुत गरिएको छ । एउटा छिडीमा टिनले बारेको थोत्रो झुप्रोभित्र एउटा डुलुवा कुकुर र छेउमा एउटा मानिस उसका साथमा थोत्रो बोरामा थाङ्ना र निर्विकार अवस्थामा सुतिरहेको अवस्थालाई प्रस्तुत गरी मानिस र कुकुरको दयनीय अवस्थालाई उपन्यासको क्षेत्रको विषयवस्तु अपनाइएको छ

*'मानिसले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे, जिस्क्याउँथे ।' (पृ. ६)*

सहरका मानिसले लङ्गडालाई मानव भएर पनि अमानवीय व्यवहार गर्दथे । मुसलधारे पानी परिरहेको बेला होस् वा आँधीबेहरी आउँदा जस्तो भए पनि ओत लाग्न खोज्दा लखेटिन्थ्यो ।

*'एउटा पसले आफ्नो पसल थुन्न लागेको थियो । लङ्गडो त्यहीँ गएर ओत लाग्न खोज्यो तर पसलेले भित्रबाट लङ्गडालाई देखिहाल्यो ।' (पृ ५८)*

पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा लङ्गडो कता जाने कता जाने, ऊ भौतारिरह्यो । समाजमा लङ्गडालाई पुलिस, भलादमी, उच्छृङ्खल केटाकेटीले कस्तो व्यवहार गर्छन्, त्यही समाजका श्रमजीवी कुल्लीहरू कस्तो व्यवहार गर्छन् भन्ने आख्यानलाई कारुणिक ढङ्गले उपन्यासको विषयवस्तु अगाडि बढेको छ । मानिसका भिडमा बसेर पनि एक्लो महसुस गर्नुपर्ने अवस्था उपन्यासले प्रस्तुत गरेको छ ।

*'न उसका स्त्री न छोराछोरी, न भाइबहिनी उसको सङ्गीहीन बन्धुहीन एकान्त जीवनमा सुखदुःखको साथी भने पनि आत्मीय मित्र भने पनि त्यही एउटा कुकुर थियो ।' (पृ. १२)*

एउटा मानवेतर चरित्र कुकुरलाई आफ्नो परिवारको साथी बनाउन पर्ने विवशतासहित यस उपन्यासको विषयवस्तु अगाडि बढेको छ ।

*लङ्गडाले वर्षौंदेखि मागेर जीवन बिताइरहेको हुन्छ । 'ऊ कहाँबाट आएको हो, त्यो कसैलाई थाहा थिएन । कहिलेकाँही कसैले उसको विषयमा सोध्यो भने कसैलाई एउटा कुरा भन्थ्यो त कसैलाई अर्कै ।' (पृ. २३)*

लङ्गडो आफ्ना बारेमा कसैलाई सत्य बताउन चाहँदैनथ्यो । तैपनि धेरै केरकार गरेर सोध्नेलाई भन्ने गर्थ्यो -

*'... एकजना ... मान्छेका घरमा गोठालो भएर बसेको थिएँ । ... घाँस काट्थेँ । .... एकदिन पानीझरीको दिनमा ठुलो पहरानेर एउटा रुखमा चढी पात काट्न लाग्दा भननन रिँगटा लागेर खसेँ ।' (पृ. २४)*

लङ्गडो त्यति कुरा भनेर अर्को ठाउँमा जान्थ्यो । खुलेर आफ्ना कुरा कसैसँग राख्न चाहँदैनथ्यो । उपर्युक्त उद्धरणअनुसार लङ्गडो नेपालबाट जीविकोपार्जनको खोजीमा दार्जिलिङ पुगेको एउटा केटो, कसैको घरमा गोठालो बन्छ तर घाँस काट्न जाँदा लडेर लङ्गडो भएपछि तिरस्कृत भई महाँकालथान वरिपरि, स्टेसन, सडक गल्लीमा दिनभर माग्ने गर्थ्यो भने राती महाँकालथानको ओरालाको छिँडीमा रहेको एउटा झुप्रामा बस्ने गर्थ्यो । सुरुमा एक्लै थियो तर पछि एउटा कुकुर पनि उसको आत्मीय मित्र बनेको थियो ।

खुलेर हात पसारेर माग्न नचाहने लङ्गडो आशामुखी भएर बाँच्नु परेको थियो । लङ्गडो कुनै दिन भोकै सुत्थ्यो, कुनै दिन मागेर खान्थ्यो भने कुनै दिन पैसा भए किनेर पनि खाने गर्थ्यो । मागेर अलिअलि जम्मा गरेको पैसा हराएछ । कुकुर पनि हराएछ र ऊ सधैं वास बस्ने झुप्रामा नपुगी भौतारिएर हिड्छ । बतास र पानीबाट बच्न एउटा दलानको आश्रय लिन पुग्छ तर त्यहाँबाट पनि लखेटिन्छ , हिलोमा गाडिन्छ । भोलिपल्ट कुकुर पनि आइपुग्छ, लङ्गडाको प्राण पनि समाप्त हुन्छ । विषयवस्तु अझै अगाडि बढ्छ । कुकुर एक्लै हुन्छ । धेरै दिन एक्लै भौतारिन्छ । आखिर कुकुर पनि मर्छ । त्यही छोटो आख्यान यस उपन्यासको विषयवस्तु हो ।

## ३.२.२ विचार

विचार कुनै पनि पाठको क्षेत्रभित्रको अर्को तत्त्व हो । पाठभित्र वक्ताको विचार वा अनुभूति समावेश भएको हुन्छ । विचार वक्ताको भावनामा निर्भर हुन्छ । वक्ताले पाठलाई सार्थकता दिन कस्तो विचार पोखेका हुन्छन् । पाठकलाई भावुकता, मनोरञ्जनात्मकता, व्याङ्ग्यात्मकता आदि के दिन खोजिएको छ, यो वक्ताको विचार वा भावनामा भर पर्दछ । यसलाई स्पष्ट पार्न निम्नअनुसार व्याख्या गरिएको छ ।

*मानिसहरू उसलाई लङ्गडा भनी असका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्दै जिस्क्याउँथे, कोही मानिस सुकिलो लुगा लाएको हेर्दा भलादमी जस्तो भए लङ्गडो केही प्रतिवाद गर्दैनथ्यो केबल आफ्नो उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरहन्थ्यो तर लङ्गडाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अङ्कित भएको हुन्थ्यो तर केटाहरू तथा बालबालिकाहरूले उसलाई खिज्याए भने ऊ आगो हुन्थ्यो । (पृ. ६)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा दार्जेलिङको सहरमा एउटा लङ्गडामाथिको दयनीय अवस्थाको चित्रण गरिएको छ । यहाँ लेखकले बाटामा हिँड्ने मानिसहरूले उसका अशक्त अङ्ग देखाई जिस्क्याउनु लङगडामाथिको दयनीय अवस्था, सुकिला कपडा लगाएका भलादमी मानिसलाई प्रतिवाद नगर्नु लङ्गडाको बुद्धिमता, उसको उपाहास गर्नेलाई निसहाय भएर हेर्नु उसका दमित कुण्ठा उनीहरूप्रतिको घृणा र आक्रोश लङ्गडाको आफूसँग आइलाग्नेलाई जाइलाग्ने बदलाको भावना जस्ता कार्यहरूले मानिस जस्तो अशक्त भए पनि साहसिलो सङ्घर्ष गर्नुपर्छ भकन्ने विचार अभिव्यक्त गरिएको छ । लङ्गडाले आफूसँग हुँदा किनेर कुकुरलाई खुवाउनु :

*लङ्गडाले कुकुरलाई पनि सम्झयो, त्यस कुकुरतिर पनि फर्केर अलि दबेको स्वरमा निहुरिएर भन्यो - हेर काले ! तँ पनि सधैँ त गल्लीको नालीतिर गएर जुठा कुराहरू खाइहिड्थिस् , हेर आज म पनि पेटभरि खने छु , तँलाई पनि मनग्गे खुवाउने छु । तँलाई पुरी-मिठाइ मन पर्दैन भने दही मासु र भात किनेर पेटभरि दिउँला । काले ! (पृ. २९)*

उपर्युक्त उदाहरणबाट लङ्गडो स्वयं मागेर खाने भिखारी हो तर पनि उसले मानवेतर प्राणीमाथि दया राखेर मागेका पैसाले किनेर खुवाउने विचार गर्छ । कुकुरमाथि दयाको भाव व्यक्त गर्दछ तर त्यही समाजमा बस्ने पैसावाल भद्रभलादमीहरू भने चुरोट रक्सी खाने, फिल्म हेर्न पैसा खर्च गर्नु :-

*एकछिनपछि त्यो रेस्टुराँबाट एकजना ठिटो र दुईवटी ठिटी निस्के, त्यो नेपाली ठिटाको पोसाक अङ्ग्रेजीको जस्तो थियो , हातमा सिग्रेटको टिन र मुखमा सिग्रेटको ठुटो पनि च्यापेको थियो । (पृ. ५१)*

ठिटीका अनुहारमा क्रिम, ओठमा लिपिस्टिक दलिएको थियो । एकजना ठिटीका हातमा त सिग्रेट पनि थियो । मान्छे मनोरञ्जनमा त्यति तत्परता देखाउने तर उनीहरू हिँड्ने बाटाका छेउमा बसेर माग्न हात पसारेको लङ्गडालाई खायो-खाएन केही नसोध्ने जस्तो सामाजिक व्यवहारलाई प्रस्ट रूपमा व्यक्त गरी आजको समाजप्रति असन्तुष्टिको अभिव्यक्ति गरिएको छ ।

लङ्गडोजस्तो अशक्त अपाङ्गको लुगा, पैसा चोरिनु, लङ्गडालाई दिनभर चिसामा बसेर माग्नुपर्ने, झरीबादल भन्न नपाउने अवस्था थियो । यसै सन्दर्भमा लङ्गडो बिरामी हुँदै माग्न जान्छ । बेलुका झुप्रमा फर्कन सक्दैन । सडकमा नै वास बस्छ ।

*भोलिपल्ट उसका यत्रतत्र छरिएका लुगा बटुलेर आफ्नो सबै जिउ छामेर राम्ररी हेऱ्यो, खोज्यो, बोरा टक्टक्यायो तर पैसा बाँधेको रुमाल भने राम्रै हराएछ । (पृ. ३५)*

उपर्युक्त उदाहरणबाट बाटामा बसेर एकदुई पैसा मागेर हिँड्ने भिखारीको पैसा चोरिनु मानवमा मानवीयता संस्कार र गुण लोप हुँदै गएको विचार व्यक्त गरिएको छ ।

लङ्गडाको दुःखदायी जीवनयापन देखाउनु , उदाहणका लागि :

*'त्यही ठाउँमा एउटा कुकुर गुँडुल्किएर कुनापट्टि सुतिरहेको थियो अनि त्यसका छेउमा एकजना मानिस पनि आफ्ना बोरा-थाङ्नामा गुटुमुटु भएर एक डल्लो परी निर्विकार अवस्थामा सुतिरहेको थियो । (पृ. ३)*

उपर्युक्त उदाहरणबाट मानव भएर पनि एउटा सडक गल्लीमा फोहार खाई हिड्ने कुकुरसँगको सुताइ छ भन्ने देखाइएको छ । उपन्यासमा लङ्गडाको कारुणिक जीवन भोगाइलाई चित्रण गरी समाजलाई यस्ता दुःखी गरिबमाथि हुनेखाने भनाउँदा समाजका सम्भ्रान्त मानिसहरूले दिव्यदृष्टि पुऱ्याउनुपर्ने अभिव्यक्ति प्रकट गरिएको छ ।

### ३.२.३ परिवेश

उपन्यासमा चरित्र चित्रणलाई सहज तथा जीवन्त बनाउन र कथावस्तुलाई मूर्त रूप दिने कार्यमा परिवेश चित्रणको महत्त्वपूर्ण भूमिका हुन्छ । जुनसुकै घटनाहरू कुनै न कुनै स्थान, समय, वातावरणमा घटित हुन्छन् । त्यसका पात्रहरू पनि कुनै न कुनै परिवेशको धरातलमा अश्रित हुन्छन् । यसलाई तलका उदाहरणमा प्रस्ट पार्न सकिन्छ ।

*महाकाल बाबाको थानवरिपरि रातभरि शीत र चिसो हावाले काम्न लागेका रुखहरूका पात बल्ल सूर्यका पँहेला किरण पर्दा चारैतिर प्रकृति एक्कासि सुनको जलप लाएर हाँसेजस्तो देखियो । धेरै शीतका थोपाहरू रुखका पातमा काम्दै झुन्डिरहेका थिए । गुराँसको बोटका हाँगाहरूमा भर्खर-भर्खर गुलाफी र गहिरो रातो रङमा फक्रन लागेका फूलहरू थिए । तिनलाई पनि सूर्यको उष्ण किरणले अहिले नै म्वाइँ खालाजस्तो देखिन्थ्यो । (पृ. १)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा दार्जिलिङको कुनै एउटा ठाउँ महाकाल बाबाको थानवरिपरि भएको चिसो मौसम शीत, चिसो हावा, काम्न लागेका रुखका पातहरू, सूर्यका पँहेला किरण, सुनको जलप लगाएको जस्तो देखिनु, गुलाफका फक्रन लागेका कोपिलाहरूलाई सूर्यका किरणले म्वाइँ खालाजस्तो देखिनु आदि प्राकृतिक सौन्दर्यताले मानव मनलाई प्रफुल्लित बनाउ आदि यसका परिवेशहरू हुन् ।

**लङ्गडाको साथी** उपन्यासमा उपन्यास लेख्दाको दार्जिलिङको प्राकृतिक सौन्दर्य 'बिहानीपख डाँडामा देखिने पूर्वतिरका नीला पहाडहरूबाट झरेका लहरैलहर मालाजस्ता उपत्यकाहरूमा पनि सूर्यका लामालामा किरणहरूको छाप अहिलेसम्म परेको थिएन । (पृ. १)

दार्जिलिङ सहरको महाँकाल बाबाको मन्दिरवरिपरिका नीला पहाडहरूमा बिहानीपख सूर्य झुल्किसक्दाखेरिको मनोरम दृश्य, चिसो हावा, पातहरूमा शीत परको, सूर्य झुल्किसक्दा

परेका सूर्यका सुनौला किरणले बनाएको मनोरम वातावरण फक्रन लागेका गुराँसका कोपिलाहरू र मानवीय सोचका कुरूपता प्रस्तुत भएको छ । त्यहाँका सुन्दर पहाड, मनोरम दृश्यले एकातर्फ प्रफुल्लित बनाउँछ भने अर्कोतर्फ मानवीयताले शून्य रहेका भलादमी भनाउँदा तथा पठित विद्यार्थीका क्रियाकलाप देखाइएको छ । उपन्यासले भन्छ -

*मानिसहरू उसलाई लङ्गडो भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे । (पृ. ६)*

*ठुलो डाँक घरको अघिल्तिर घुम्तीमा पनि ऊ आइपुगेको थियो । माथिबाट ओरालो वेगले दौडाएर ल्याएको एउटा मोटरले लङ्गडालाई किल्चेर झन्डै धुलो पाऱ्यो । (पृ. ५०)*

त्यसैगरी

*'दुवै क्यापिटल सिनेमाघरतिर लागे । लङ्गडाले पछिल्तिरबाट हेरिरह्यो । उसका आँखामा त्यो स्वास्नी मान्छेले हातमा ब्याग हल्लाउँदै कम्मर मर्काइ मर्काई त्यस मानिसका पाखुरा समातेर हिँडिरहेको दृश्य । (पृ. ५२)*

**लङ्गडाको साथी** उपन्यास एउटा सामाजिक परिवेशमा आधारित उपन्यास भएकाले यसमा समाजमा रहेका मानिसका नराम्रा कार्य, विकृतिहरूलाई पनि समेटिएको छ । एउटा युवक मुखमा चुरोट च्यापेर त्यहाँ फेरि पान खान आयो ।

त्यस्तै **लङ्गडाको साथी** उपन्यासमा लङ्गडाका माध्यमबाट त्यहाँको समाजमा रहेका अपाङ्ग भई मागेर खानुपर्ने बाध्यता तर समाजबाट उनीहरू अपहेलित भई दयनीय स्थिति, रातदिन कोइलाखानीमा काम गर्ने मजदुरको आर्थिक अवस्था सीमित व्यक्तिमा निहित आर्थिक स्रोत त्यही समाजमा हुनेखाने भनिएका मान्छेहरूको आरामदायी र मनोरञ्जनका माध्यम रक्सी पिउने र बाटोमा मातेर हिँड्ने, केटीसँग सिनेमा हेर्ने, ऐसआरमा गर्ने, त्यहाँको हिँउद यामको मुटु छेड्ने जाडो हिउँ तुसारो, गर्मी यामका हुरी, झरी, वर्षा आदि उपन्यासका परिवेश हुन् ।

उपनयसमा लङ्गडाको दुःखदायी जीवनचर्यामार्फत दार्जिलिङको एक डेढ वर्षको प्रत्यक्ष परिवेश चित्रण भए पनि यसको परिवेश वर्णित रहेको छ ।

*आकारबाट खसेको मुसलधारे पानीले चोकको फाँट पखालिरहेथ्यो । (पृ. ६०)*

*त्यहाँबाट सरेर कसैको दलानमा आश्रय लिने उसले विचार गऱ्यो । (पृ. ६१)*

त्यसैले आफ्ना बलिया पाखुराले लङ्गडाका हात तानेर घसार्दै पर ल्यायो र सिँढीको ओरालोमा मुन्ट्याइदियो । लङ्गडो सिँढीमा लड्दै तल खस्यो र बेहोस भएर लडिरह्यो ।

उपर्युक्त उदाहरणबाट लङ्गडाको साथी उपन्यासमा अपाङ्ग र गरिबहरूप्रति पुँजीवादी विकृति बनाएको आम समाजको मनोवृत्तिलाई परिवेशका रूपमा यथार्थ चित्रण गरिएको छ ।

उपन्यास लघु आयामको भए तापनि यसले कथ्य अर्थात घटनाभन्दा व्यापक परिवेश समेटेको छ । यस उपन्यासमा दार्जिलिङको आम सेरोफेरो विशेष गरी महाकाल बाबाको थान, नगरपालिका भवन, स्टेसन, बिजुली घर, चोक बजारको परिवेशमा लङ्गडाले बिताएका दयनीय कारुणिक जीवनलाई उपन्यासको परिवेश बनाइएको छ । चुरोट तान्ने अल्लारे केटीको हात समाई सिनेमा हेर्न जाने युवकहरू :

*एकछिनपछि त्यो रेस्टुराँभित्रबाट एकजना ठिटो र दुइटी ठिटी निस्के । हातमा सिगरेटको टिन र मुखमा सिग्रेटको ठुटो च्यापेका थिए । (पृ. ५१)*

उपर्युक्त उदाहरणबाट लङ्गडाको साथी उपन्यासमा अल्लरे युवायुवती, ठुलाबडा, मगन्ते, अपाङ्ग र श्रमजीवी वर्गको जीवन्त परिवेश चित्रण रहेको छ ।

### ३.२.४ समय

समय उपन्यासमा विभिन्न घटनाहरू विभिन्न समय, स्थान, वातावरण आदिमा घटित हुन्छन् । तसर्थ यो उपन्यास वि. सं. २००८ मा रचिएको हुँदा त्यस समयमा दार्जिलिङको महाकाल बाबाको थान वरिपरिको सेरोफेरोलाई लिइएको छ । उपन्यसमा एक-डेढ वर्षभित्रको समय अन्तरालका घटनालाई समेटिएका छन् यसलाई तलका उदाहरणबाट स्पष्ट पार्न सकिन्छ ।

*बिहानको चिसो हावाको प्रबल आघात खाएपछि बल्ल यो मानिसको निन्द्रा टुट्यो र जुर्मुराउँदै उठ्यो । एक्कासि दुःस्वप्नबाट झस्केर ब्यूँझेजस्तो गरी उठेर ऊ टुक्रुक्क बस्यो । (पृ. ४)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासका कुनै भागमा बिहानको घटना सन्दर्भ दिएको पाइन्छ । यहाँ सिधै 'बिहानको' भनिएको छ । चिसो हावा, जाडाको समय, बिहानीपखको मौसम रातभरिको निन्द्रा खुलेपछि व्यक्त भएको सन्दर्भले यो बिहानको समयलाई सङ्केत गरेको छ ।

**लङ्गडाको साथी** उपन्यासभित्र समयलाई हेर्दा दार्जिलिङको सहरमा बिहानीपखको झुल्के घामसँगै उपन्यासको सुरुवात भएको छ ।

*'महाकाल बाबाको थानमा मिर्मिरे घाम झुल्किसक्दा पनि पश्चिमपट्टि फर्केरको दार्जिलिङको चोक बजारमा घामै झुल्केको थिएन ।' (पृ. १)*

उपन्यासमा घटेका विभिन्न घटना सन्दर्भहरू विभिन्न समय परिवेशमा घटेका छन् ।

*'महाकाल बाबाको थानवरिपरि रातभरि शीत र चिसो हावाले काम्न लागेका रुखहरू ...। (पृ. १)*

यहाँ रातभरिको विषय प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

*'माघ-फागुनको उत्कट जाडो' (पृ. २)*

यहाँ हिउँदको समय मुटु छेड्ने जाडोको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

*यस्तै जाडाले बिहान एकदुई मानिसहरू छातीमा मुन्टो घुसारेर दुवै हात पकेटमा हाली .... । (पृ. २)*

यहाँ एकातिर हिउँदको चिसो मौसम त अर्कातिर बिहानको समयलाई देखाइएको छ ।

यस उपन्यासको प्रमुख पात्र लङ्गडो दिनभरिको समय सडकपेटीमा बसेर मागिरहन्थ्यो भने रातभरि महाकाल बाबाको थान ओरालामा टिनले बारको झुप्रो थियो, त्यहीँ वास बस्ने गर्थ्यो । रातको समयमा चिसो हावा, झरीबादल, छेक्ने ओत राम्रो थिएन भने दिनमा पनि समाजबाट अपहेलित भएर बाँच्न परेको क्षणलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

केटाकेटीहरूको टिफिनको समय लङ्गडालाई निकै कष्टकर हुने गर्दथ्यो । उनीहरूले भुइँभालु भनी गिज्याउँदा लङ्गडालाई सह्य हुँदैनथ्यो । यसरी लङ्गडाको जीवनको लगभग आदि समयबाट उसका दुखका दिन रात सुरु भएको प्रसङ्गलाई उपन्यासमा देखाइएको छ । दुःखका समयको साथसाथै खुसीका क्षणहरू पनि हुने गर्दथे ।

*'घण्टौंसम्म त्यहाँ बसेपछि कहिले उसले रोटीका टुक्रा वा मिठाइ पाउँथ्यो । कि त उब्रेको भात मासु र बासी तरकारी पाउँथ्यो । यसरी उसले खानका लागि केही कुरा पाएपछि खुसी भएर लौ हजुर गरिब गुरुवालाई दया गर्नु भो ।' (पृ. ९)* भन्ने गर्दथ्यो ।

यसरी उसका कष्टकर जीवनमा पनि खुसीका पलहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ । लङ्गडालाई देखाउन उपन्यासमा विभिन्न समयमा विभिन्न घटनाहरू भएका कुरा देखाइएका छन् । यसमा दुःख-कष्टको सामना गर्नुपर्ने बाध्यताको क्षणलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

यसरी विभिन्न समयका विभिन्न घटनालाई प्रस्तुत गर्दै अन्त्यमा लङ्गडाको मृत्युको क्षणलाई उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसपछि उपन्यासको विषयवस्तुलाई एकसाता पछिको दुई दिन, अर्को दिन गर्दै दश महिना पछिको समयका घटेको घटनालाई उपन्यासको विषयवस्तु बनाई उपन्यास तयार गरिएको छ ।

समग्रमा कुनै पनि घटनाहरू कुनै पनि परिवेश र वातावरण र समयमा घटित भएका हुन्छन् । **लङ्गडाको साथी** उपन्यास बिहानीपखको झुल्के घामसँगै सुरुवात भई उपन्यासका विषयवस्तु देखाउने क्रममा विभिन्न घटनामा विभिन्न क्षणको सृजना गराइएको छ ।

**लङ्गडाको साथी** उपन्यासको प्रमुख पात्र लङ्गडाको आधा समयबाट मात्र लङ्गडो भएको प्रसङ्गलाई जोडिएको छ । लङ्गडो भएपछिको मानव भएर पनि मानवबाट नै तिरस्कृत हुनुपर्दाको समय लङ्गडाको भोगाइलाई विषयवस्तु बनाइएको छ ।

## ३.३ सहभागी

सहभागी पाठको स्थिति सन्दर्भलाई विश्लेषण गर्ने अर्को अवधारणा हो । यो पाठको अमूर्त पक्ष हो यसले पाठमा महत्वपूर्ण भूमिका खेल्दछ ।सहभागी सम्बन्धले वक्ता र स्रोता बिचको सम्बन्धलाई जनाउँदछ । सहभागीहरूको भ्रमिका तह र सम्बन्धलाई व्यक्त गर्दछ ( ह्यालिडेर हसन १९९१:१२) ।भाषा र सन्दर्भका बिचको सम्बन्धबाट सहभागीको पहिचान अर्न्तवैयक्तिक बन्ने उल्लेख गरेका छन् । (ह्यालिडे हसन : १९९१: २९ ) यसले थप विस्तृत ढङ्गले डिजिक (१९९७)मा सहभागीको भूमिका संरचना भनी उल्लेख गरिएको छ । स्थितिका प्रकार र पाठ बिचको व्ययस्थित सम्बन्ध नै सहभागी हो ह्यलीडे (हसन, १९९१) ले सहभागीलाई पाठको विश्लेषणमा उपयोग गर्न दुई आधार प्रस्ताव गरेका छन् । यसैलाई डिजिकले पाठको अर्थ उत्पादनमा सहभागीको भूमिका विश्लेषण गर्न कसले सहभागीता जनाएको छ । सहभागीको स्वभाबगत प्रकृति कस्तो छ त्यसको स्तरले कस्तो सम्बन्ध कायम गरेको छ । स्थिर र अस्थिर सम्बन्ध के छ भन्ने कुरालाई समैट्दै समग्रमा भाषिक समूहका बिचमा कायम गरेको सम्बन्धको अध्ययन यस अर्न्तगत गरिन्छ (डिजिक : १९९७: २३८) त्यसै गरी डिजिकले लेखक (पाठक निर्माताले खेलेको भूमिकालाई पनि सहभागी) सन्दर्भ आयामअर्न्तगत भनेका छन् । सहभागीको आपसी सम्बन्ध तहगत समान मित्रवत् सामान्य परिचयात्मक र निरपेक्ष किसिमले पाठमा आउन सक्छ । यसलाई सामाजिक सन्दर्भले प्रभाव परिरहेको हुन्छ । त्यसैले सहभागीको. भूमिका निर्धारण भनेको सामाजिक

सन्दर्भबाट व्यक्त हुने विषय हो । विस्तृत सामाजिक सन्दर्भसँग व्यक्तिको जीवन पृष्ठ सम्बन्धित हुन्छ । यसलाई सामाजिक दूरी भन्न सकिन्छ (ह्यलिडे हसन १९९१: ५०) । सहभागीको सामाजिक दूरीले सम्प्रेषण र कोडमा समेत प्रभाव पर्दछ । भाषाको अन्तर्वैयक्तिक प्रक्रियासँग सन्दर्भका तहमा सहभागीको भूमिका निर्धारण हुन्छ ।समख्यात्मक विधामा सहभागीको भूमिकालाई निकै महत्त्व दिइन्छ । सहभागीको व्यक्तित्व हेतुत्व सहभागीको परिस्थिति, सहभागीको संवाद क्रिया आदिका आधारमा पाठमा सहभागीको आवश्यकतालाई पत्तालगाउन सकिन्छ । सहभागीको बिचमा हुने संवाद क्रियामा सहभागीको आशयसमेत अन्तर्निहित भएर आएको हुन्छ । यसरी कथाका सहभागी संवादात्मक तथा मनोवादात्मक अंश पटक पटक दोहोरिएर आउने घटना ,तथ्य , सन्दर्भ कथाको सूत्र हो । ( अब्राम्स २००५: १७७) सहभागीको संवाद क्रियामा प्रारम्भप्रति उत्तर अनि समाधानको चालहरू हुन सक्छ । संवाद क्रियाका निकटस्थ युग्मको परीक्षणबाट प्रारम्भ चालमा विषय प्रवेशप्रति उत्तरात्मक चालमा सहभागीका आसयको टुङ्गो लाग्छ । त्यो चाल सकारात्मक वा नकारात्मक दुवै हुन सक्छ ।

सहभागीका बिच हुने संवाद क्रियाको अध्ययनका लागि पालो ग्रहण व्यवस्थालाई पनि महत्वपूण पक्ष मानिन्छ । सहभागीहरू एक पछि अर्को गर्दै कुरा राख्दै जाने एउटा ढाँचा वा क्रमको व्याख्या पालो ग्रहण व्यवस्थामा गर्न सकिन्छ । वक्ता र स्रोता बिच हुने संवादको वितरणको निश्चित क्रम निर्धारित हुन्छ । यस क्रममा संवाद अवश्य पनि प्रष्ट हुन्छ कुनै पनि संवादमा सहभागी एकै पटक बोल्दैनन् । चालु अवस्थामा बोल्ने वक्ताले पालोको निर्माण गरिदिन्छ । चालु अवस्थामा रहेको वक्ताले दोस्रो वक्ताको चयन गर्ने अथवा धारणा व प्रतिउत्तरको अपेक्षा सहित स्रोता चयन नगरी खुल्ला रूपमा अन्यलाई पालो पनि दिन सक्दछ। ( मेई २००१: १३९) दोस्रो वक्ताको चयन र संवाद विभिन्न सङ्क्रमण स्थलहरू बन्दछन् । (मेईः २००१ : १३९) संवादमा पुरा वाक्यको प्रयोगभन्दा पनि असमापक निपात , विस्मायादिबोधक आदिबाट पनि कथन क्रिया आशयपूर्ण बन्दछ । दोस्रो वक्ताले पालो पाउँछ । संवादमा आउने असमापक चिह्नले पनि पूर्ण वाक्य सरह कार्य गर्दछ । कतिपय अन्त्यबोधक शब्दहरूको प्रयोगबाट सहभागीले अरू कुरा बोल्न नचाहेको कुरालाई जनाउँदछ (माल्कम, २००१ : ६५) । हाउभाउ स्थिरता, भाषिक व्यवहार, पृष्ठपोषण, निकटस्थ युग्ममा आएका संवादका अध्ययनले सहभागीको भूमिका आशय र हेतुत्व पत्ता लगाई पाठमा प्रयुक्त संवाद क्रियाको आशय पत्ता लगाउन सकिन्छ ।

**लङ्गडाको साथी** उपन्यासमा सानो आकारको भएकाले यसमा थोरै पात्र (सहभागी) हरू छन् । यो उपन्यास एउटै मात्र प्रमुख पात्र लङ्गडाका वरिपरि घुमेको छ । यसका सब घटनाहरू लङ्गडाका सेरोफेरोमा घुमेको छ । यस आधारमा यो उपन्यास घटनाभन्दा पात्र सशक्त भएको भान हुन्छ । यसमा लङ्गडो प्रमुख तथा केन्द्रीय पात्र हो । यस उपन्यासको अर्को पात्र मानवेतर पात्र कुकुर छ । कुकुर लङ्गडाको साथीको रूपमा चित्रित छ । कुकुर उपन्यासको सहायक पात्र (सहभागी) हो । उपन्यासमा स्कुले केटाकेटीहरू विभिन्न युवायुवतीहरू, जुबिली बङ्गलामा बस्ने केटी, दुधवाला, भलादमी, कोइला कुल्ली, रमितेहरू जस्ता थुप्रै पात्रहरू छन् । सहभागीका पनि विभिन्न भूमिका हुन्छन् ।

## ३.३.१ व्यक्तित्व

सहभागीको गुण वा भाव असामान्य रूपले कुनै व्यक्तिमा देखिने गुण हो । **लङ्गडाको साथी** उपन्यासभित्र घटना र प्रसङ्गअनुरूपका विभिन्न गुण (स्वभाव) हरू व्यक्त भएका छन् । सहभागीको आनीबानी, स्वभाव, गुण वा भाव असामान्य रूपमा कुनै व्यक्तिमा देखिनु नै उसको व्यक्तित्व हो । **लङ्गडाको साथी** उपन्यासभित्रका विभिन्न पात्रहरूका आ-आफ्नै गुण र स्वभाव रहेका छन् । यसलाई तल सविस्तार विश्लेषण गरी प्रस्ट पारिएको छ ।

> *एकछिनपछि त्यसको मनमा के विचार आयो, त्यसले मुखभरि बिँडीको धुवाँ तानेर नाकमा फु गरेर फुकी दियो । त्यति गरेपछि बल्ल त्यो कुकुर पनि कान फटफटाउँदै उठ्यो । मन नपरी-नपरी आङ तन्कायो अनि लामो जिब्रो निकालेर हाइ काढ्दै त्यस मानिसको मुखमा पुलुक्क हेऱ्यो । कुकुरलाई हेरेर तयो मानिस मुसुक्क हाँस्यो फेरि आफ्ना दुबै घुँडाको माझमा मुन्टो त्यसले घुसायो र बिँडी तान्न थाल्यो । (पृ. ४)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासको प्रमुख पात्र लङ्गडाको एउटा शारीरिक अशक्तताका बाबजुद पनि आफ्नो साथी मानिएको कुकुरसँग ख्यालठट्टा गर्ने र जीवन सकारात्मकतातर्फ लाने प्रयास देखिन्छ । बिँडीको धुवाँ कुकुरको नाकमा फुकिदिनु, कुकुर निद्राबाट ब्यूँझिएको देखेर हाँस्नु जस्ता ठट्टाका कार्यले लङ्गडामा आफ्नो दर्दलाई बिर्सिएर आनन्दको जीवन जिएको ठट्यौली स्वभाव व्यक्त भएको छ ।

### ३.२.१.१ लङ्गडो

'लङ्गडो' यस उपन्यासको केन्द्रीय तथा प्रमुख पात्र हो । 'लङ्गडो' मानवतावादी चरित्र भएको पात्र हो । कसैले उसलाई इङ्गित गरी उसका बिग्रेका अङ्गलाई गिज्याउँदा उसलाई नराम्रो लाग्ने गर्दथ्यो ।

> *'मानिसहरूले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे ।' (पृ.६)*

लङ्गगडो समाजमा शारीरिक रूपमा मानिसभन्दा फरक थियो । ऊ अन्य मानिससरह हिडडुल गर्न सक्दैनथ्यो । दुबै खुट्टा घसारेर लट्ठीका सहारामा सडक गल्लीमा माग्न हिड्थ्यो । त्यसैले सडकपेटीमा हिँड्ने सबलाङ्ग व्यक्तिहरूले लङ्गडाका अङ्ग हेरी हाँस्ने गिज्याउने गर्थे । लङ्गडो भने भद्रभलादमी व्यक्ति भएकाले टुलुटुलु हेरिरहन्थ्यो, केही प्रतिवाद गर्दैनथ्यो । तर उसको हेराइमा भने भयानक घृणा वा प्रतिहिंसाका भाव जाग्रित हुन्थे । लङ्गडो शारीरिक रूपमा अशक्त भए तापनि मानसिक रूपमा भने सचेत व्यक्ति थियो । सडकमा मागेर खानु उसको बाध्यता थियो । लङ्गडालाई त्यसरी जिस्क्याउँदा केटाकेटीलाई खेद्ने गर्थ्यो तर ठुलाबडालाई भने घृणभावले हेर्थ्यो मात्र । यहाँ बुद्धि र धन भएका ठुलाबडा भनिएका व्यक्ति भए पनि अशक्तप्रतिको हेपाइको भावना र लङ्गगडो अशक्त र सडकपेटीमा मागेर खाने भिखारीबिचको महानताको कुरालाई प्रस्ट्याउन खोजिएको छ । लङ्गडो भिखारी भए पनि ठुलाबडाप्रतिको सम्मानको भावना र ठुलाबडा भनिएका सबलाङ्ग व्यक्तिहरूले लङ्गडालाई हेर्ने दृष्टिकोण र गर्ने आमानवीय व्यवहारको तुलनात्मक अभिव्यक्ति प्रस्ट पारिएको छ ।

यसैगरी लङ्गडाको व्यक्तित्वको कुरा गर्दा लङ्गडो दयनीय भावनाको व्यक्तित्व भएको व्यक्ति हो । उदाहरणका लागि :

> *'भोक तिर्खा भनेको सबैको उही हो, के हामी मानिस, के पशु ! बरा यो पनि मजस्तै होला, यो पनि त अर्काको दया र भिक्षाले संसारमा बाँचिरहेको होला । (पृ. १०)*

लङ्गडो आफैँमा अशक्त, हात थापेर खानु पर्ने बाध्यताको व्यक्ति हो । तैपनि ऊसँग एउटा गल्लीमा डुल्ने एउटा कुकुर थियो । लङ्गगडाले त्यो कुकुरलाई पशु नसम्झी आफ्नो प्रिय पात्र, आत्मीय मित्र सम्झन्थ्यो । एक टुक्रो रोटी र एक गाँस बासी भात दिन नसकेर कुकुरलाई लखेट्ने मानव व्यवहारप्रति लङ्गडाले आफ्नो गाँस काटेर रोटीको टुक्रा वा अन्य खाने कुरा दिन्थ्यो । दुःख परेकाले मात्र दुःख र कष्ट बुझ्दछन् तर लाउन खान पुगेका

सम्पन्न व्यक्ति वा मानिसहरूमा दुःख कस्तो हुन्छ महसुस हुँदैन भन्ने कुराको सन्देश दिएको छ भने अर्कातिर कुकुरलाई आफूसँगै राखी खाने कुरा दिई माया गरेकाले लङ्गडो असल व्यक्तित्व भइको सहभागी (पात्र) हो । लङ्गडो मानव भएर पनि मानवप्रति अमानवीय व्यवहार गरिएकोप्रति दुःखी थियो । त्यसैले पनि लङ्गडो असल व्यक्तित्व भएको पात्र हो ।

> *'एउटा पसले आफ्नो पसल थुन्न लागेको थियो । लङ्गडो त्यहीँ गएर ओत लाग्न खोजेको तर पसलेले भित्रबाट लङ्गडालाई देखिहाल्यो ! पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा ऊ एकछिनसम्म यताउता गरिरह्यो ।' (पृ. ५८)*

लङ्गडो न घर न आफन्त कोहीविनाको बेसहारा व्यक्ति हो जो सडकपेटीमा मागेर आफ्नो पेट पाल्न बाध्य थियो । राम्रो बसोवास भएका धनीमानी मानिसहरूले पानीझरी, आँधी, हुरीमा ओत लाग्न पनि दिँदैनथे ।

समग्रमा, लङ्गडो उपन्यासको सुरुदेखि अन्त्यसम्म एउटै भूमिका वा चरित्रमा रहेकाले स्वभावका आधारमा स्थिर चरित्र भएको पात्र हो । जीवन चेतनाका आधारमा लङ्गडो व्यक्तिगत पात्र भए पनि भिखारी वर्गमा पर्ने चरित्रको पात्र पनि हो । उपन्यासमा केन्द्रीय भूमिका रहेकाले लङ्गडालाई हटाउन नमिल्ने आबद्ध उपन्यासमा आएको अर्को मानवेतर पात्र कुकुरलाई सहारा दिने, खुवाउने, माया गर्ने लङ्गडामा अभिभावकको व्यक्तित्व भएको, दार्जेलिङमा नियतिले ठगेको यथार्थ सहभागी (पात्र) हो ।

### ३.२.१.२ कुकुर

यसैगरी **लङ्गडाको साथी** उपान्यासको सहायका मानवेतर पात्र कुकुर हो । उपन्यासमा लङ्गडाको साथी, आफन्त, प्रिय पात्रका रूपमा चित्रित छ । उदाहरणका लागिः

> *"यो कुकुरलाई यसरी धपाउँदा पनि जाँदैन । मेरा पछिपछि लागिरहन्छ तर भोक तिर्खा भनेको सबैको उही हो, के हामी मानिस, के पशु ! बरा, यो पनि मजस्तै होला ।" (पृ. १०)*

यसरी लङ्गडो बाटो, सडक, गल्लीमा घुम्दाघुम्दै एउटा भतुवा कुकुर पनि पछिपछि हिँड्ने गर्थ्यो । यसरी हिँड्दाहिँड्दै लङ्गडाले कुकुरलाई जति धपाउन खोजे पनि कुकुर लङ्गडालाई पछ्याइरहन्थ्यो । आखिर लङ्गडाले धपाउँदा पनि नछोडेपछि त्यसलाई नै आफन्त, मित्र ठानेको थियो । लङ्गडाले कुकुरलाई आफन्तजस्तै माया गर्थ्यो । कुकुरलाई अँगालेर आफ्नो छातीमा टाँस्थ्यो । कुकुरले लङ्गडालाई आफन्त नै ठान्थ्यो । एकैछिन छोड्दैनथ्यो । मानवेतर प्राणी भए तापनि उपन्यासमा कुकुर पनि लङ्गडाका मित्रका रूपमा असल

व्यक्तित्वको चरित्र भएको प्राणीका रूपमा उपस्थित गराइएको छ । अर्को उदाहरणका लागि :

*"छेउमा बोलाएर खाने कुरा दिन्थ्यो । एकछिन मुसार्थ्यो । कुकुर पनि दिनभरि लङ्गडासितै बसिरहन्थ्यो ।" (पृ. ११)*

लङ्गडो बेसहारा जीवन बिताइरहेको भिखारी थियो । कुकुरलाई भिखारीले जति धपाउँदा पनि कुकुरले लङ्गडाप्रति देखाएको माया ममताले गर्दा लङ्गडाले कुकुरलाई धपाउन नसकेर आफन्तका रूपमा अँगालेको पाइन्छ । लङ्गडाले कुकुरलाई आफ्नो भाग काटेर दिन्थ्यो । किनेर खुवाउँथ्यो । कुकुर पनि लङ्गडालाई नछोडीकन साथमा यताउति गर्थ्यो । कहिलेकाहीँ लङ्गडो कतै गइहाल्यो भने पनि कुकुरले खोज्ने गर्थ्यो भने दिनभरि लङ्गडालाई नछोडी सँगै बसिरहन्थ्यो ।

कहिलेकाहीँ लङ्गडो बिरामी पर्थ्यो । बिरामी परेको समयमा कुकुर गल्लीको नालीमा मुख गाडेर खाने गर्दथ्यो । कुकुर त पशु हो, त्यसरी खान पनि मिल्छ, तर लङ्गडो त मानिस हो यसरी खानलाई उसको आत्माले मान्दैनथ्यो । लङ्गडो भोकभोकै बस्थ्यो । कुकुरले यसरी खाएको पनि लङ्गडालाई रिस उठ्थ्यो । त्यस्तो फोहोर नखाइदिए हुन्थ्यो भन्ने भावनाले लङ्गडाले कुकुरलाई भन्थ्यो -

*" काठा ! मैले खान दिइँन भने तँ लपलप गरी हिँड्छस् ?" (पृ. २६)*

लङ्गडो अशक्त भए तापनि मागेर खान लाज मान्थ्यो । कुकुर बोल्दैनथ्यो तर पनि उसमा एक प्रकारको भाव झल्किरहेको थियो । लङ्गडाको गाली सुनेर कुकुर चुप लागेर आँखा झिमझिम गर्दै हेरिरहन्थ्यो । मानौँ, अव्यक्त भावमा भनिरहेको हुन्थ्यो -

*"तिमी त मान्छे भयौ साथी ! म कुकुर भएँ । मैले नालीमा मुख गाडेर खाने कुरा खाए पनि तिमी त त्यसो गर्न सक्दैनौ ।" (पृ. २६)*

उपर्युक्त उदाहरणबाट लङ्गडाको साथी कुकुर पशु भएकाले नालीमा मुख गाडेर भए पनि खाने कुरा खोजेर पेट भर्न सक्छ तर लङ्गडो मानिस हो ऊसँग यस्तो कार्य गर्ने बानी छैन । चाहे पेटभरि होस् वा खाली । तर, कुकुरबाट पनि आफ्नो मित्र लङ्गडालाई भोकै छ । त्यसरी खान मिल्दैन भन्ने अभिव्यक्ति व्यक्त भएको पाइन्छ । यसरी कुकुर लङ्गडाको साथीको चरित्रमा मित्रताको भावना राख्ने स्वभाव भएको मानवेतर प्राणीका रूपमा प्रस्तुत गरिएको छ । कुकुर लङ्गडालाई एकछिन छोड्दैनथ्यो । अचानक एक दिन कुकुर हरायो । लङ्गडो पनि

सिकिस्त बिरामी पऱ्यो । बिरामी परेर थला परेपछि कुकुर पनि आयो तर लङ्गडो अन्तिम भइसकेको थियो ।

> *'एक दिनपछि उसले आँखा उघाऱ्यो र टाउको अलिकति उठाएर चारैतिर हेऱ्यो । चारैतिर हेर्नुभन्दा पहिले उसले आफ्नो साथी कुकुरलाई छेउमा बसिरहेको पायो । (पृ. ६५)*

यसरी कुकुर र लङ्गडाको बिछोड भएको केही दिनपछि लङ्गडो सिकिस्त बिरामी पऱ्यो । त्यसैबखतमा कुकुर पनि आएको छ तर लङ्गडो सिकिस्त भएकाले उठ्ने अवस्था थिएन ।

> *उसले कुकुरलाई करुण दृष्टिले हेरिरहेको थियो । त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो बन्धुले रुँदै विदा मागिरहेको जस्तो थियो । (पृ. ६६)*

यसरी कुकुर लङ्गडाको आत्मीय मित्र भएकाले लङ्गडो कुकुरलाई अधिक माया गर्थ्यो । कुकुरसँग त भेट भयो तर लङ्गडाको अन्तिम क्षण भइसकेको थियो -

> *'सारै कष्टसित उसले हात पसाऱ्यो र कुकुरलाई वर तानेर अँगाले हाल्यो तर निश्वास क्षीण हुँदै गइरहेको थियो । (पृ. ६६)*

लङ्गडाले कुकुरलाई आफ्नो साथी, प्रिय पात्रका रूपमा लिएको थियो । मर्ने समयमा पनि कुकुरलाई नै अँगालो हालेर उसको प्राण जान्छ । केही दिनसम्म कुकुर एक्लै भौतारिन्छ तर कुकुर पनि अन्तिममा मर्छ । मरेपछि पनि उनीहरूको हाड एकै ठाउँमा भेटिन्छ ।

उपन्यासमा सहायक पात्रका रूपमा प्रस्तुत गरिएको कुकुर बिचबिचमा हराउँदै भेटिँदै लङ्गडाको मृत्युमा साथसाथै रही असल मित्रता देखाउने पात्रका रूपमा उपस्थित छ । उपन्यासमा केन्द्रीय पात्रको समाप्तिपछि पनि केही भूमिका रहेको देखाइएको छ भने मृत्युपश्चात पनि कुकुर र लङ्गडाको हाड सँगै भेटिएकाले पृथ्वीको तहभन्दा पनि माथि पशु र मान्छेको आत्मीयताको परिचय दिइरहेको पाइनुका साथै कुकुर लङ्गडाको बिरामी पर्दा, खाँदा बस्दा सँगसँगै भएकाले र मर्दा पनि सँगै साथ नछोडेकाले असल मित्रता भएको प्राणी मानिन्छ ।

### ३.२.१.३ अन्य पात्रहरू

यसैगरी 'लङ्गडाको साथी' उपन्यासमा गौण पात्रहरू पनि प्रशस्तै रहेका छन् । तिनीहरू पनि आ-आफ्नै ठाउँमा आ-आफ्नै गुण र स्वभावअनुसारको व्यक्तित्वमा आधारित रहेका छन् ।

उपन्यासमा उपस्थित लङ्गडालाई तनाव दिने केटाकेटी (स्कुले) उपन्यासका खराब चरित्रका पात्र हुन् ।

*'टिफिनको छुट्टीमा दलका दल मिलेर आउँथे अनि लङ्गडालाई सडकमा देख्नासाथ भुइँभालु भनि जिस्क्याउँथे ।' (पृ. ८)*

उपर्युक्त उदाहरणअनुसार स्कुले केटाकेटीहरू यस उपन्यासका खराब पात्र हुन् । लङ्गडो जस्तो असक्त व्यक्तिलाई सहयोग गर्नुको सट्टा तनाव दिने कार्यमा सहभागी भएका हुन्छन् । उनीहरूले लङ्गडालाई खोजीखोजी जिस्क्याउने र भाग्ने गर्थे । लङ्गडाका दुःखमा रमाउने र हाँस्ने गर्थे ।

यसैगरी पसलमा बस्ने रमिते, पुलिस तथा कोइला पसलको मालिक, सडकमा गाली गर्ने सबै मानिसहरू खराब व्यक्तित्व भएका असत सहभागी पात्र हुन् । किनकि उनीहरूले लङ्गडालाई कतिबेलै पनि सहयोग गरेका थिएनन् ताकि यिनीहरू कुनै पनि राम्रो काममा सामेल भएका छैनन् । सहयोगको भावनाको सट्टा तनाव दिने, दुःखमा टुलुटुलु हेर्ने, हास्ने जस्ता क्रियाकलापमा सहभागी भएका छन् ।

जुबिली बङ्गला बस्ने युवती, ड्राइभर र कोइला मजदुर भने असल व्यक्तित्व भएका पात्र हुन् । उनीहरू सहयोगी भावनाका थिए । उपन्यासमा लङ्गडालाई  एकदुई रुपैयाँ दिएर सहयोग गरेका छन् ।

*'बङ्गलामा बस्ने बङ्गाली परिवार सम्पन्न थियो । त्यस परिवारमा एउटी सुन्दर युवती थिइन् । ती निकै दयालु पनि थिइन् । तिनले लङ्गडालाई भेटेका बखतमा सधैँ ब्यागबाट एक रुपैयाँ झिकेर दिन्थिन् ।'(पृ. २१)*

बङ्गाली परिवारकी सुन्दर युवती आमा जातकी ममतामयी वर्गीय चरित्र वा व्यक्तित्वकी सहभागी वा पात्र हुन् । त्यस्तै उपन्यासमा उपस्थित ड्राइभर र कोइला मजदुर श्रमिक तथा गरिब वर्गका सहभागी (पात्र) हुन् । यसैगरी उपन्यासमा उपस्थित पुलिस प्रशासनिक व्यक्तित्व भएको सहभागी (पात्र) हुन् । स्कुले केटाकेटी कुन काम गर्दा के परिणाम हुन्छ भन्ने थाहा नभएका अपरिपक्व व्यक्तित्व भएका सहभागी (पात्र) हुन् । उपन्यासमा अन्य थुप्रै पात्र युवायुवतीहरू पनि उपस्थित गरिएका छन् । तिनीहरू मोजमज्जा र मनोरञ्जनमा लिप्त रहेका छनु । स्वार्थी व्यक्तित्वका सहभागी वा पात्रका रूपमा उपन्यासमा वर्णित छन् ।

### ३.२.२ हेतुत्व

घटनाक्रमअनुसार सहभागीले कुनै काम गर्दा अप्रत्यासित रूपमा घटित क्रियाप्रतिक्रिया नै हेतु हो । अथवा सहभागीले कुनै कार्य गर्दा त्यसबाट अर्को कुनै कुरा घटित हुनु हेतुत्व हो । जसको कुनै कारण, प्रयोजन वा मतलब हुन्छ ।

**लङ्गडाको साथी** उपन्यासका सहभागीहरूले विभिन्न क्रियाकलाप गरेका छन् । तिनमा कतिपय घटनामा तत्काल नै प्रतिक्रिया वा त्यसको प्रभाव प्रभाव परेको देखाएको छ हेतुत्व सहभागीले अप्रत्यासित रूपमा गरेका घटनाक्रमअनुसार क्रियाप्रतिक्रियाको भूमिका पनि निर्वाह गरेका हुन्छन् । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*कति वर्षदेखि यस्तै जीवन उसले यापन गरिरहेको थियो । त्यसैले कुनै केटाकेटी आफ्नो अधिल्लतिरबाट गइरहेको छ भने उसले सत्रु सम्झन्थ्यो भयातुर दृष्टिले त्यसलाई हेर्दथ्र्यो । केटाकेटी देख्नेबित्तिकै उसले यस्तो शङ्कित हृदयले हेर्दथ्यो । जस्तो टोक्ने बानी भएको कुकुरले हिँडिरहेको मानिसलाई कर्कर हेदर्छ । (पृ. ७)*

उपर्युक्त उदाहरणबाट लङ्गडाले दिनहुँ चोक गल्लीमा केटाकेटीहरूका जिस्क्याइबाट ऊ त्रसित भइसकेको थियो । तसर्थ केटाकेटी आफ्नो अगाडि गहिरहेका छन् भने उसले शत्रु सम्झनु, भयातुर दृष्टिले हेर्नु, टोक्ने कुकुरले जस्तो शङ्कित हृदयले हेर्नु उसलाई मानवीय भाव नभएका व्यक्ति (केटाकेटीबाट) ऊ त्रसित हुनु नै कारण थियो । यसमा कुनै आलङ्कारिकता नभई भोगाइबाट बदलाको भाव रहेको पाइन्छ ।

*'सहरका बदमास केटाकेटीहरूको एक दल थियो । तिनीहरू उसलाई भुइँभालु भनी खिज्याउँथे ।' (पृ. ६)*

माथिको उदाहरणमा दार्जिलिङ सहरको महाकाल बाबाको थान नजिक सडक गल्लीमा मागी हिँड्ने भिखारी थियो । जसका दुईवटै खुट्टा भाचिएका अवस्थामा थिए । त्यही भिखारी लङ्गगडो उपन्यासको प्रमुख पात्र हो । त्यहाँ एउटा स्कुल पनि रहेको हुन्छ । त्यही स्कुलका केटाकेटीले लङ्गडालाई जिस्क्याउने र गिज्याउने कार्य गर्दछन् । त्यसको लङ्गडाले प्रतिकार गर्दछ । 'सुकेर खुम्चिएका दुवै खुट्टा घसार्दै लङ्गडाले दुवै हातको काठ छिटोछिटो सार्दै आफूलाई गिज्याउने केटाहरूलाई लखेट्थ्यो ।

*असिन पसिन हुँदै ती शत्रुलाई खेद्न छाड्दैनथ्यो ।' (पृ. ६)*

यहाँ लङ्गडालाई केटाकेटीहरूलाई जिस्क्याउने कार्य गर्दछन् । त्यसरी जिस्क्याएको लङ्गडालाई सहन हुँदैनथ्यो । त्यसको बदलामा लङ्गडाले केटाकेटीहरूलाई लट्ठी उचालेर खेद्नु

लङ्गडाको प्रतिक्रिया हो । आफूमाथि आइलाग्नेलाई बदलाको भाव राखेको यहाँ पाइन्छ । लङ्गडाले आफूलाई जिस्क्याएको मन नपर्नु, लङ्गडाको केटाकेटीप्रतिको बदलाको भाव सिर्जना हुनु हो । लङ्गडो आफू अशक्त हुनु, आफ्ना अङ्गहरू सक्रिय नभएकाले केटाकेटीहरूले उसका अशक्त अङ्गहरूलाई औंल्याउनु, लङ्गडामा उत्पन्न भएको हीनताबोध हो ।

*यसैगरी लङ्गडो दिनभरि बजारमा गएर माग्ने गर्दथ्यो । 'एकन्नी-दुवन्नी हातमा पर्दा ऊ मुसुक्क हाँस्दथ्यो ।' (पृ. ९)*

लङ्गडो सडक बाटो वा बजारमा बसेर हजुर दया गर्नुहोस् न भनी बाटो हिँड्ने मानिसलाई अनुरोध गर्दथ्यो । बाटो हिँड्ने मान्छेहरू पनि कोही दयालु हुन्थे र लङ्गडालाई पैसा दिएर हिँड्थे । पैसा पाएपछि लङ्गडो खुसी भएर मुसुक्क हाँस्थ्यो । यसरी बाटो हिँड्ने मान्छेले एक-दुई पैसा दिने कार्य (कारण) बाट लङ्गडाको मुख उज्यालो भएर हाँस्नु हो । पैसा दिनुको प्रतिक्रिया वा प्रभाव स्वरूप लङ्गडाको मन खुसी भएर हाँस्नु हो ।

### ३.२.३ हाउभाउ

कुनै पनि सङ्कथन वा पाठमा सहभागीको भूमिका आवश्यक हुन्छ । सहभागीले कस्तो सन्दर्भमा कस्तो भूमिका निर्वाह गर्नुपर्दछ त्यसलाई विषयवस्तुले स्पष्ट गर्दछ । सहभागीको भूमिकाअन्तर्गत हाउभाउ पनि आवश्यक तत्त्व हो । यसमा उपस्थित सहभागीले विषयानुकूल प्रभाव उत्पन्न गर्दछ । यस उपन्यासमा लङ्गडाले विभिन्न परिवेशअनुरूप विभिन्न हाउभाउहरू प्रकट गरेको छ भने कतिपय ठाउँमा सहायक पात्र कुकुरले पनि हाउभाउ प्रकट गरेको छ ।

सहभागीको अर्को भूमिकाअन्तर्गत हाउभाउ रहेको छ । यसमा उपस्थित सहभागीले विषयअनुकूल प्रभाव उत्पादन गर्दछ । यसमा लङ्गडाले विभिन्न परिवेशअनुरूप विभिन्न हाउभाउहरू प्रकट गरेको छ । यस्तै सहयक पात्र कुकुरले पनि विभिन्न ठाउँमा भावनात्मक क्षणहरू पनि प्रकट गरेको छ । यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*ती कुराहरू विचार गर्दागर्दै दया र गम्भीर सहानुभूतिले उसको हृदय आर्द्र हुन्थ्यो । कुकुरलाई अँगालेर आफ्ना छातीमा टाँसी जीवनको एउटा साथी बनाउने इच्छा हुन्थ्यो । कुकुरलाई उसले छेउमा बोलाएर खाने कुरा दिन्थ्यो र एकछिन मुसार्दथ्यो । (पृ. १०)*

माथिको उदाहरणबाट लङ्गडा र कुकुरले उपन्यासमा विभिन्न हाउभाउ वा क्षणहरू प्रस्तुत गरेका छन् । लङ्गडो दया र सहानुभूतिले गम्भीर र आर्द्र भई कुकुरलाई अँगालेर

आफ्नो छातीमा टाँस्नु, कुकुरलाई बोलाएर छेउमा राखी उसको जिउ मुसार्दै खानेकुरा दिनु जस्ता भावुक कार्यहरू यस अनुच्छेदमा भएका हाउभाउ हुन् ।

*'बिहानको चिसो हावाको प्रबल आघात खाएपछि बल्ल त्यो मानिसको निद्रा टुट्यो र जुरमुराउँदै उठ्यो ।' (पृ. ४)*

**लङ्गडाको साथी** उपन्यासको प्रमुख पात्र लङ्गडो दिनभरि मागेर हिँड्ने गर्दथ्यो । ऊसँगै एउटा कुकुर पनि साथीका रूपमा उपस्थित भएको छ । उपर्युक्त उदाहरणमा लङ्गडाले बिहान भएपछि निद्राबाट बिउँझेपछि हतारहतारमा जस्तो गरी जुरमुरिँदै उठेको हाउभाउ रहेको छ ।

*'त्यति गरेपछि बल्ल त्यो कुकुर पनि कान फटफटाउँदै उठ्यो ।' (पृ ४)*

उपर्युक्त उदाहरणमा उपन्यासको सहायक पात्र कुकुरले निद्राबाट उठ्दा कान फटफटाएको हाउभाउ स्पष्ट भएको छ ।

*'मन नपरी-नपरी आङ तन्कायो अनि लामो जिब्रो निकालेर हाई काढ्दै त्यस मानिसको मुखमा पुलुक्क हेऱ्यो ।' (पृ. ४)*

उपर्युक्त उदाहरणमा कुकुरले निद्राबाट उठ्दा निद्रा नपुगेको झैँ गरी आङ तन्काई जिब्रो निकालेर हाई गरेको हाउभाउ रहेको छ ।

*'आफ्नो अगिल्तिरबाट ती केटाहरू गइसकेपछि मात्र लङ्गडाले मुन्टो फर्काउँथ्यो र पछिल्तिरबाट राताराता आँखा पारेर छड्के नजरले हेरिरहन्थ्यो ।' (पृ. ५)*

उपर्युक्त उदाहरणमा लङ्गलाई सहरका केटाकेटीहरूले जिस्क्याउँथे, दुःख दिने गर्थे तर लङ्गगडो कहिलेकाहीँ नभनीकन उनीहरू गइसकेपछि मुन्टो फर्काएर छड्के आँखाको हाउभाउबाट उनीहरूलाई घृणाले हेर्ने गर्थ्यो ।

*'कुकुर पनि खुसीले पुच्छर हल्लाउँदै लङ्गडाको अनुहार चाट्ला-चाट्ला जस्तो गर्थ्यो ।' (पृ ११)*

उपर्युक्त उदाहरणबाट लङ्गडो र कुकुर एक-अर्काको आत्मीय मित्र बनिसकेका थिए । त्यसकारण यदि उनीहरूबिच कुनै एक छैनन् भने खिन्न हुन्थे र भेटेपछि एकदम खुसी हुने गर्दथे । त्यसैले यस उदाहरणमा पनि लङ्गडा र कुकुरको बिछोड भएपछिको पुनःमिलनमा लङ्गडालाई भेटेको खुसीमा कुकुरले पुच्छर हल्लाएको हाउभाउका साथ खुसी हुन्थ्यो ।

*'कुकुर पनि आफ्नो दोष स्वीकार गरे जस्तै गरी काँतर भावले पुच्छर हल्लाउँदै लङ्गडाका छेउमा आएर गुडुलिन्थ्यो ।' (पृ. २६)*

उपर्युक्त उदाहरणबाट लङ्गडाले जति गाली गरे पनि छेउमा गएर मायालु भावमा बस्ने गर्थ्यो । कुनै दिन लङ्गडो बिरामी परेका अवस्थामा नालीतिरको फोहोर खान्थ्यो तर लङ्गडालाई यस्तो नालीको फोहोर खाएको मन पर्दैनथ्यो । लङ्गडाले कुकुरलाई गाली गर्ने गर्थ्यो तर पनि कुकुर आफ्नो गल्तीलाई स्वीकार गरी पुच्छर हल्लाएको हाउभाउमा लुटपुटिँदै छेउमा गएर बस्थ्यो ।

*'कुकुर आफ्ना दुवै आँखा झिमझिम गर्दै थुतुनु भुइँमा तेर्स्याएर लङ्गडाको अनुहार यसरी हरिरहन्थ्यो ।' (पृ. २६)*

उपर्युक्त उदाहरणमा लङ्गडाले कुकुरलाई गाली गरिरहँदा पनि कुकुर आँखाको हाउभाउमा झिमझिम गरी लङ्गडालाई हेरिरहेको हुन्थ्यो । यहाँबाट पशुमा पनि एक-अर्काप्रतिको माया र प्रेमको भाव झल्किएको पाइन्छ ।

## ३.२.४ संवाद

पाठमा उपस्थित सहभागीहरू विभिन्न अवस्थामा विभिन्न संवादहरू गर्दछन् । कुनै पनि पाठमा सहभागीहरूबिचको कुराकानी नै संवाद हो । कुनै पाठमा दोहोरो संवाद (कुराकानी) हुन्छ भने कुनै पाठमा एकोहोरो संवाद (एकालाप) हुने गर्दछ । यस्तै **लङ्गगडाको साथी** उपन्यासमा पात्रहरू थोरै छन् । यसमा पनि दोहोरो संवाद कहीँ पनि नरहेको पाइन्छ । एकोहोरो संवाद मात्र रहेको छ ।

पाठमा सहभागीहरू विभिन्न अवस्थामा संवाद गर्दछन् तर 'लङ्गडाको साथी' उपन्यासमा पात्रहरू थोरै मात्र भएकाले एकोहोरो संवाद थोरै मात्रामा रहेको पाइन्छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*अरुबेला दिनभरि बजारमा गएर माग्थ्यो सडको छेउमा बसेर बाटो हिड्नेलाई भन्थ्यो ए हजुर ए हजुर एकदुई पैसा दया होस् न। कहिले काँही कवित्व भाषामा माग्ने गर्थ्यो हजुर गरिबगुरूवालाई कहिले त खया होस् न । धर्म हुन्छ  हजुर धर्म अनि हात पसार्थ्यो । एकन्नी दुवन्नी हातमा पर्दा ऊ मुसुक्क हाँस्थ्यो । (पृ. ९)*

माथिको उदाहरणलाई हेर्दा यस उपन्यासमा पनि संवाद रहेको पाइन्छ । यहाँ लङ्गडाले बजारमा घुम्दा बाटोमा बसेर हजुर एक दुई पैसा दया होस् न हजुर गरिब गरिबंगुरूवालाई कहिले त दया होस् न धर्म हुन्छ हजुर जस्ता भनाइहरूबाट यसमा लङ्गडाले पसल अथवा बाटो हिड्ने मानिसलाई भागेको अवस्था स्पष्ट हुन्छ ।

*'तिनीहरू उसलाई भुइँभालु भनी जिस्क्याउँथे ।' (पृ. ८)*

उपर्युक्त उदाहरणबाट स्कुले केटाकेटीहरू लङ्गडालाई उसका बिग्रेका अङ्ग देखाएर जिस्क्याउने गर्दथे । तर पनि लङ्गडाले कुनै संवाद बोल्दैनथ्यो । बरु रिसले उनीहरूलाई लट्ठी टिपेर लखेट्ने गर्दथ्यो ।

*'सडकको छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो - 'हजुर, एकदुई पैसा दया होस् न !' (पृ. ९)*

उपर्युक्त उदाहरणबाट लङ्गडो मन्दिरमा आउने जाने, बाटो हिँड्ने मानिसलाई 'हजुर' भनी सम्बोधनका साथ माग्ने गर्दथ्यो । मानिसहरू पनि कोही दयालु छन् भने एकन्नी-दुवन्नी केही नबोली दिएर हिँड्ने गर्दथे । तसर्थ यहाँ पनि दोहोरो संवाद नभएको, लङ्गडो मात्र बोलेर पैसा मागेको एकोहोरो संवाद रहेको छ ।

*'हजुर बरबटे कमान मेरो घर हो ।' (पृ. २३)*

उपर्युक्त उदाहरणबाट लङ्गडो नेपालबाट दार्जिलिङ सहरमा कामको खोजीमा गएर कसैका घरमा गोठालो बसी घाँस काट्ने क्रममा रुखबाट लडेर लङ्गडो भएको प्रसङ्ग उपन्यासमा प्रस्तुत भएको छ हुँदा उपर्युक्त उदाहरणबाट लङ्गडालाई केही मान्छेले उसका बारेमा केही जान्न चाहन्थे र सोध्ने गर्दथे । सोध्दा लङ्गडो बताउन चाहँदैनथ्यो । धेरै सोध्ने मान्छलाई 'बरबटे कमान मेरो घर हो ' भनी जवाफ दिने गर्दथ्यो तर यस संवादमा कसैले प्रश्न गरेपछि लगत्तै उत्तर दिएको भन्ने स्पष्ट छैन किनकि कसले के भनेर प्रश्न गऱ्यो । यहाँ प्रस्तुत गरिएको छैन ।

*'काठा ! मैले खान दिइन भने तँ लपलप गरिहिँड्छस् ?' (पृ. २६)*

उपर्युक्त उदाहरणबाट लङ्गडाले उसको आत्मीय मित्र कुकुरलाई गरेको गाली प्रस्तुत गरिएको छ । लङ्गडो बिरामी पऱ्यो भने कुकुर भोकै हुन्थ्यो र नालीतिर गएर मुख गाडेर पेट भर्ने गर्दथ्यो । लङ्गडो अशक्त भए तापनि ऊ मानवीय प्राणी हो । त्यसरी कुकुरले फोहोर खाएको मन पर्दनथ्यो । त्यसैले कुकुरलाई गाली गर्दथ्यो । प्रस्तुत वाक्यमा लङ्गडो कुकुरसँग बोलिरहेको छ तर कुकुरले कुनै पनि जवाफ नदिएकाले यहाँ पनि दोहोरो संवाद नभएर एकोहोरो संवाद मात्र रहेको छ ।

यसैगरी अर्को एकोहोरो संवाद लङ्गडाले कुकुरसँग एकोहोरो कुरा गरिरहेको हुन्थ्यो ।

*'काले ! कुकुरको जुनी लिए पनि तँ त बडो भाग्यमानी रैछस् । मजस्तो लङ्गडो साथीलाई पाएर एकबारको जुनीमा मोज लुटिस् ! लौ हिँड् काले अब .... ।'*

*(पृ. २९)*

उपर्युक्त उदाहरणबाट लङ्गडो दिनभरि सडकपेटीमा मागेर पैसा कमाउने गर्दथ्यो । ऊसँग कुकुर पनि थियो । त्यसलाई लङ्गडाले साथी मानेर मान्छेसँग जस्तै कुराकानी गर्ने गर्दथ्यो तर कुकुरले कुनै कुराकानी नगर्ने भएकाले साङ्केतिक रूपमा त स्वीकारोक्ति जस्तो भाव व्यक्त गर्थ्यो तर यहाँ कुनै दोहोरो कुरा नभएर कुकुरसँग लङ्गडो एकोहोरो कुरा गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

यहाँ कुकुर र लङ्गडाको मात्र संवाद नभएर अन्य पात्रसँग पनि संवाद भएको छ । त्यसै क्रममा कोइलाखानीमा काम गर्ने मजदुरले पनि लङ्गडासँग एकोहोरो रूपमा केही भनेको प्रसङ्ग रहेको छ ।

*'हातको नाम्लो काँधमा फाल्यो र लङ्गडाको अघिल्तिर आएर खस्रो परन्तु सहानुभूतिको कण्ठमा भन्यो - ए दाइ ! लौ, चिया खाजा किनेर खाऊ !'*

*(पृ. ४९)*

उपर्युक्त उदाहरणबाट कोइलाखानीमा काम गर्ने मजदुरले लङ्गडाको दयनीय अवस्था देखेर एकदुई पैसा चिया किनेर खाऊ भनी दिन्छ । तर, लङ्गडाले कुनै पनि जवाफ दिएको हुँदैन । बरु लङ्गडो त्यो मजदुरले पैसा दिएको देखेर छक्क परेर उसको मुखमा टुलुटुलु हेरिरहन्छ ।

यसैगरी अन्य पात्रहरू पनि बोलेका छन् । लङ्गडो सडकपेटीमा माग्दै हिँडिरहेको थियो । डाकघरको अघिल्तिर घुम्तिको ओरालोमा बेगले एउटा अपरिचित मान्छेले मोटर दौडाएर ल्यायो । त्यो मोटरले लङ्गडालाई झन्डै किच्याएको थियो । धन्नले मोटर छेउतिर गयो र लङ्गडो बचेको थियो । त्यो मोटर चलाउने मान्छे लङ्गडाका छेउमा आएर भन्यो -

*'आँखा छैनन् ? छेउ लागेर हिँड्नुपर्छ नि ! मोटरले किचेको भए ... हेर, आन्द्राभुँडी निस्कने !' (पृ. ५१)*

उपर्युक्त उदाहरणबाट मोटर चलाउने व्यक्ति लङ्गडाका छेउमा आएर एकोहोरो ऊ मात्र बोल्छ तर लङ्गडाले कुनै पनि जवाफ दिँदैन । बरु मानिसका मुखमा पुलुक्क हेर्छ । त्यो मान्छेले बोलेको नबुझेझैं गरी उसका मुखमा वाल्ल परेर हेरिरहन्छ ।

### ३.२.५ भाषिक व्यवहार

उपन्यासमा उपस्थित सहभागी (पात्र) हरूले बोलचालमा प्रयोग गरिएको भाषा नै भाषिक व्यवहार हो । उपस्थित सहभागीहरूले उपन्यास वा पाठमा बोलचाल गर्दा कस्तो भाषाको प्रयोग गरेका छन् भन्ने कुराको यसअन्तर्गत अध्ययन गरिन्छ ।

समग्रमा यस उपन्यासमा भाषा सरल र सबोध्य, कुनै लोककथामा वर्णन गरेको शैलीमा प्रस्तुत छ । यस उपन्यासका सहभागीहरूले बोल्ने भाषा सरल छ । सहभागीहरू मानवेतर पनि भएकाले साङ्केतिक रहेको छ । भाषा सरल सुबोध्य र साङ्केतिक रहेको छ भने व्यवहार मानवीय र अमानवीय दुबै रहेको छ । यसलाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ ।

*'हजुर एकदुई पैसा दया होस् न !' हजुर गरिब गुरुवालाई कहिले त दया होस् न , धर्म हुन्छ ' (पृ. ९)*

*अब हजुरहरूकै आछापिछामा छु ...... के गर्नु हजुर ! (पृ. २४)*

उपर्युक्त उदाहरणबाट उपन्यासको पात्र लङ्गडो सरल भाषामा र भावनात्मक शैलीमा प्रस्तुत भएको छ । लङ्गडो एउटा सडकपेटीमा मागेर जीविकोपार्जन गर्ने बेसहारा व्यक्ति सडकमा बसेर बाटो हिँड्ने मान्छेसँग अनुनयविनय गरी सम्मानका साथ 'हजुर' शब्दको प्रयोग गरी मागेको अवस्थालाई प्रयोग गरिएको छ । उसको मगाइबाट दयाको भाव जागेर आउँछ । भाषा भावनात्मक रहेको छ ।

*सहरका बदमास केटाकेटीहरूको एक दल थियो । तिनीहरूलाई 'भुइँभालु' भनी खिज्याउँथे । (पृ. ६)*

उपर्युक्त उदाहरणबाट सहरमा सबै भलादमी मात्र हुन्छन् वा भलादमी भएर मात्र पनि राम्रै व्यवहार, बोलीचाली गर्छन् भन्ने कुरा 'लङ्गडाको साथी' उपन्यासका भद्रभलादमीले लङ्गडाप्रति गरेको व्यवहारबाट प्रस्ट हुन्छ । उनीहरूले प्रयोग गर्ने भाषा पनि स्तरीय नै हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । सहरमा बदमास केटाहरू रहेका छन् । उनीहरूको समूह नै रहेको छ । तिनीहरूले प्रयोग गर्ने भाषा र व्यवहार निम्नस्तरको रहेको छ । जबकि सडकपेटीमा मागेर खाने एउटा शारीरिक रूपमा अशक्त व्यक्तिलाई 'भुइँभालु' जस्तो अपहेलित शब्द प्रयोग गरिएको छ ।

लङ्गडाको माग्ने शैली एकदमै भावनात्म र करुणमयी थियो । लङ्गडाले भन्ने गर्दथ्यो –

*हजुर एक दुई पैसा दया होस् न ! कहिलेकाहीँ कवित्व भाषामा माग्ने गर्दथ्यो - 'हजुर गरिबगुरुबालाई कहिले त दया होस न, धर्म हुन्छ हजुर धर्म !' (पृ. ९)*

उपर्युक्त उदाहरणबाट लङ्गडाले बाटामा माग्न बसेको समयमा बाटो हिँड्ने मानिसलाई अनुनयविनयको भाषामा सरल शब्द प्रयोग गरी माग्ने गर्दथ्यो । त्यसरी मागेपछि दयालु मान्छेले एकदुई पैसा दिएर जाने गर्दथे । त्यसरी पैसा पाएपछि लङ्गडो खुसी भएर मुसुक्क हाँस्ने गर्दथ्यो ।

यसैगरी लङ्गडाको बोलीचालीको भाषा सरल छ । गाउँघरमा बोलिने बोलचालको भाषालाई प्रयोग गरिएको छ ।

*लङ्गडाको घर ठेगाना बताउने क्रममा लङ्गडाले भन्छ - 'हजुर बरबटे कमान मेरो घर हो ।' जन्मै लङ्गडा भएर जन्मेको ... नत्र यो पाप दुनियालाई देखाउने पर्ने थिएन । यति भनेर ऊ त्यहाँबाट घस्रँदै अर्को ठाउँ जान्थ्यो ।' (पृ. २४)*

लङ्गडाले आफ्ना बारेमा कसैले सोध्यो भने कसैलाई ऊ जन्मजात नै लङ्गडो भएको कुरा बताउँथ्यो भने, कसैलाई उसलाई मन नपरेका बेलामा सोध्यो भने नेपालबाट कामका खोजीमा दार्जिलिङ आएको र कसैका घरमा गोठालो बसेको थियो । घाँस काट्ने क्रममा रुखबाट लडेर लङ्गडो भएको कुरा उसले सरल भाषामा सर्सर्ती बताएको छ ।

'लङ्गडाको साथी' उपन्यासमा बोलीचालीको भाषाको मात्र प्रयोग नभई साङ्केतिक भाषाको पनि प्रयोग भएको पाइन्छ । 'मानौँ कुकुरले अव्यक्त भावले भनिरहेको हुन्थ्यो -

*'तिमी त मान्छे भयौ साथी ! म कुकुर भएँ । मैले नालीमा मुख गाडेर खाने कुरा खाए पनि तिमीले त त्यसो गर्न सक्दैनौ । हामी दुवैको संसारमा एउटै स्तर भए पनि तिमी मान्छे नै भयौ अनि म त कुकुर नै ठहरिएँ !' (पृ. २६)*

उपर्युक्त उदाहरणबाट लङ्गडो अशक्त भए तापनि बोलचाल गर्न सक्दथ्यो तर उसको आत्मीय मित्र कुकुर भएकाले बोलचाल गर्न सक्दैनथ्यो । तर पनि ऊ अव्यक्त भावले केही भनिरहेको हुन्थ्यो । लङ्गडो बिरामी परेको समयमा कुकुर नालीमा गएर फोहोर खान्थ्यो । त्यो देखेर लङ्गडाले कुकुरलाई गाली गर्थ्यो । लङ्गडो अशक्त भए तापनि मानव भएकाले त्यस्तो फोहोर खाइहिँडेको मन पर्दैनथ्यो । लङ्गडो चाहन्थ्यो कुकुरले पनि त्यस्तो फोहोर नखाइदिए हुन्थ्यो तर कुकुर पशु भएकाले आफ्नो आदतलाई छोड्न चाहँदैनथ्यो । लङ्गडाले कुकुरलाई फोहोर खाइहिँड्छस् भन्दा कुकुरले अव्यक्त भावमा 'म कुकुर भएर जसोतसो खान मिल्छ तर तिमी त मान्छे हौ, त्यस्तो गर्न मिल्दैन' यहाँ साङ्केतिक भाषामा भाव व्यक्त भएको छ ।

## ३.२.६ सामाजिक हैसियत

**लङ्गडाको साथी** उपन्यासको प्रमुख पात्र लङ्गडो एउटा निम्न वर्गको अशक्त, लट्ठीका भरमा बाटामा मागी हिड्ने भिखारी रहेको छ । यस उपन्यासमा लङ्गडो र उसको साथी कुकुरको दयनीय अवस्थाको चित्रण गरिएको छ । यस उपन्यासका अन्य गौण पात्र ( सहभागी) हरू स्कुले बालबालिकाहरू, पसलमा बसेर रमिता हेर्ने रमितेहरू उपन्यासमा वर्णित कोइला मालिक, सडकमा गाली गर्ने मानिस ड्राइभर कोइला मजदुर आदि छन् । यसका पात्रमध्ये कोइला मजदुर, ड्राइभर गरिब वर्गका पात्र हुन भने अन्य पात्रहरू सामान्य रहेका छन् । यसको मुख्य पात्र लङ्गडो मानवीय चरित्र भएको केन्द्रीय पात्र हो । **लङ्गडाको साथी** उपन्यासको लङ्गडो नेपालबाट कामका खोजीमा दार्जिलिङ पुगी गोठाले बसेको र घाँस काट्न जाँदा लडेर खोरन्डो भएको कुरा उपन्यासमा लङ्गडाले बताएको छ । त्यसपछि लङ्गडाको जीविकोपार्जन गर्न सडकगल्लीमा मागेर बस्नुपर्ने बाध्यता छ । उसका आफन्त कोही थिएनन् । आफ्नो भन्नु एउटा कुकुर थियो । लङ्गडाले मागेर खानु आफ्नो जन्मसिद्ध अभिकार ठान्थ्यो । लङ्गडाका लुगा धेरै ठाउँ फटेर टालेका हुन्थे । एउटा थोत्रो छाताले ऊ झरीबादल छेक्दथ्यो । लट्ठीका सहारामा एउटा कुम्लो बोकेर दार्जेलिङका सडकगल्लीमा मागेर हिँड्ने भिखारी आफूलाई अरू माग्नेभन्दा बाठो ठान्थ्यो । मागेर खान नचाहने लङ्गडो पैसा भएको बेलामा किनेर खान्थ्यो । कुकुरलाई पनि किनेर दिन्थ्यो । यसरी कुकुरलाई खुवाउनु उसमा भएको अभिभावकत्व हो । समग्रमा भन्दा दार्जिलिङको सडकगल्लीमा वर्षौंदेखि नियतिले ठगेको यथार्थ पात्र हो । यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

> *लङ्गडाको जीउको पसिना सुकेपछि उसलाई जाडो लाग्न थाल्यो । हिँड्ने मानिसहरू लङ्गडाले ओछ्याएको रुमालमा एकदुई पैसा हालेर जान्थे । लङ्गडो कही नभनी उनीहरूका मुखमा टिठ लाग्दा आँखाले टुलुटुलु मात्र हेरिरहन्थ्यो । लङ्गडाले यसरी हेर्दा पैसा नदिई जाने मानिसहरूका मनमा पनि एक प्रकारको दया आउँथ्यो र फर्केर एकदुई पैसा दिएर जान्थे । (पृ.- २८)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासका पात्र (सहभागी) सामान्य अवस्थाका छन् भन्ने बुझिन्छ । लङ्गडाको जिउको पसिना सुकेपछि उसलाई जाडो हुनु सायद अन्य लगाउने लुगा नभएको हुन सक्छ । मान्छेले लङ्गडाका रुमालमा एकदुई पैसा

दिनुले पात्र (सहभागी) मागी हिँड्ने भिखारी भएको प्रस्ट हुन्छ । लङ्गडाले पैसा दिने मान्छेलाई टुलुटुलु हेर्नुले उसको दयनीय अवस्थालाई देखाउन खोजिएको छ ।

**लङ्गडाको साथी** उपन्यासको प्रमुख पात्र लङ्गडो समाजमा निम्नस्तरको सहभागी हो । ऊ दिनभर सडकपेटीमा बसेर मागेर आफ्नो पेट पाल्न बाध्य सहभागी हो । ऊसँग कुनै सरसामान घर-आफन्त कोही पनि नभएको, दार्जिलिङ सहरमा मागी-मागी दिन बिताउने निम्न वर्गको सहभागी हो । गरिब भए तापनि उसको मागेर खानु, जन्मजातै नभएर आधा उमेरमा लडेर लङ्गडो भएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । तसर्थ अरू माग्नेजस्तो खुलेर हात पसार्न लाज मान्ने लङ्गडाको दिनचर्या अरूको आशापिछा नै रहेको छ । लङ्गडो गरिब छ । उसको कुनै गतिला लुगा छैनन् । लङ्गडाका अशक्त अङ्गहरू देखाएर समाजका केटाकेटीहरूले जिस्क्याउने गर्छन् ।

*'ती दुष्ट केटाहरू लङ्गडाका नजिकै आएर उसलाई चारैपट्टिबाट घेरी 'भुईंभालु' भनेर जिस्क्याउँथे । चिच्याउँथे ।' (पृ. ८)*

लङ्गगडो लट्ठीका सहारामा हिँड्ने गर्थ्यो । उभिएर हिँड्न सक्दैनथ्यो । सहरका बदमास केटाकेटीहरू उसलाई भुईंभालु भनी उसका अङ्गलाई हेरी गिज्याउने गर्दथे । अरू समाजमा हुनेखाने पसलेहरूले उसलाई पशुवत् व्यवहार गर्दथे ।

*'एउटा पसले आफ्नो पसल थुन्न लागेको थियो । लङ्गडो त्यहीँ गएर ओत लाग्न खोज्यो तर पसलेले भित्रबाट लङ्गडालाई देखिहाल्यो । पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा ऊ एकछिनसम्म यताउता गरिरह्यो ।' (पृ. ५६)*

उपर्युक्त उदाहरणअनुसार लङ्गडो समाजका मानिसहरूको तिरस्कृत व्यवहार सहनुपर्ने र बाटोमा मागेर खानुपर्ने बाध्यता भएको पात्र हो । लङ्गडो पानी परिरहेको समयमा ओत लाग्न जाँदा पसलेबाट ओत लाग्न दिइँदैन । यस्तो व्यवहारबाट पीडामा परेको लङ्गडो झरीका समयमा कता जाने भनी आतिन्छ ।

यसैगरी **लङ्गडाको साथी** उपन्यासको अर्को सहायक पात्र कुकुर सधैं लङ्गडाका पछिपछि हिँड्ने एउटा मानवेतर पात्र (सहभागी) हो । कुकुर पशु भएकाले पनि समाजबाट अपहेलित पात्र हो ।

*'त्यो कुकुर पनि एउटा पसलको भित्तामा ओत लाग्न गयो, तर पानीले त्यहाँ भिज्न थाल्यो । आखिर त्यो कुकुर के गरूँ के गरूँ जस्तो भएर एउटा अर्को पसलमा मानिसकै छेउमा गएर ओत लाग्न खोज्यो । कुकुरलाई देखेर एउटा*

*बुटलाउने मानिसले लात्ती उचालेर हान्न खोजेको थियो, कुकुर भागेर पर पुग्यो ।'* *(पृ . ६७)*

उपर्युक्त उदाहरणअनुसार कुकुर पनि एउटा समाजमा अपहेलित प्राणी भएको स्पष्ट हुन्छ । सडक गल्लीमा हिड्ने लङ्गडाले खान नदिँदा फोहोर खाने, फालेको जुठा कुरा खानुपर्ने बाध्यता भएको पात्र हो ।

यसैगरी उपन्यासमा उपस्थित अन्य पात्रहरूमा पनि उपन्यासका बिचबिचमा आएका छन् । त्यति धेरै भूमिका नभए पनि सामान्य रूपमा सहरका बदमास केटाकेटीहरू, पसले, यिनीहरू समाजमा खानलाउन पुग्ने तर दयामायाको भावना नभएका समाजभित्रका पात्र हुन् । जुबिली बङ्गलामा बस्ने युवती दयालु र लाउन खान पुग्ने युवती समाजमा इज्जत प्रतिष्ठा भएकी आमा वर्गकी युवती हो । कोइलाखानीमा काम गर्ने मजदुर सामान्य ग्रामीण वर्गको पात्र हो ।

समग्रमा **लङ्गडाको साथी** उपन्यासका सहभागीहरूको सामाजिक हैसियत सामान्य रहेको छ । समाजमा स्थापित पात्रहरू कमै मात्रामा रहेका छन् । प्रमुख पात्र, सहायक पात्र नै समाजबाट तिरस्कृत पात्रहरू हुन् । अन्य पात्रहरू सामान्य आफ्नो दैनिकी गुजारा गर्ने, समाजमा केही कुनै जिम्मेवारीमा सहभागिता नदेखाएका सामान्य पात्र रहेका छन् ।

यसरी कुनै पनि पाठलाई पूर्णता दिन त्यसमा उपस्थित सहभागीहरूका विभिन्न भूमिकाहरू रहेका हुन्छन् । सहभागीका विभिन्न भूमिका, व्यक्तित्व, हेतुत्व, संवाद, भाषिक व्यवहार आदिबाट पाठमा विभिन्न घटनाहरू घटित भएका हुन्छन् । 'लङ्गडाको साथी' उपन्यासमा सडकपेटीमा मागी हिँड्ने भिखारी र उसको आत्मीय मित्र मानिएको कुकुरको मुख्य भूमिकामा विभिन्न घटनाहरू घटित भएका छन् । यसका साथै सहायक पात्रहरू पनि सन्दर्भअनुसार क्षणिक समयमा सूक्ष्म घटना घटित गराउनका लागि उपस्थित भएका छन् ।

## ३.३ माध्यम

पाठको आर्थी संरचना पहिचान गरी त्यसको प्रयोजनपरकतालाई हेर्ने यो तेस्रो आयाम हो । हरेक पाठ सामाजिक सन्दर्भ (social context) सँग सन्दर्भित हुन्छ । यसलाई समाज सन्दर्भको प्रतीकात्मक सङ्गठन (Symbolic organization) का रूपमा अध्ययन गरिन्छ । वस्तु तथा सन्दर्भलाई नियन्त्रित र सङ्गठित गर्ने कथ्य भाषा, अविच्छिन्न बोली (spontaneous speech) एकालाप र संवादका बिचमा पाइने अन्तरको विश्लेषणलाई माध्यमअन्तर्गत हेर्नुपर्ने धारणा छ (ह्यालिडे र हसन १९९१ : ३४) । पाठमा कोशीय

एकाइहरू कसरी आएका छन् तिनले समाज सन्दर्भलाई कसरी सङ्गठित र नियन्त्रित गरेका छन् भनी पाठको प्रयोजन खोज्ने अवधारणा नै माध्यम हो । यसअन्तर्गत भाषाले कस्तो कार्य गरेको छ । सहभागीहरू भाषाका आधारमा केकस्ता क्रियाप्रतिक्रियाको अपेक्षा गर्दछन् । पाठको प्रतीकात्मक सङ्गठनर सन्दर्भमा भाषाको स्तर (Status) प्रकार्य (faction) र भाषाको कस्तो अधिरचनाका तहबाट कस्तो आलङ्कारिक र प्रेरणात्मक (persuasive) व्याख्यात्मक (Expository) र सुझवात्मक (Didactic) प्रकार्य सम्पन्न भएको छ सोसमेत अध्ययन गर्नुपर्दछ (डिजिक १९९७ : २३५) । माध्यम भाषाको लेख्य, कथ्य, सरणि (फोनिक, ग्राफिक, हाउभाउ) आदि भाषाको आलङ्कारिक प्रयोग (रेटोरिक मोड) सङ्केत व्यवस्थाका साथै कारणात्मक प्रदर्शनात्मक र उपदेशात्मक भएका हुन्छन् (ह्यालिडे र हसन १९९१ : १२) । कथ्य र लेख्य भाषिक प्रयुक्तिमा पद्धति/तरिकाको भिन्नता देखिन्छ । कथ्यमा व्यक्तिवाचक निदर्शनको कमी, नामीकृत शब्दभण्डारको अधिकता, घटनावाचक क्रिया (Action verb) को कमी जटिल नाम पदावली व्यवस्था हुन्छ (इगिन्स मार्टिन १९९७ : २३३) तर लेख्यमा सम्बोधक र सम्बोधितको सम्बन्ध तथा विधाअनुसार भाषाको पद्धतिगत स्थितिको अध्ययन गरिन्छ । अतः पद्धतिले अनुभाविक तथा विचारात्मक प्रकार्य र अन्तर्वैयक्तिक प्रकार्यसँग सम्बन्ध कायम गरी पाठपरक प्रकार्य सम्पन्न गर्दछ । हसनले पद्धतिलाई विभिन्न उपशीर्षकमा विभाजन गरेर हेरेकी छिन् ।उनले भाषिक भूमिका साझेदारी (process shearing) र माध्यम (medium) पद्धतिलाई चिनाएकी छिन् (ह्यालिडे र हसन १९९१ : ५८) । भाषाको भूमिका पाठको प्रयोजनसँग सम्बन्धित हुने या भाषिक घटकको अङ्ग हुने स्थिति हो र यो पनि पद्धतिको एक पक्ष हो ।

उल्लेखित तथ्यहरूका आधारमा माध्यम (mode) सन्दर्भको तेस्रो आयामले पाठको प्रयोजनपरकतालाई प्रस्ताव गरेको छ । कोशीय एकाइका प्रतीकात्मक सङ्गठनलाई मुख्य आधार मान्नुपर्ने मत पाठको प्रकृति निर्धारणमा उक्त पाठमा प्रयोग भएका एकाइ र त्यसबाट निर्मित अधिरचनालाई हेर्नुपर्दछ । समग्रमा पाठमा भाषिक प्रयोगको युक्ति वा तरिका नै माध्यम/पद्धति हुन्छ । यसले सन्देशलाई पाठकसम्म सम्प्रेषण गर्दछ ।

यसरी लेखक विभिन्न तत्त्वहरूमार्फत अर्थ र सन्दर्भता प्रदान गर्दै संयुक्ति व्यवस्था कायम गरेका हुन्छन् । लेखक पाठकसमक्ष पाठमा कुन माध्यमबाट कसरी उपस्थित भएका छन् भनी विभिन्न तत्त्वहरूलाई केलाएर हेर्न सकिन्छ ।

पाठको आर्थी संरचना पहिचान गरी त्यसको प्रयोजनपरकतालाई हेर्ने तेस्रो आयाम माध्यम हो । हरेक पाठ सामाजिक सन्दर्भसँग सन्दर्भित हुन्छ । यसलाई समाज सन्दर्भको प्रतिकात्मक सङ्गठनका रूपमा अध्ययन गरिन्छ । यसैगरी पाठमा कोशीय एकाइहरू कसरी आएका छन्, तिनले समाज सन्दर्भलाई कसरी सङ्गठित र नियन्त्रित गरेका छन् भनी पाठको प्रयोजन खोज्ने अवधारणा नै माध्यम हो । यसअन्तर्गत लेखक पाठकसामु कुन माध्यमद्वारा प्रस्तुत भएका छन् भन्ने कुराको अध्ययन गरिन्छ । सम्बन्धित विषयको विश्लेषण निम्नअनुसार गरिएको छ ।

## ३.३.१ भाषाशैली

लेख्य रूपमा प्रस्तुत गरिएको मौलिक उपन्यास हो । भाषा लेखक (उपन्यासकार) का विचार वा दृष्टिमा व्यक्त गर्ने माध्यम हो भने शैली त्यसलाई प्रस्तुत गर्ने तरिका हो । भाषाशैलीका दृष्टिले यो सरल सुबोध तरिकाबाट वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ । यस उपन्यासमा अङ्ग्रेजी, हिन्दी, बङ्गाली तथा संस्कृतका तत्सम शब्दहरूको प्रयोग भए पनि यस उपन्यासान ठेट नेपाली भाषाको प्रबलता पाइन्छ । यो उपन्यासमा लेखक स्वयम् घटनाको प्रत्यक्षदर्शीजस्तो बनेर घटनाको वर्णनात्मक शैलीमा प्रस्तुत गरेको हुँदा तृतीय पुरुष दृष्टिविन्दु रहेको छ । लेखक (उपन्यासकार) ले आफ्नो विचार प्रस्तुत गर्ने माध्यम नै भाषा हो  भने त्यसलाई प्रस्तुत गर्ने तरिका शैली हो । भाषाशैलीका दृष्टिले 'लङ्गडाको साथी' उपन्यास सरल, सुबोध तरिकाबाट वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको उपन्यास हो । लङ्गडाको साथी उपन्यासमा लेखक स्वयं घटनाको प्रत्यक्षदर्शीजस्तो बनेर घटनालाई वर्णनात्मक शैलीमा प्रस्तुत गरेका छन् ।  केही उदाहरण लिएर अझ प्रस्ट पार्न खोजिएको छ ।

> *'दिन चढ्दै गयो । चोक बजारका अग्ला-अग्ला बिल्डिङ र सेता घरहरूमा अब न्यानो घामको किरणले स्पर्श गर्दै लग्यो । तैपनि त्यस झुप्रामा सुत्ने त्यो मानिस र कुकुर सुती नै रहे, मानौ कुकुर र त्यो मानिसमा सुत्नका निम्ति होड भइराखेको छ ।'(पृ. ३)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासका वाक्यहरू सरल छन् । उपन्यासमा प्रयोग भएका शब्दहरू द्विविधापूर्ण अर्थ लाग्नेखालका छैनन् । उपन्यासकारले विभिन्न भाषाका शब्दहरू प्रयोग गरेका छन् । जस्तै अङ्ग्रेजी - बिल्डिङ, संस्कृत - स्पर्श, किरण जस्ता शब्दहरू प्रयोग भए तापनि वाक्य सरल र स्पष्ट अर्थ प्रदान गरेका छन् ।

*'सहरका बदमास केटाहरूको एक दल थियो । तिनीहरू उसलाई 'भुईंभालु' भनी जिस्क्याउँथे ।' (पृ. ६)*

उपर्युक्त उदाहरणबाट लङ्गडाको साथी उपन्यासको भाषाशैली सरल रहेको पाइन्छ । प्रस्तुत उदाहरणमा आएका वाक्य सरल नेपाली भाषामा रहेका छन् । लङ्गडालाई देखेर उपहास गर्ने केटाहरूको हुललाई बदमास भनिएको छ । तिनै बदमास केटाहरूले लङ्गडालाई खिज्याउँथे भन्ने स्पष्ट अर्थ लाग्छ ।

*'सडकका छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो - 'हजुर एकदुई पैसा दया गर्नुहोस् न ! कहिलेकाहीँ कवित्व भाषामा माग्ने गर्दथ्यो - 'हजुर गरिबगुरुवालाई कहिले त दया होस् न ! धर्म हुन्छ हजुर धर्म !' (पृ. ९)*

उपर्युक्त उदाहरणमा लङ्गडो बाटामा बसेर माग्न प्रयोग गरिएका वाक्यहरूलाई प्रस्तुत गरिएको छ । लङ्गडो अरूका आशामा बाँचेकाले उसलाई पैसा प्राप्त गर्नु छ त्यसैले बाटा हिँड्ने व्यक्तिलाई 'हजुर' शब्दको प्रयोग गरी विनम्र भाषामा बोलेको छ । वाक्य सरल र सुबोध छ भने कवित्व वा विनम्र शैलीमा भनिएको छ । उक्त वाक्यमा लङ्गडो सडकपेटीमा बसेर बाटो हिँड्ने मान्छेसँग पैसा मागिरहेको छ भन्ने स्पष्ट बुझिन्छ ।

*'लङ्गडो रिसले भुतुक्क हुन्थ्यो र लौरो टिपेर कुकुरलाई हान्दै भन्थ्यो 'काठा ! टिठ्याएर खान दिएकाले नहुने ! (पृ. १२)*

उपर्युक्त उदाहरणमा लेखकले लङ्गडाले कुकुरलाई गरेको व्यवहार प्रत्यक्षदर्शी भएर वर्णन गरेका छन् । भाषाशैली सरल छ । उपर्यक्त वाक्यहरू लङ्गडाले आफ्नो गाँस काटेर कुकुरलाई दिने गर्दथ्यो तर कुकुर भने लङ्गडाको भागको मासु झिकेर खान खोज्दथ्यो । त्यसपछि लङ्गडाले कुकुरलाई गाली गर्दथ्यो । अर्थ स्पष्ट आउने वाक्यहरू रहेका छन् । तर पनि उक्त वाक्यमा लेखकले 'टिठ्याएर' शब्दको प्रयोग गरेका छन् । जुन शब्द संस्कृतको 'टिठ' शब्दबाट 'टिठ्याउन' हुँदै टिठ्याएर / दया गरेर खान दिएर नहुने भन्ने अर्थ लाग्दछ ।

*'तिमी त मान्छे भयौ साथी ! म कुकुर भएँ ! मैले  नालीमा मुख गाडेर खाने कुरा खाएँ तिमीले त त्यसो गर्न सक्दैनौ । हामी दुवैको संसार एउटैस्तर भए पनि मान्छे नै भयौ । अनि म त कुकुर नै ठहरिएँ !' (पृ. ३५)*

उपर्युक्त उदाहरणबाट 'लङ्गडाको साथी' उपन्यासमा भएका एकल संवादहरू वा सहभागी (पात्र) ले प्रयोग गरेको भाषा पनि सरल र सुबोध थियो । उपर्युक्त वाक्यहरू अर्थ लाग्ने छन् ।

कहिलेकाहीँ लङ्गडो बिरामी परेको समयमा कुकुरले फोहोर खान्छ । लङ्गडो मान्छे भएको र मान्छेले नालीको फोहोर नखाने भएकाले लङ्गडै भए पनि मागेर खान नसके पनि फोहोर खान सक्दैनथ्यो तर कुकुरको त प्रवृत्ति नै बाटाघाटामा फोहोर खाने हो तसर्थ लङ्गडाले कुकुरलाई अत्यन्तै माया गर्ने भएकाले उसको चाहना कुकुर पनि ऊजस्तै भइदिए हुन्थ्यो भन्ने तर कुकुर त पशु हो तसर्थ उसको मनलागी गर्थ्यो । लङ्गडो बिरामी पर्दा कुकुरले फोहोर खान्थ्यो , लङ्गडाले कुकुरलाई गाली गर्थ्यो । त्यसरी गाली गर्दा कुकुरले अव्यक्त भावमा भन्दा तिमी र म आखिर सडकमा बसेर खाने एउटै स्तर भए पनि तिमी मागेर मात्र खान सक्छौ, मान्छे हौ । म त जसरी पनि खान सक्छु, आखिर पशु हुँ भनी पशु र मान्छेको भिन्नतालाई स्पष्ट पारेको छ ।

*'एउटा चिल आएर बाटामुनिको चाँपको रुखका एउटा हाँगामा बस्यो , लङ्गडाले त्यो चिललाई हेर्‍यो । आज उसलाई आफू पनि त्यो चिलजस्तै भएर आकाश-आकाश उड्दै सहर, पहाड, खोला नाला, जङ्गल काटी मुलुक-मुलुक डुल्ने इच्छा भयो । देशविदेश हेर्ने इच्छा... !' (पृ. ४६-४७)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यास सरल र सुबोध नेपाली भाषामा लेखिएको पाइन्छ । उपर्युक्त वाक्यहरू सरल स्पष्ट बुझिने र अर्थ लाग्ने गरी व्यक्त गरिएको छ । प्रस्तुत वाक्यहरू मनमनै गरेको कल्पना भएको हातखुट्टा नचल्ने लङ्गडाको आकाशमा उड्ने, सहर घुम्ने, पहाड खोला नाला एउटा पन्छीजस्तै उडेर संसार हेर्ने कल्पनालाई व्यक्त गरिएको हुँदा उक्त वाक्य लङ्गडाको स्वप्निल कल्पानालाई प्रस्तुत गरिएको छ । उक्त वाक्य लङ्गडाको स्वप्निल कल्पनालाई प्रस्तुत गरी उपन्यासकारले अतियथार्थवादी शैलीमा प्रस्तुत गरेका छन् । वाक्यहरू नेपाली भाषामा सहज बुझिने छन् । जहाँ लङ्गडो बसेको ठाउँमा एउटा चिल बस्छ । लङ्गडाले चिललाई हेरेर मनमनै म पनि चिल जस्तै उडेर संसार घुम्न पाए हुन्थ्यो भन्ने कल्पना गरेको छ ।

यसैगरी **लङ्गडाको साथी** उपन्यासमा अन्य पात्रहरू पनि छन् । उनीहरूले प्रयोग गरेका भाषाहरू कस्ता छन् भनी केही उदाहरणहरूबाटै हेर्न सकिन्छ ।

*'हातको नाम्लो काँधमा फाल्यो र लङ्गडाअघिल्तिर आएर खस्रो परन्तु सहानुभूतिको कण्ठमा भन्यो - 'ए दाइ ! लौ चिया खाजा किनेर खाऊ !'*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा पात्रहरू थोरै छन् । थोरै पात्र पनि कोहीकोहीको मात्र एकालाप रहेको छ । उक्त उदाहरणमा कोइलाखानीमा काम गर्ने

ज्यामीले लङ्गडालाई माग्न बसिरहेको समयमा पैसा दिँदै भनिरहेको छ । सरल सहज नेपाली भाषा प्रयोग गरेको छ । ज्यामीले लङ्गडालाई चिया किनेर खानका लागि भन्दै एकदुई पैसा दिन्छ । यहाँ उपन्यासकारले 'परन्तु' शब्दको प्रयोग गरेका छन् । 'परन्तु' संस्कृतको शब्द रहेको छ । जुन शब्द पहिलो कथनको विरोध दर्शाउने सम्बन्धमा आउने संयोजकका रूपमा प्रयोग हुने शब्द हो ।

त्यसैगरी अर्को कुनै पात्र –

*त्यो मान्छे आफ्ना भद्दा जुत्ता गऱ्याप-गऱ्याप बजाउँदै लङ्गडाका छेउमा आएर भन्यो - 'आँखा छैन ? छेउ लागेर हिँड्न पर्छ नि ! मोटरले किचेको भए ... हरे, आन्द्रा भुँडी निस्कने !' (पृ. ५१)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा प्रयोग गरिएको संवादको भाषा सरल सहज रहेको छ । उपन्यासको अर्को पात्रले प्रयोग गरेको भाषा पनि सरल र स्पष्ट रहेको प्रस्ट हुन्छ । उपन्यासकारले 'मोटर' शब्दको प्रयोग गरेका छन् । जुन शब्द अङ्ग्रेजी भाषाको शब्द रहेको छ । लङ्गडो बाटामा हिँडिरहेको अवस्थामा अपरिचित व्यक्ति मोटरमा आउँछ । उसको मोटरले किच्न खोज्छ तर लङ्गडो जोगिन्छ । त्यसपछि मोटर चलाउने व्यक्तिले लङ्गडालाई गाली गर्छ ।

यसैगरी **लङ्गडाको साथी** उपन्यास सरल सहज नेपाली भाषामा लेखिएको भए तापनि उपन्यासकारले विभिन्न भाषाका शब्दहरू प्रयोग गरेका छन् । तीमध्ये केही भाषाका केही शब्दलाई उदाहरणका रूपमा निम्नअनुसार लिइएका छन् ।

| शब्द | पृष्ठ सङ्ख्या | भाषा |
|---|---|---|
| रेलिङ | २ | अङ्ग्रेजी |
| पार्क | ३ | अङ्ग्रेजी |
| सिमेन्ट | ३ | अङ्ग्रेजी |
| बिल्डिङ | ३ | अङ्ग्रेजी |
| टिफिन | ९ | अङ्ग्रेजी |
| क्यानभास | १९ | अङ्ग्रेजी |
| स्टेसन | १९ | अङ्ग्रेजी |
| सिनेमा | २५ | अङ्ग्रेजी |
| म्युनिसिपन | ३३ | अङ्ग्रेजी |

| | | |
|---|---|---|
| ब्याग | २२ | अङ्ग्रेजी |
| स्कुल | २२ | अङ्ग्रेजी |
| होटल | २९ | अङ्ग्रेजी |
| गार्डेन | ४४ | अङ्ग्रेजी |
| सिग्रेट | ५१ | अङ्ग्रेजी |
| क्रिम | ५१ | अङ्ग्रेजी |
| पाउडर | ५२ | अङ्ग्रेजी |
| अफिसर | ५५ | अङ्ग्रेजी |
| बाकस | ६१ | अङ्ग्रेजी |
| बुट | ६७ | अङ्ग्रेजी |
| कोट | ६८ | अङ्ग्रेजी |
| हाइस्कुल | ६५ | अङ्ग्रेजी |
| लिपिस्टिक | ५२ | अङ्ग्रेजी |
| गगल्स | ५२ | अङ्ग्रेजी |
| पोस्टर | ५२ | अङ्ग्रेजी |
| लोयडस | ५२ | अङ्ग्रेजी |
| स्ट्यान्ड | ५७ | अङ्ग्रेजी |
| ओभरकोट | ५७ | अङ्ग्रेजी |
| प्यासेन्जर | ५७ | अङ्ग्रेजी |
| ड्राइभर | ५७ | अङ्ग्रेजी |
| पुलिस | ५८ | अङ्ग्रेजी |
| सुकिला | ६ | संस्कृत |
| ज्वाला | ७ | संस्कृत |
| परन्तु | ७ | संस्कृत |
| घृणा | ७ | संस्कृत |
| आभास | ७ | संस्कृत |
| विकृत | ८ | संस्कृत |

| | | |
|---|---|---|
| गाली | ८ | संस्कृत |
| कष्ट | १० | संस्कृत |
| उदास | १२ | संस्कृत |
| पुच्छर | ११ | संस्कृत |
| छाता | १४ | संस्कृत |
| स्मरण | १९ | संस्कृत |
| अद्भूत | २० | संस्कृत |
| हृदय | २१ | संस्कृत |
| प्रारम्भ | २१ | संस्कृत |
| पवित्र | २२ | संस्कृत |
| सङ्घर्ष | २५ | संस्कृत |
| उपहास | ३१ | संस्कृत |
| सन्देश | २९ | संस्कृत |
| किरण | ३२ | संस्कृत |
| स्पर्श | ३२ | संस्कृत |
| ज्वाला | ३६ | संस्कृत |
| दलान | १५ | फारसी |
| सहर | १३ | फारसी |
| मैदान | २६ | फारसी |
| कोसिस | १० | फारसी |
| बजार | ६ | फारसी |
| बदमास | २ | फारसी |
| रुमाल | २६ | फारसी |
| कदम | १० | अरबी |
| गरिब | १० | अरबी |
| मुस्किल | १९ | अरबी |
| सलाम | ३० | अरबी |

| | | |
|---|---|---|
| रवाफ | ३१ | अरबी |
| फाटक | ३९ | हिन्दी |
| रक्सी | ५७ | भोट-बर्मेली |
| छिँडी | २१ | नेवारी |
| ज्यामी | २१ | नेवारी |
| ञ्याल | २१ | नेवारी |

### ३.३.१.१ दृष्टिविन्दु

दृष्टिविन्दु उपन्यासकारको उपन्यासमा प्रयोग भएको दृष्टिकोण हो । यसरी उपन्यासकारले आफ्नो दृष्टिकोण कहिले सहभागी (पात्र) का माध्यमबाट प्रयोग गरेका हुन्छन् । **लङ्गडाको साथी** उपन्यासमा दृष्टिविन्दु उपन्यासकारमार्फत प्रस्तुत भएको छ । उपन्यास वर्णनात्मक शैलीमा प्रस्तुत भएको हुनाले बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासमा घटेका सम्पूर्ण घटनाका ज्ञाता तथा प्रत्यक्षदर्शीका रूपमा स्वयं उपन्यासकार नै उपस्थित भएकाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ३.३.२ कोशीय एकाइ

लेखक वा वक्ताले कस्तो किसिमले शब्द प्रयोग गरी पाठलाई सशक्त बनाएको छ भन्ने कुराको अध्ययन काशीय एकाइअन्तर्गत गरिन्छ । सामान्य नाम एउटा कोशीय एकाइको सानो वर्ग हो यसभित्र स्थान नाम, व्यक्ति नाम, अवधारणात्मक नाम, मानवीय नाम जस्ता नामिक वर्ग पर्दछन् । यस्ता नामिक एकाइले क्रियात्मक व्यवहारमा पनि भूमिका खेल्दछन् (ह्यालिडे र हसन, १९७६ : २७४) । पाठ निर्माणका क्रममा शब्दशब्दका बिचमा निश्चित आर्थी सम्बन्ध स्थापित गरी पाठलाई सशक्तता प्रदान गर्ने तत्त्व कोशीय एकाइ हो । पाठमा आउने पदविन्यासलाई नै यसमा महत्त्व दिइन्छ । पदविन्यासको सम्बन्ध पाठमा लेखक वा वक्ताले छनौट गर्ने शब्दसँग हुन्छ । कुनै पनि पाठमा लेखक वा वक्ताले आफ्नो छनौटका कोशीय एकाइहरूको छनौट गरी पाठलाई सशक्त बनाउँछ (ह्यालिडे र हसन, १९८५ : ३१०) । पाठमा पुनरावृत्ति, पर्यायता, विपरीतता तथा अध्यारोपण सम्बन्ध ( समावेशात्मकता), अधिकार्थकता तथा सामान्यार्थकताका आधारमा कोशीय एकाइको पुनः कथन शृङ्खला निर्माण भएको हुन्छ । यस्तो शृङ्खलाले पाठको कोशीय एकाइलाई परस्पर

जोडेर सम्बन्धन व्यवस्था कायम गर्दछ । पर्यायता, विपरीतता र अधिकार्थकता गरी चार प्रकारमा हेर्न सकिन्छ (ह्यालिडे र हसन, १९९१ : ८२) ।

पाठलाई सशक्त बनाउनका लागि कोशीय एकाइको आवश्यकता रहेको हुन्छ । लेखकले कस्ता शब्द प्रयोग गरी पाठलाई सशक्त बनाउने भन्ने कुराको अध्ययन कोशीय एकाइअन्तर्गत गरिन्छ । **लङ्गडाको साथी** उपन्यासमा प्रयुक्त कोशीय एकाइहरूको विश्लेषण यस प्रकार गरिएको छ ।

## ३.३.२.१ पुनरावृत्ति

पाठमा एउटै शब्द दोहारिएर आउनु वा पाठमा आउने भाषिक एकाइ रूपायन र पुनरावृत्ति भई पुनः कथनमा दोहारिएर आउनु पुनरावृत्ति हो । यसरी दोहारिएर आउने एकाइले पाठमा पुनरावृत्ति शृङ्खला बनाउँछ । पाठको अर्थलाई व्युत्पादन गर्ने एकाइको पाठमा पुनरावृत्ति शृङ्खला स्थापित भएको पाइन्छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'सधैँ घण्टौँ पसलको अघिल्तिर सलाम गर्दै मागी मागी खाने लङ्गडाको आज यस्तो रवाफ र फूर्ति देखेर मानिसहरूको मनमा आश्चर्य लागिरहेथ्यो ।' (पृ. ३१)*

उपर्युक्त उदाहरणलाई हेर्दा लङ्गडाले पसलको अघिल्तिर बसेर घण्टौँसम्म सलाम गरी मागीमागी खाने लङ्गडाको आज यस्तो रवाफ र फुर्ति भन्ने वाक्यमा 'मागी' शब्द पुनरावृत्ति भई 'मागी मागी' भएर आएको छ ।

*'केबल आफ्नो उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरहन्थ्यो । (पृ. ६)*

लङ्गडाले कोही सुकिला लुगा लगाएका भलादमी जस्तो देख्यो भने जिस्क्याउँदा पनि एकोहोरो टुलुटुलु हेरिरहन्थ्यो । कुनै प्रतिक्रिया जनाउँदैनथ्यो । उदाहरणमा वर्णहरूको पुनरावृत्ति भई 'टुलुटुलु' भएको छ । यहाँ टुलुटुलु शब्दले माया लाग्दो गरी केही भन्न वा गर्न नसकी एकोहोरो हरिरहेको घटनालाई प्रस्ट्याएको छ ।

*'आफ्नो अघिल्तिरबाट ती केटाहरू गइसकेपछि मात्र लङ्गडाले मुन्टो फर्काउँथ्यो र पछिल्तिरबाट राताराता आँखा पारेर छड्के नजरले हेरिरहन्थ्यो । (पृ. ८)*

उपर्युक्त उदाहरणबाट लङ्गडाले समाजमा भेल्नु परेका घटनालाई प्रस्ट्याएको छ । लङ्गडो केटाहरूलाई देख्यो भने लक्ने गर्दथ्यो । यदि देखिहाल्यो भने पनि नदेखेभैँ गरी

टोलाइरहन्थ्यो । ती केटाहरू गएपछि मात्र आफ्नो टाउको उठाएर तिनीहरूलाई हेर्ने गर्दथ्यो । लङ्गडाले उनीहरूलाई नदेखेजस्तो गरे पनि तिनीहरूसँग रिसले जलिरहेको हुन्थ्यो । ती केटाहरूलाई पछाडिबाट राताराता आँखाले हेर्ने गर्दथ्यो । उदाहरणमा व्यक्त 'राताराता' शब्दमा रातो शब्दको पुनरावृत्ति भई 'राताराता' भएको छ । राताराता शब्दले लङ्गडाको हेराई आक्रोशको रहेको थियो भन्ने भाव व्यक्त गर्दछ ।

*'मेघको आवाजले उसका मनका सुन्दरसुन्दर भावलाई टुक्रा-टुक्रा पारिदिन्थ्यो ।' (पृ. १७)*

उपर्युक्त उदाहरणअनुसार **लङ्गडाको साथी** उपन्यासको प्रमुख पात्र लङ्गडो विनासहारा थियो । सडकपेटीमा मागी हिड्ने भिखारी थियो । पानीझरी हिउँदवर्षा, हावाहुन्डरी, जहिले पनि माग्नु पर्दथ्यो । गड्याङ्गुड्ङ गरेको समयमा लङ्गडालाई बच्चादेखि नै एकदम डर लाग्ने गर्दथ्यो । पछि तर रातीको गड्याङगुड्ङले गर्दा लङ्गडाको आशावादी जीवनका सुन्दर सपनालाई टुक्र्याइदिने गर्दथ्यो । उदाहरणमा आएका सुन्दर शब्दको पुनरावृत्ति भई सुन्दरसुन्दर भएको हो । त्यसैगरी टुक्रा शब्दको पुनरावृत्ति भई टुक्राटुक्रा भएको हो । सुन्दर शब्दले लङ्गडाका सपनालाई धेरै राम्रा भनेर जोड दिएको छ भने टुक्रा शब्दले लङ्गडाका सपनालाई वर्षातको गड्याङगुड्ङले धुलो बनाइदिन्छ वा उडाइदिन्छ भन्ने भाव व्यक्त भएको छ ।

*'मैला गनाउने च्याथ्रा-च्याथ्रा भइसकेका वस्त्र लगाउने अरू माग्नेहरू त्यहाँ झुरुम्म भएर कुरा गरी रहन्थे, तर लङ्गडो भने केही बोल्दैनथ्यो ।' (पृ. १९)*

उपर्यक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासभित्र लङ्गडो मात्र भिखारी नभएको र अन्य पनि भिखारी छन् । जो थोत्रा, मैला, गह्नाउने लुगा लगाएर माग्नलाई बसेका छन् । उनीहरू एकआपसमा कुराकानी गरिरहेका छन् तर लङ्गडो चाहिँ उनीहरूसँग नबोली बस्ने गर्दथ्यो । उनीहरूका कुरा सुनेर बसिरहन्थ्यो । लङ्गडो जन्मसिद्ध लङ्गडो नभएको र पछि कामका खोजीमा नेपालबाट दार्जिलिङ सहरमा कामका खोजीमा पुगेर कसैका घरमा गोठालो बसी घाँस काट्न जाँदा मात्र लङ्गडो भएको प्रसङ्ग हुनाले आफूलाई अरू भिखारीभन्दा छुट्टै बाटो वा अनुभवी ठान्थ्यो ।

माथिको 'च्याथ्रो' शब्दको पुनरावृत्ति भई 'च्याथ्रा-च्याथ्रा' भएको छ । जसले बाटामा माग्न बसेका भिखारीहरूका लुगा धेरै च्यातिएका छन् । उनीहरूलाई लाउनखान ज्यादै दुःख भएको भावलाई व्यक्त गरेको छ ।

*'कुकुर आफ्ना दुवै आँखा झिमझिम गर्दै थुतुनु भुइँमा तेर्स्याएर लङ्गडाको अनुहार यसरी हेरिरहन्थ्यो ।' (पृ. २६)*

उपर्युक्त उदाहरणमा **लङ्गडाको साथी** उपन्यासको पात्र कुकुरको हाउभाउ क्रियाकलापलाई प्रस्तुत गरिएको छ । उपन्यासमा कुकुरलाई लङ्गडाले जति गाली गरे पनि लङ्गडाका पछिपछि दौडन छोड्दैनथ्यो । आफ्नो गल्ती स्विकारेझैँ गरी पुच्छर हल्लाएर आँखा झिमझिम गर्दै लङ्गडाका छेउमा गएर बस्ने गर्दथ्यो । माथिका वाक्यमा झिम शब्द दोहोरिएर झिमझिम भएको हो । आँखा झिमझिम बनाएर माया लाग्दो भएर लङ्गडाका छेउमा बस्ने गर्दथ्यो भन्ने भाव व्यक्त भएको छ ।

*'त्यसपछि फेरि ऊ महाँकाल बाबाको थानतिर बिस्तारैबिस्तारै घस्रँदै उकालो जान लाग्थ्यो ।' (पृ. २८)*

उपर्युक्त उदाहरणबाट लङ्गडो माग्नका लागि महाँकाल बाबाको थान वरिपरि बस्ने गर्दथ्यो । लङ्गडाको बस्ने झुप्रो गड्डीखानको ओरालामा थियो । बिहानै उठेर ऊ आफ्नो माग्न बस्ने ठाउँतिर जाने गर्दथ्यो । जाने बाटो उकालो भएकाले र लङ्गडो अशक्त भएकाले बिस्तारो बिस्तारो गर्दै बिसाउँदै घस्रँदै जाने गर्दथ्यो । माथिको बिस्तार शब्दको पुनरावृत्ति भई बिस्तारबिस्तार भएको हो । बिस्तार शब्दले ढिलो गरी हिँड्दै थियो भन्ने बुझाउँछ ।

*'सधैँसधैँ घन्टौँ पसलको अघिल्तिर सलाम गर्दै मागीमागी खाने लङ्गडाको आज यस्तो रवाफ र फूर्ति देखेर मानिसहरूका मनमा आश्चर्य लागि रहेको थियो ।' ( पृ. ३१)*

उपर्युक्त उदाहरणबाट लङ्गडो सधैँभरि सडकपेटीमा बसेर मागी हिड्थ्यो । लङ्गडो दिनभरि मागेर पैसा जम्मा भएपछि कहिलेकाँही किनेर पनि खाने र कुकुरलाई पनि खुवाउने गर्दथ्यो । माथिको 'माग्नु' शब्दको पुनरावृत्ति भएर मागीमागी भएको छ । मागीमागी शब्दले लङ्गडो सधैँ मागेर आफ्नो जीविकोपार्जन चलाउने गरेको प्रसङ्गलाई व्यक्त गरेको छ ।

*'त्यो गिर्जाको त्यो ट्वाङ .....ट्वाङ ध्वनि रातको शून्य वातावरणमा झनझन स्पष्ट भएर बजिरहेको सुनिन्छ । ' (पृ. ३४)*

उपर्युक्त उदाहरणबाट दार्जिलिङ सहरको गिर्जाघरमा रहेको घण्टीको आवाज (ध्वनि) को बजाइलाई व्यक्त गरिएको छ । लङ्गडो दिनभर सहरका विभिन्न ठाउँमा घुम्ने गर्दथ्यो । त्यस क्रममा एक दिन ऊ आफ्नो झुप्रामा नफर्किएर बाटामा वा सडकमा नै वास बस्छ । त्यहाँ नराम्रो सपना देख्छ । ब्युँझिएर बस्छ । त्यसै क्रममा गिर्जाघरमा रहेको घण्टीको

आवाज ट्वाङ.... ट्वाङ गरी बज्छ । रातीको शून्य वातावरणमा घण्टीको आवाज झन-झन बजिरहेको जस्तो लाग्छ । माथिको माथिको ट्वाङ शब्दको पुनरावृत्ति भएर ट्वाङ... ट्वाङ भएको छ । झन-झन शब्दले गिर्जाघरको घण्टको आवाजलाई रातको शून्य वातावरणमा बिस्तारै बढ्दै गएको वा बजिनै रहेको जस्तो लाग्छ ।

*'पश्चिम आकाश मेघका टुक्राहरूले ढाकेको भए पनि सूर्यका लामा-लामा किरणहरू छिरेर अग्ला-अग्ला पहाडतिर स्पर्श गरिरहेका थिए ।' (पृ. )*

उपर्युक्त उदाहरणमा लङ्गडाका जीवनको कुनै समयको वर्णनलाई लिइएको छ । लङ्गडो दिनभरि घरि एक ठाउँमा घरि अर्को ठाउँमा मागी-मागी हिँड्ने गर्दथ्यो । माग्दामाग्दै रात पर्दै आउँछ । मौसम पनि अदलबदल भइरहन्छ । दार्जिलिङ सहरको पश्चिम आकाशमा बादलका टुक्राहरूले ढाकेको भए पनि घाम लागिरहेको  प्रसङ्ग रहेको छ । बादल लागिरहेको भए पनि बिचबिचबाट घामका किरणहरू पहाडतिर लागि रहेका प्रसङ्गलाई व्यक्त गरिएको छ । माथि सूर्यका लामा-लामा किरण भनी 'लामो' शब्दको पुनरावृत्ति भई 'लामा-लामा' भएको छ । लामा-लामा शब्दले सूर्यका किरणहरू पश्चिममा अस्ताउन लागेका घामका छड्के परेका टाढाबाट बादलको बिचबिचका धेरै ठाउँबाट छिरेका प्रकाश ( किरण) भन्ने बुझाएको छ भने 'अग्लो' शब्दको पुनरावृत्ति भई 'अग्ला-अग्ला' भएको हो । अग्ला-अग्ला शब्दले दार्जिलिङ सहरका ठुला पहाडहरू लाई बुझाएको छ ।

*'रुखका पातहरू सरसर गर्दै मन्दमन्द गतिले हल्लिरहेका थिए ।' (पृ. ४४)*

उपर्युक्त उदाहरणबाट प्राकृतिक वर्णन गरिएको थाहा हुन्छ । लङ्गडाको साथी कुकुर सँगसँगै हिड्ने र बस्ने खाने गर्दथे । एकदिन लङ्गडो माग्ने क्रममा आफ्नो झुपडीमा पुग्दैन । सडकमा बस्छ । साथी कुकुर पनि हराउँछ । उसको साथी कुकुरको चिन्तामा डुबिरहन्छ । लङ्गडाको आत्तिएको मनलाई बिहानीपखको परिवेश सँगै हेरिएको छ । लङ्गडो कुकुरका चिन्तामा छटपटिएको हुन्छ । बिहानीपख शान्त वातावरणमा हावा सरसर तलमाथि मन्द-मन्द चलिरहेको शीतले रुखहरू भिजेको अवस्थालाई वर्णन गरिएको छ । माथिका 'सरर' शब्द पुनरावृत्ति भए 'सरसर' भएको छ । जसले हावाको प्रवृत्तिलाई जनाएको छ भने मन्द शब्दको पुनरावृत्ति भई मन्दमन्द भएको हो । मन्दमन्द शब्दले हावाको वेगलाई जनाएको छ ।

*'ऊ स्वाँ-स्वाँ गरेर नाकबाट निश्वास लिइरहेको थियो ।' (पृ. ५९)*

उपर्युक्त उदाहरणबाट लङ्गडाको परिस्थितिलाई प्रस्तुत गरिएको छ । लङ्गडो सडकमा हिँड्ने क्रममा एकदिन बाटामा नै हुँदा आँधी हुरीको सामना गर्नुपर्ने बाध्यता आयो । यसै क्रममा कुनै पसलको छेउमा ओत लाग्न पुग्छ तर पसलेबाट गलहत्याइन्छ । अर्को छिँडीमा ओत लाग्न पुग्छ । गड्याङगुडुङ आँधी हुरीको अत्यासले लङ्गडो आत्तिएको हुन्छ । लङ्गडो डरले कमजोर भएको थियो । नाकबाट स्वाँस्वाँ गरी श्वास लिइरहेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । माथिको स्वाँस्वा शब्दले आँधीहुरीबाट आत्तिएको लङ्गडाको अवस्थामा छिटोछिटो सास फेरेको अवस्थालाई लिइएको छ ।

### ३.३.२.२ पर्यायता / समानार्थकता

पाठलाई अगाडि बढाउने युक्तिका रूपमा लेखक वा वक्ताले समान अर्थ दिने शब्दलाई प्रयोग गर्दछ । यसअन्तर्गत एउटा कोशीय एकाइले अर्को समान अर्थ दिने कोशीय एकाइसँग पर्यायको शृङ्खला स्थापित गर्दछ । पाठका सन्दर्भमा पर्यायको प्रयोग सङ्कुचन अर्थमा र विस्तृत अर्थमा पनि हुन्छ । पाठमा पर्याय एउटै शब्दवर्गमा प्रयुक्त नहुन सक्छ । जस्तै : रुनु , रोयो, रुँदा, आँसु ।

यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

> *त्यस दिन बिहानै उठेर लङ्गडो घस्रँदै गङ्गीखानाको गल्ली उकालो गइरहेथ्यो । कुकुर पनि उसका पछि सुस्त सुस्त हिँडिरहन्थ्यो । चोकको मैदानमा आइपुगेपछि लङ्गडाले लामो निःश्वास लियो र फेरि उकालै हिँड्न थाल्यो । चौरस्ता आएपछि उसले त्यहाँ केहीबेरसम्म बसेर थकाइ मार्‍यो । उसको शरीर पसिनाले भिजेको थियो । त्यसपछि फेरि ऊ महाँकाल बाबाको थानतिर बिस्तारै बिस्तारै उकालो जान लाग्यो । (पृ. २५)*

उपर्युक्त उदाहरणबाट कुकुर पनि उसको पछि सुस्त सुस्त हिँडिरहन्थ्यो । उसको शरीर पसिनाले भिजेको थियो । महाँकाल बाबाको थानतिर बिस्तारै बिस्तारै उकालो जान लाग्यो जस्ता वाक्यमा दुईभन्दा बढी समान अर्थ दिने शब्दहरू आएका छन् । जस्तै :

सुस्तसुस्त - बिस्तारै, स्लोली, ढिलो आदि

शरीर - जिउ, गाथा, आदि

बिस्तारबिस्तार - ढिलो, मन्दमन्द, सुस्तसुस्त आदि

*'चोक बजारका अग्लाअग्ला बिल्डिङ र सेता घरहरूमा न्यानो घामका किरणले स्पर्श गर्दै लग्यो ।' (पृ. ३)*

उपर्युक्त उदाहरणमा दार्जिलिङ सहरका अग्लाअग्ला बिल्डिङ र घरमा बिहानीपखको तातो न्यानो घामको किरणले स्पर्श गर्दै लग्यो वा बिहानका घाम ती घरहरूमा लागेका छन् । प्रस्तुत उदाहरण उस्तै अर्थ लाग्ने दुईवटा शब्द भएको एउटै पर्यायवाची शब्द न्यानो हो । जस्तै : न्यानो - तातो, गरम

*'एकछिनपछि त्यसको मनमा के विचार आयो । (पृ. ४)*

उपर्युक्त उदाहरणमा लङ्गडाका क्रियाकलापप्रति लेखक स्वयंले वर्णन गरिरहेका छन् । प्रस्तुत उदाहरणमा प्रयोग भएको विचार शब्द पर्यायवाची शब्द हो ।

जस्तै : विचार - सङ्कल्प, ठहर

*'दिउँसो आफूलाई यसरी विरक्त पार्ने शत्रुहरूमाथि बदला लिन नपाउँदा उसको सारै नै चित्त दुख्यो । (पृ. ७)*

उपर्युक्त उदाहरणमा लङ्गडो माग्न बसेको समय वा बाटामा सहरका बदमास केटाकेटीहरूले जिस्क्याएर सताउने गर्दथे । त्यसैले उनीहरूलाई आफ्नो शत्रु सम्फने गर्दथ्यो । तसर्थ लङ्गडो दिनभर आफूलाई सताएर हैरान गर्ने शत्रुलाई केही गर्न सक्दैनथ्यो । त्यसैले राती भएपछि आफूलाई सताउने शत्रुलाई केही बदला नै नलिई छोडेकामा लङ्गडाको चित्त दुख्थ्यो । माथिका वाक्यमा प्रयोग भएको चित्त शब्द पर्यायवाची शब्द हो ।

जस्तै : चित्त - मन, दिल

*आफ्ना अघिल्तिरबाट ती केटाहरू गइसकेपछि मात्र लङ्गडाले मुन्टो फर्काउँथ्यो र पछिल्तिरबाट राताराता आँखा पारेर छड्के नजरले हेरिरहन्थ्यो । (पृ. ७)*

उपर्युक्त उदाहरणमा लङ्गडालाई जिस्क्याउने बदमास केटाहरूले उसलाई जिस्क्याउँदा पनि ऊ केही गर्दैनथ्यो । उनीहरू त्यहाँबाट हिँडिसकेपछि रिसले छड्के आँखाले हेर्ने गर्थ्यो भन्ने अर्थ स्पष्ट रहेको छ। उपर्युक्त वाक्यमा प्रयोग भएको आँखो शब्द पर्यायवाची शब्द हो ।

जस्तै : आँखा - नेत्र, नयन

*पृथ्वीमा उषाकालीन वायु बग्नुभन्दा अघि दार्जिलिङ सहर फिसमिसे अन्धकारभित्र नै छोपिएको हुन्थ्यो ।' (पृ. २१)*

उपर्युक्त उदाहरणमा दार्जिलिङ सहरको बिहानीपखको वर्णन गरिएको छ । जतिजति बिहान हुँदै जान्छ त्यति नै ताराहरू हराउँदै जान्छन् । पूर्ण उज्यालो हुनुपूर्व वा उषकालीन वायु बढ्नुभन्दा अघि दार्जिलिङ सहरमा अँध्यारो नै भइरहन्थ्यो भन्न अर्थ व्यक्त भएको छ । उपर्युक्त उदाहरणमा वायु शब्द पर्यायवाची शब्द हो ।

वायु - हावा, बतास

*हिउँको ठल्लाले उसको कुममा आङमा टाउकामा लाग्थ्यो । (पृ. २२)*

उपर्युक्त उदाहरणमा दार्जिलिङ सहरका बदमास केटाकेटीहरूले लङ्गडालाई गरेको अत्यचारपूर्ण क्रियाकलापलाई प्रस्तुत गरिएको छ । केटाकेटीहरूले लङ्गडालाई हिउँको डल्लाले हिर्काउने गर्दथे । लङ्गडाका शरीरका विभिन्न ठाउँमा लाग्ने गर्दथ्यो । लङ्गडो फर्केर कराउने गर्दथ्यो । कोही बाटो हिँड्ने मानिसहरू दयालु भए भने ती केटाकेटीलाई कराउने गर्दथे । प्रस्तुत वाक्यमा प्रयोग भएको आङ शब्द पर्यायवाची शब्द हो ।

जस्तै आङ - शरीर , जिउ

*'त्यो पैसा उसले त्यही फाटेको रुमालमा राम्ररी बाँध्यो । सन्तोषको लामो सास तान्यो र प्रसन्न चित्तले चारैतिर हेर्‍यो । (पृ. २८)*

उपर्युक्त उदाहरणमा लङ्गडाले केही दिनदेखि मागेका पैसा जम्मा गरिरहेको थियो । एकदिन उसले त्यो पैसा जम्मा गरेको रुमाललाई फुकाएर हेर्दै खुसी हुन्छ । प्रस्तुत वाक्यमा प्रयोग भएको प्रसन्न शब्द पर्यायवाची शब्द हो ।

जस्तै : प्रसन्न - सन्तोष, खुसी, आनन्द, तुष्टि

*'उसकै गोडानेर कुकुर पनि गुडुलिएर सुत्यो । (पृ. ३३)*

उपयुक्त उदाहरणमा लङ्गडो झुप्रामा नफर्किएर सडकमा नै बास बस्ने विचार गर्दछ । लङ्गडो आफ्ना पोकापतौरा राखेर थोत्रे पाखीले मुख छोपेर सुत्छ भने कुकुर लङ्गडाका गोडामुनि गुडुल्किएर सुत्दछ । उपर्युक्त उदाहरणमा प्रयोग भएको गोडा पर्यायवाची शब्द हो । जस्तै : गोडा - पाउ, खुट्टा

## ३.३.२.३ विपरीतता

पाठको कुनै कोशीय एकाइले अर्को कोशीय एकाइसँग विरोधी सम्बन्ध स्थापित गर्ने कार्य गरेको छ भने त्यो विपरीतता हो । मूलतः सहवर्गीयता (क्लासिफिकेसन) अन्तर्गत नै विपरीतताको अध्ययन गर्न सकिन्छ । तापनि विपरीतताअन्तर्गत पनि सहविस्तारक सम्बन्ध कायम हुन्छ । यसमा पनि पर्यायता अधिकार्थकता, समावेशात्मकता जस्तै एउटै वर्गका कोशीय एकाइका सदस्यहरूका बिचमा आर्थी सम्बन्ध स्तरपरक रूपमा स्थापित हुन्छ । त्यसैले समावेशात्मकतामा जस्तै एउटै वर्गका कोशीय एकाइका सदस्यहरूका बिचमा आर्थी सम्बन्ध स्तरपरक रूपमा स्थापित हुन्छ । त्यसैले समावेशात्मकता, अधिकार्थकता जस्तै - विपरीततालाई पनि पर्यायताको एउटा विरोधी सदस्य मानिएको पाइन्छ (ह्यालिडे र हसन,

१९८५ : ३१२) । यसले पनि पाठमा कोशीय एकाइको विरोधी सदस्यलाई साहचर्यात्मक रूपमा शृङ्खलित गर्दछ । विपरीततालाई पनि महत्त्वपूर्ण युक्तिका रूपमा पाठमा प्रयोग गरिन्छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

> *एउटा भालादमी तल्तिरबाट आइरहेको थियो । लङ्गडाको मनमा सानो आशा पलायो । ऊ हत्तपत्त घस्रँदै सडकको माँझमा आयो र भलादमीलाई सलाम गर्दै पैसा माग्यो - "हजुर .......! " (पृ. ४७)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासका वाक्यहरूको कोशीय एकाइअन्तर्गतका विपरीत अर्थ बुझाउने शब्दहरू प्रयोग पनि रहेको पाइन्छ । माथिको वाक्यहरूमा आएका तल्तिर, माँझमा, आशा जस्ता शब्दहरू पर्यायवाची शब्द हुन् । जस्तै - तल्तिर - मास्तिर, माँझ - छेउ, आशा - निराशा ।

*(क) एक्कासी कालो बादल आई 'आकाश' ढाक्यो र पानी पर्न लाग्यो । (पृ. १५)*

*(ख) दुवै हातले छाता समातेर जोगिँदाजोगिँदै पनि हावाले उसको छाता ह्वार्लाङ्ग उभो फर्काइदिन्थ्यो । (पृ. १५)*

*(ग) तिनीहरूका सुकिला लुगा हेर्दथ्यो । (पृ. १५)*

*(घ) मैला गनाउने, च्याथ्राच्याथ्रा भइसकेका वस्त्र लगाउने अरू माग्नेहरू त्यहाँ झुरुम्म भएर अनेक कुरा गरिरहन्थे । (पृ. १७)*

*(ङ) तर रात पर्न लागेपछि स्टेसनको नगिच त्यहीँ ओत लाग्ने ठाउँमा आएर कुनापट्टि सुत्ने गर्थ्यो । (पृ. १८)*

*(च) आफ्ना दुःखसुख बाहेक अरूको चिन्ता अथवा वास्ता नै हुँदैनथ्यो । (पृ. २२)*

*(छ) आफ्नो सबै जिउ छामेर राम्ररी हेऱ्यो, खोज्यो र बोरा टकटक्यायो । (पृ. ३५)*

*(ज) काठको अग्लो अनि चारैतिर काठले बेरेको एउटा छाप्रो थियो अनि मास्तिर उही टिनको छानो । (पृ. ४३)*

*(झ) एउटा पुलिस मास्तिरबाट आउन लागेको रहेछ । (पृ. ४५)*

*(ञ) लङ्गडाका मनमा सानो आशा पलायो । (पृ. ४७)*

*(ट) लङ्गडो पनि आफ्ना दुवै पाखुराका बलले घस्रँदै उकालो गइरहेको थियो । (पृ. ५०)*

*(ठ) जहाँ लङ्गडाभन्दा धेरै असल र धनी मानिसहरू थिए । (पृ. ५३)*

*(ड) बिजुलीको प्रकाशमा लङ्गडाले राम्रै देख्यो त्यो मान्छे त दिउँसो टाउन हलमा एउटी आइमाईसित सिनेमा हेर्न जाने मान्छेपो रहेछ ।(पृ. ५७)*

*(ढ) त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रुँदै विदला गरिरहेको जस्तो थियो । (पृ. ६६)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा कोशीय एकाइसँग विपरीत सम्बन्ध स्थापित गर्ने शब्दहरू पनि प्रयोग भएको पाइन्छ । उदाहरणमा आएका कतिपय वाक्यहरू अघिल्ला शीर्षकहरूमा विश्लेषण भइसकेकाले (क), (ख), (ग) ... गर्दै प्रस्तुत गरिएको छ जसमा प्रयोग भएका विपरीतार्थक शब्दहरू -

| | | | |
|---|---|---|---|
| बाक्लो | पातलो | बाहिर | भित्र |
| आकाश | पाताल | हात | खुट्टा |
| उँभो | उँधो | मैला | सुकिला |
| रात | दिन | रुँदै | हाँस्दै |
| दुःख | सुख | राम्ररी | नराम्ररी |
| मास्तिर | तल्तिर | माथिबाट | तलबाट |
| उकालो | ओरालो | धनी | गरिब |
| दिउँसो | राती | | |

## ३.३.२.४ अधिकार्थकता

कोशीय एकाइका बिचमा अंश-पूर्ण सम्बन्धलाई अधिकार्थकताले कायम गर्दछ ( ह्यालिडे र हसन, १९९१ : ८१) । जस्तै - हात एउटा पूर्ण रूप हो भने यसमा हुने औँलाहरू अध्यारोपित हुन् । पूर्ण रूपमा त्यसका अंश/अङ्ग घटकहरू समाहित हने वा अध्यारोपित हने आर्थी सम्बन्धलाई अधिकार्थकता भनिन्छ । अधिकार्थकताले एउटा छाता शब्द/एकाइलाई जनाउँछ । जस्तै - फूल शब्दमा गोदावरी, गुलाफ, आदि समावेश हुन्छन् । साथै पाठमा कतिपय सामान्य शब्द पनि प्रयुक्त हुन्छन् । वस्तु/द्रव्य/पदार्थ, स्थान, व्यक्ति, महिला, पुरुष जस्ता सामान्य नामहरू र कार्य, घटनालाई जनाउने क्रिया जस्ता तहमा रहने छाता शब्दलाई सामान्य शब्द भनिन्छ (कटिङ, २००८ : १२) । यस्ता शब्दले पाठका अन्य कोशीय एकाइलाई ढाकेर रहेका हुन्छन् । अध्यारोपित शब्दलाई सामान्य शब्दमा परिभाषित गर्न पनि सकिन्छ । अधिकार्थकतालाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'त्यो हल्ला सुनेर लङ्गडाले टाउको उठाउन खोज्यो । उसको निधारभरि रगतका टाटा थिए । एकछिनपछि उसले आँखा उघार्‍यो र टाउको अलिकति*

*उठाएर चारैतिर हेर्‍यो । चारैतिर हेर्नुभन्दा पहिले उसले आफ्नै साथी कुकुरलाई छेउमा बसिरहेको पायो ।' (पृ. ६६)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा अधिकार्थकता बुझाउने शब्द प्रयोग भएका छन् । जस्तै - यहाँ टाउको शब्द, आँखा शब्द अधिकार्थक शब्द हुन् ।

आँखा - नानी, परेला आदि

टाउको - कपाल, निधार आदि हुन् ।

यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न खोजिएको छ ।

*(क) तर जतिजति सूर्य मास्तिर आकाशमा उक्लँदै जान्थे उतिउति त्यो टलक पनि फिक्का हुँदै हराउँदै त्यस ठाउँमा चाँदीको जलपका रूपमा विस्तार विस्तार परिवर्तन हुँदै जान्थ्यो । (पृ. १)*

*(ख) धेरै शीतका थोपाहरू रुखका पातमा काम्दै झुन्डिरहेका थिए । (पृ. १)*

*(ग) ती पनि अहिले त सुन जस्तै भएर चम्किरहेका थिए । (पृ. १)*

*(घ) हाँगाहरूमा भर्खरभर्खर गुलाफी र गहिरो रातो रङमा फक्रन लागेका फूलहरू थिए । (पृ. २)*

*(ङ) पछिल्तिर रहेका चोकबजारतिर भने हत्तपत्त घामै नलाग्ने हुनाले त्यतापटि अहिलेसम्म पनि शून्य जस्तो नै थियो । (पृ. २)*

*(च) चोक बजारका पानका पसलहरू विस्तार विस्तार उघ्रन लागेका थिए । (पृ. २)*

*(छ) आफ्नो अघिल्तिरबाट ती केटाहरू गइसकेपछि मात्र लङ्गडाले मुन्टो फर्काउथ्यो । पछिल्तिरबाट राताराता आँखा पारेर छड्के नजरले हेरिरहन्थ्यो । (पृ. ८)*

*(ज) तर कहिलेकाहीँ असल अङ्ग हुने राम्रा मानिसहरूले आफ्ना विकृत अङ्गहरू हेरेर हँसी उडाउँदा भने हेर्दथ्यो । (पृ १३)*

*(झ) भरे राती पानी थामिएपछि भिजेकै लुगा लगाएर ऊ सुत्थ्यो । (पृ. १५)*

*(ञ) सडक गल्ली, छिँडी, घर, दलान पानीले भिजेर सबै हिलैहिलो भएर दिक्क लाग्दो दृश्य हुन्थ्यो । (पृ. १५)*

*(ट) रुखपात झार जङ्गलमा तुसारो परेको थियो । (पृ. २७)*

*(ठ) उसको अनुहार आकृति नै उदास थियो । (पृ. ४६)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा कोशीय एकाइका बिचमा अंश-पूर्ण सम्बन्ध शब्दहरूको प्रयोग भएको पाइन्छ ।

उदाहरणमा प्रयुक्त कतिपय वाक्यहरू अघिल्ला शीर्षकहरूमा विश्लेषण भइसकेकाले यसलाई (क), (ख), (ग) .... गर्दै प्रस्तुत गरिएको छ । निम्नानुसारका केही अधिकार्थकता शब्दहरूलाई लिइएको छ ।

| | | | | |
|---|---|---|---|---|
| जस्तै | आकाश | सुन | रुख | फूल |
| | बजार | आँखा | मानिस | लुगा |
| | घर | जङ्गल | अनुहार | आदि |

माथिका शब्दहरूलाई निम्नानुसार अंश-पूर्ण छुट्याइएको छ ।

आकाश - तरा, जून, आदि

सुन - तिलरी, नेकलेश, औँठी आदि

रुख - जरा, पात, हाँगा आदि

फूल - गोदावरी, सयपत्री, मखमली आदि

आँखा - परेला, पुतली (नानी) आदि

घर - ढोका, झ्याल, भऱ्याङ आदि

बजार - लुगा पसल, चुरा पसल आदि

पसल - चामल, तेल, नुन आदि

लुगा - सर्ट, पाइन्ट, कुर्ता आदि

जङ्गल - घाँस, रुख आदि

अनुहार - नाक, मुख, आँखा आदि

### ३.३.३ वर्णनात्मकता

उपन्यास वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । यहाँ उपन्यासकार स्वयम् काथावाचक बनेका छन् । तत्कालीन दार्जेलिङ बजारमा यताउति मागी हिँड्ने एउटा लङ्गडो भिखारीको कथालाई विषयवस्तु बनाइएको छ । उपन्यासमा यथार्थता सबल भएर पनि स्वप्निल कथन र तन्द्रावस्थाको वर्णनले अतियथार्थवादी प्रयोग शैलीका रूपमा आएको छ । आकारमा लघु भए पनि उपन्यासले आजको विश्व परिवेशलाई समेट्नु आधुनिक उपन्यास परम्परामा नयाँ खालको घटनालाई प्रस्तुत गरिएको छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'माघ-फागुनको एक उत्कट जाडो । त्यसैले पश्चिमतिर फर्केर बसेको सारा दार्जेलिङ सहर जाडाले कक्रिरहेको थियो । वारिपारि देखिने घर, कोठी र तिनका*

*राताराता छाना तथा बाटाघाटा, रेलिङ, पार्क, हावाघर ती सब अहिलेसम्म जाडाले कठ्याङ्ग्रिरहेकै जस्ता देखिन्थे । अग्ला-अग्ला धुपीका रूखहरूसमेत बिहानको जाडो र शीतको प्रहर प्रहार सहन गर्दै चुपचाप ठिङ्ग उभिरहेका जस्ता देखिन्थे ।'(पृ. -२)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा धेरैजसो वर्णित विषयवस्तुको प्रस्तुति रहेको छ । उपन्यासमा तत्कालीन दार्जिलिङको सेरोफेरो र प्राकृतिक वर्णन समावेश गरिएको छ । माघ-फागुनको उत्कट जाडो पश्चिमतिर फर्केको दार्जिलिङ सहर र त्यहाँका घर, कोठी, रेलिङ, पार्क र धुपीका रूखहरू लगायतका प्राकृतिक वर्णन रहेको छ ।

कुनै पनि घटना वा विषयवस्तुको वर्णन गर्ने शैली वर्णनात्मक शैली हो । 'लङ्गडाको साथी' उपन्यास दार्जिलिङ सहर र लङ्गडाको जीवनशैलीलाई स्वयं उपन्यासकार प्रत्यक्षदर्शी भएर वर्णन गरेको पाइन्छ । केही उदाहरणलाई लिई निम्नानुसारको विश्लेषणबाट प्रस्ट पार्न सकिन्छ ।

*'धेरै शीतका थोपाहरू रुखका पातमा काम्दै झुन्डिरहेका थिए । ती पनि अहिले त सुन जस्तै भएर चम्किरहेका थिए ।'(पृ. १)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा लेखकले प्राकृतिक वर्णन गरेका छन् । जहाँ दार्जिलिङ सहरमा बिहानीपख हिउँदको शीत पर्ने समय रहेका छ । रुखका पातहरूमा बिहानीपखको झुल्के घामका किरणहरूले शीतका थोपालाई सुन जस्तै टल्काइदिएको छ ।

*भित्ताको सहारामा एक-दुई काठ गाडी टिनले बारेर एउटा मानिस सुत्नसम्म हुने सानो ठाउँ बनाइएको थियो ।(पृ. ३)*

उपर्युक्त उदाहरणमा **लङ्गडाको साथी** उपन्यासमा प्राकृतिक वर्णनसँगै लङ्गडाको जीवनचर्याको पनि वर्णन गरिएको छ । उपर्युक्त उदाहरणमा आएका वाक्य जुन लङ्गडो बस्ने गरेको एउटा झुप्रो जुन काठ र टिनले बनाइएको थियो, त्यसमा कुनै बत्ती वा बिजुली केही पनि थिएन । लङ्गडो दिनभर सडकपेटीमा माग्ने गर्थ्यो अनि राती भएपछि त्यही झुप्रामा आएर बस्ने गर्दथ्यो । लङ्गडो दार्जिलिङ सहरमा मानिसहरूबाट नै अपहेलित भएर बाँच्नु परको अवस्थाको वर्णनलाई प्रस्तुत गरिएको छ ।

*'सहरका बदमास केटाहरूको एक दल थियो तिनीहरू उसलाई भुईँभालु भनी जिस्क्याउँथे ।(पृ. ६)*

उपर्युक्त उदाहरणबाट लङ्गडो दार्जिलिङ सहरमा केटाकेटीहरूबाट पीडित रहेर पनि बाध्यताले घुमफिर गरिरहेको हुन्छ । लङ्गडो केटाकेटीलाई गाली गर्थ्यो तर हिँड्न सक्दैनथ्यो । लङ्गडो वर्षौंदेखि यस्तै जीवन बिताउँदै आएको थियो । लङ्गडालाई के हिउँद वर्षा पानी झरी र मानिसहरूबाट नै तिरस्कृत हुँदै –

*एउटा पसलेले आ- एउटा पसलेले आफ्नो पसल थुन्न लागेको थियो । लङ्गडो त्यहीँ गएर ओत लाग्न खोज्यो तर पसलले भित्रबाट लङ्गडालाई देखिहाल्यो । पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा ऊ एकछिनसम्म यताउता हेरिरह्यो ।(पृ. ५८)*

उपर्युक्त उदाहरणबाट लङ्गडो समाजमा अपहेलित भएर बाँचेको प्रस्ट हुन्छ । पसलेले पसलका अगाडि बस्न दिँदैन । पानी परिरहेको हुन्छ । लङ्गडो कता जाऊँ कता जाऊँ भनी अतालिन्छ । लङ्गडो मानिस भएर पनि मानिसबाट नै तिरस्कार र अपहेलित व्यवहार भोग्न बाध्य थियो । यसैगरी –

*'त्यसले आफ्ना बलिया पाखुराले लङ्गडालाई हातबाट तानेर घसार्दै वर ल्यायो र सिँढीको ओरालामा मुन्ट्याइदियो ।(पृ. ६३)*

उपर्युक्त उदाहरणबाट लङ्गडो समाजका मानवबाट भएका, गरेका अमानवीय कार्यहरूबाट पीडित थियो । लङ्गडालाई जीवन सम्झँदा विरक्त लाग्दथ्यो । सधैं अर्काको भरमा जीवनयापन गर्नुपर्ने आफन्त कोही पनि नभएको लङ्गडाले सडक गल्लीमा हिँड्ने एउटा कुकुरलाई आत्मीय मित्र बनाएको थियो –

*'कहिलेकाहीँ लङ्गडो कतै गएको छ भने तथा लङ्गडालाई बजारमा देखेन भने त्यो कुकुर सडक गल्लीहरू सुँघ्दै लङ्गडो भए ठाउँमा लुखुरलुखुर घुम्दै आइपुग्थ्यो ।' ( पृ. ११)*

उपर्युक्त उदाहरणबाट लङ्गडाको आत्मीय मित्रका रूपमा एउटा कुकुर थियो । त्यो कुकुरलाई आफ्नो गाँस काटेर खुवाउने गर्दथ्यो । लङ्गडो कहीँ गएको छ भने लङ्गडालाई खोज्दै हिँड्थ्यो । लङ्गडो पनि कुकुरलाई देखेन भने एकदमै चिन्तामा हुन्थ्यो । लङ्गडाले आफ्ना भागको खाने कुरा कुकुरलाई दिने गर्दथ्यो । कुकुर पनि सधैँ लङ्गडासँग नै बस्ने गर्दथ्यो । **लङ्गडाको साथी** उपन्यासमा पशु र मान्छेबिचका प्रेमलाई प्रस्तुत गरिएको छ ।

*'वर्षाको पानी र वालुवाले केही छोपेको एउटा मान्छे र अर्को पशुको अस्थिपञ्जर त्यसरी जोरिएर त्यसले त्यो पृथ्वीको तहभन्दा पनि माथि पशु र मान्छेको आत्मीयताको परिचय दिइरहन्थ्यो ....।'(पृ. ६९)*

उपर्युक्त उदाहरणबाट लङ्गडो (मानिस) र कुकुर (पशु) बिचको आत्मीय प्रेमलाई देखाइएको छ । जीवित छँदा पनि लङ्गडो र कुकुर सँगै बस्ने, खाने, हिँड्ने, डुल्ने गर्थे । एकको साथी अर्को बनेर बसेका थिए भने कुनै एकको कमी हुँदा उनीहरूमा खिन्नता पैदा हुने र भेट हुँदा खुसीको माहोल बन्ने जस्ता घटना सिर्जना हुन्थ्यो । मान्छे र पशुबिचको घनिष्टतालाई मृत्युपर्यन्त पनि उनीहरूको अस्थिपञ्जर सँगै भेटिनुले पृथ्वीको तहभन्दा पनि माथि पशु र मानछेको आत्मीयताको परिचय दिइरहेको पाइन्छ ।

### ३.३.४ अलङ्कार

अलङ्कार भनेको गहना हो । **लङ्गडाको साथी** उपन्यास पनि आलङ्कारिकता पाइन्छ । गहनाले जसरी सौन्दर्य बढाउँछ त्यसैगरी आख्यानमा अलङ्कारले आख्यानले शोभा बढाउँछ । 'लङ्गडाको साथी' उपन्यास एउटा लङ्गडो भिखारी र मानवेतर प्राणीको दुःखकष्टलाई विषयवस्तु बनाइएको छ । दार्जिलिङको मनोरम प्राकृतिक सुन्दरतालाई वर्णन गरिएको हुँदा यस उपन्यासमा अलङ्कारको प्रयोग गरिएको छ । यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'महाकाल बाबाको थानवरिपरि रातभरि शीत र चिसो हावाले काम्न लागेका रुखका पातहरूमा बल्ल सूर्यका किरण पर्दा चारैतिर प्रकृति एक्कासि सुनको जलप लाएर हाँसेजस्तो देखियो । धेरै शीतका थोपाहरू पातमा काम्दै झुन्डिरहेका थिए । ती पनि अहिले सुनजस्तै भएर चम्किरहेका थिए । गुराँसको बोटका हाँगाहरू भर्खर-भर्खर गुलाफी र गहिरो रातो रङमा फक्रन लागेका फूलहरू थिए । तिनलाई पनि सूर्यको उष्ण किरणले अहिले नै म्वाइँ खाला-खाला जस्तो देखिन्थ्यो ।' (पृ.-१)*

उपर्यूक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा अङ्कार प्रयोग भएको पाइन्छ । पातहरूमा सूर्यका किरण पर्दा सुनको जलपजस्तै देखिनु अलङ्कारको प्रयोग हो । यहाँ उपमेय सूर्यका किरण, उपमान सूनको जलप, धर्म सूर्यका किरण र सुनको जलप र वाचक शब्द - जस्तै हो । यसबाट यहाँ उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । केही उदाहरणहरू लिई विश्लेषण गरिएको छ ।

*'बिहानीपख डाँडामा देखिने पूर्वतिरका ती नीला पहाडहरूबाट लहरैलहर मालाजस्ता भएर झरेका उपत्यकाहरूमा पनि सूर्यका लामालामा किरणको छाप अहिलेसम्म परेकै थिएन । ' (पृ. १)*

उपर्युक्त उदाहरणमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । दुई वस्तु वा व्यक्ति उपमा र उपमान सादृश्य वा तुल्यता नै उपमा अलङ्कार हो । उदाहरणमा आएको 'जस्तो' वाचक शब्दका रूपमा रहेको छ । उदाहरणमा प्रयोग भएका वाक्यमा उपत्यकालाई मालासँग तुलना गरिएको छ । यसैगरी प्रस्तुत वाक्यमा प्रयोग भएका शब्दहरू -

उपमेय - उपत्यका

उपमान - माला

धर्म - झर्नु

वाचक शब्द - जस्तै

उदाहरणमा उपमा अलङ्कारको प्रयोग गरी दार्जिलिङ सहरको पहाडी प्राकृतिक मनोरम दृश्यको वर्णन गरिएको छ । बिहानीपखको समयलाई लिएर चिसो मौसम, घाम झुल्किँदाखेरिको परिवेशलाई लिएको छ । चिसो मौसम उज्यालो हुँदै गर्दा पूर्वपट्टि हुँदै गरको उज्यालोमा देखिने नीला लहरैलहर माला जस्ता अलि सुन्दर पहाडहरूमा बिहानै सूर्यको किरण परेका थिएनन् भन्न घाम नझुल्किएको परिवेशलाई वर्णन गरिएको छ ।

*'त्यस ठाउँमा चाँदीको जलपका रूपमा विस्तार विस्तार परिवर्तन हुँदै जान्थ्यो ।' (पृ. १)*

उपर्युक्त उदाहरणमा बेलुकीपखको समयलाई लिइएको छ । उपर्युक्त वाक्यमा पनि उपमा अलङ्कारको प्रयोग भएको छ । जहाँ ठाउँलाई चाँदीको जलपका रूपमा लिइएको छ । प्रस्तुत उदाहरणमा ठाउँ (दार्जिलिङ सहर) लाई चाँदीको जलपसँग तुलना गरिएको छ ।

जस्तै : उपमेय - ठाउँ

उपमान- चाँदीको जलप

धर्म- परिवर्तन हुनु

वाचक शब्द- रूपमा / जस्तै

माथि उदाहरणमा बेलुकी घाम अस्ताउँदै गरेको समयलाई लिइएको छ । जति आकाशमा घाम पश्चिम जाँदै गर्छन त्यति नै पृथ्वीमा शून्य खल्लो अँध्यारो परिवेश सिर्जना हुँदै जान्छ । जसले अन्धकारको सङ्केत गरेको हुन्छ । त्यसै समयलाई लिएर अस्ताउन

लागेका घामले सिर्जना गरेका दार्जिलिङ सहरको प्राकृतिक ठाउँलाई चाँदीको जलप जुन सेतो रङको हुन्छ । जसरी चाँदी सेतो वा उदास रङको हुन्छ त्यसरी नै बेलुकी घाम अस्ताउन लागेको पृथ्वीको परिवेश पनि उजाड नै देखिन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

*'महाकाल बाबाको थानवरिपरि रातभरि शीत र चिसो हावाले काम्न लागेका रुखका पातहरूमा बल्ल सूर्यका पँहेला किरण पर्दा चारैतिर प्रकृति एक्कासी सुनको जलप लाएर हाँसेजस्तो देखियो ।' (पृ. १)*

उपर्युक्त उदाहरणमा बिहानीपखको समयलाई लिइएको छ । चिसो वा हिउँदको समयमा रातभरि शीत परेको र बिहानीपख घाम झुल्किँदाको परिवेश चित्रण गरिएको छ । प्रस्तुत उदाहरणमा प्रकृतिलाई सुनको जलपसँग तुलना गरिएको छ । जस्तै

उपमेय - प्रकृति

उपमान - सुनको जलप

धर्म- देखिनु

बाचक शब्द- जस्तो

उदाहरणमा बिहानीपखको घाम झुल्किउको समयलाई लिइएको छ । दार्जिलिङको महाकाल बाबा थानवरिपरि चिसो (हिउँद) को मौसम रातभरि परेको शीत र त्यहाँका रुखपातहरूमा झरेका शीतको थोपा, बिहानीपखको चिसो सिरेटो आदिलाई लिएर घाम झुल्किसक्दा रुखका पातमा शीतका थोपाहरूमा चमक बिहान झुल्किँदाखेरिका घामका किरणले प्रकृतिलाई सिर्जना गरेको मनोरम दृश्यलाई सुनको जलपसँग तुलना गरिएको छ ।

*'धेरै शीतका थोपाहरू रुखका पातमा काम्दै झुन्डिरहेका थिए । ती पनि अहिले त सुन जस्तै भएर चम्किरहेका थिए ।' (पृ. १)*

उपर्युक्त उदाहरणमा बिहानीपखको समयलाई लिइएको छ । योभन्दा अगाडिको उदाहरणमा प्रकृतिलाई उपमेयका रूपमा लिइएको थियो भने यस उदाहरणमा हिउँद महिनामा रातभरि परेका शीतका थोपाको सौन्दर्यको व्याख्या गरिएको छ । जस्तै :

उपमेय - शीतको थोपा

उपमान - उपमान

धर्म - चम्किनु

वाचक शब्द - जस्तै

समग्रमा **लङ्गडाको साथी** उपन्यास एउटा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको उपन्यास हो । यसमा त्यत्ति काव्यालङ्कार प्रयोग नभए तापनि थोरै मात्रामा उपमा अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

## ३.३.५ सङ्केत

कुनै पनि कुरालाई औंल्याउनु वा देखाउनु भन्ने हुन्छ । लङ्गडाको साथी उपन्यास सामाजिक यथार्थवादी धरातलमा उभिएर अतियथार्थवादी प्रकृतिलाई बोकेको छ । उपन्यासमा एउटा सधैं दुईवटा काठको सहायताले घस्रेर मागी हिँड्ने लङ्गडालाई विषयवस्तु बनाएर उपन्यासमा लङ्गडाको जीवनमा घटेका घटेका तथा उसका दिनचर्याको चित्रण गर्ने क्रममा उपन्यासकार यथार्थभन्दा पर अतियथार्थमा पुगेका छन् । उपन्यासका केन्द्रीय पात्र लङ्गडाका जीवनमा घटेका दुःखद घटनालाई कारुणिक रूपमा प्रस्तुत गर्दै मानवमा मानवीय गुण क्रमशः ह्रास हुँदै गएकोप्रति सङ्केत गर्दै मानवीय गुणको खाँचो रहेको कुराप्रति विशेष जोड दिएका छन् । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

> *'सहरका बदमास केटाकेटीहरूको एकदल थियो । तिनीहरू उसलाई 'भुईंभालु' भनी खिज्याउँथे । ऊ रिसले भुतुक्क भएर आफ्नै लौरो टिपी झटारो हान्न खोज्थ्यो । त्यतिबेला कसरी उसका हातमा अपूर्व बल आउँथ्यो । सुकेर खुम्चिएका दुवै खुट्टालाई घसार्दै लङ्गडाले दुवै हातका काठ छिटोछिटो सार्दै आफूलाई जिस्क्याउने केटाहरूलाई लखेट्थ्यो । स्कुल जान लागेका केटाहरूसमेत त्यहाँ सामेल हुन्थे र धेरैबेरसम्म यसरी लङ्गडो पनि असिनपसिन हुँदै ती शत्रुहरूलाई खेद्न छाड्दैनथ्यो । केटाकेटीहरूको भिड जम्थ्यो ।' (पृ.- ६)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा बदमास केटाकेटीहरूको लङ्गडामाथिको दुर्व्यवहार मानवीय गुणमा देखिएको कमीकमजोरी रहेको छ । 'भुईंभालु' भनी जिस्क्याउँदा असिनपसिन हुँदै खेद्न लङ्गडाको दुःखदर्दलाई प्रस्ट पारिएको छ । यस्ता दुःखी, गरिब र अशक्तलाई मानवीय व्यवहार गर्नुपर्छ भनी मानवमा मानवीय गुण खोज्दै मानवीय ह्रासको सङ्केत गरिएको छ ।

लङ्गडाको साथी उपन्यासमा उपन्यासको प्रमुख पात्र लङ्गडाले समाजबाट विभिन्नखालका अन्यायपूर्ण गतिविधिहरू झेल्नु परेको घटनालाई प्रस्तुत गरिएको छ । यस्तो गतिविधिबाट सुधार हुन जरुरी हुन्छ भन्ने कुराको सङ्केत उपन्यासमा रहेको छ । निम्न केही उदाहरणहरूबाट प्रस्ट पार्न सकिन्छ ।

(क) मा*निसले उसलाई लङ्गडो भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे, जिस्क्याउँथे । (पृ. ६)*

*(ख) दुवै हातले छाता समातेर जोगिँदा जोगिँदै पनि हावाले उसको छाता ह्वार्लाङ्ग उँभो फर्काइदिन्थ्यो । ...त्यो अवस्था देखेर नजिकैको घडीपसलमा ओत लाग्ने मानिसहरू हाँस्थे । (पृ. १५)*

*(ग) सबै आफ्ना -आफ्नै विचारमा मस्त थिए । कसैलाई लङ्गडाको मानसिक अवस्थामाथि विचार गर्ने अवकास थिएन । कसैलाई उसको अवस्थामाथि सहानुभूति प्रकट गर्ने समय थिएन । (पृ. २२-२३)*

*(घ) ती मानिसहरूले लङ्गडा जस्तो घस्री-घस्री हिँड्नु पर्दैनथ्यो ... बोरा र थाङ्नामा बेरिएर च्याथ्रा भइसकेका लुगा लगाएर कसैको दलान दलानमा आश्रय लिएर रात काट्नु पर्दैनथ्यो । ... बाँच्नका निम्ति तिनीहरूले लङ्गडाजस्तो हीन भएर दिनमा पनि रातमा पनि सङ्घर्ष गर्नु पर्दैनथ्यो । (पृ. ५३)*

*(ङ) एउटा पसले आफ्नो पसल थुन्न लागेको थियो । लङ्गडो त्यहीँ गएर ओत लाग्न खोज्यो तर पसलेले भित्रबट लङ्गडालाई देखिहाल्यो । पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा ऊ एकछिनसम्म यताउता गरिरह्यो । (पृ. ५८)*

*(च) त्यो मानिसले हातको लौराले लङ्गडालाई घोच्लाजस्तो गरी केहीबेरसम्म गाली बर्सायो । त्यसले आफ्ना बलिया पाखुराले लङ्गडालाई तानेर घिसार्दै वर ल्यायो र सिँढीको ओरालोमा मुन्ट्याइदियो ।* (पृ. ६३)

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा उपन्यासको प्रमुख (केन्द्रीय) पात्र (सहभागी) लङ्गडो सधैँभरि सडकको पेटीमा मागेर हिँड्न पर्ने बाध्यता भएको भिखारीलाई समाजमा बस्ने भद्रभलादमीहरूले दिइएको दुःख कष्ट जस्तै उदाहरण (क), (ख), (ग) (घ), (ङ), (च) हुन् । आफ्ना अपाङ्ग अङ्ग देखेर आफ्नो जीवन भोगाइलाई व्यतित गरिरहेको एउटा मानिसमाथि सबलाङ्ग मानिसहरूले नै उसका अङ्गलाई देखेर हाँस्नु, ठट्टा गर्नु, उदाहरण (ख) मा जस्तो पानी झरी र विपत्तिमा परेका समयमा उसको दुःखमा हाँसेर मजाक उडाउनु, उदाहरण (ग) र (घ) मा जस्तै आफूलाई खान लाउन पुग्दो भई खुसी जीवन जिउनेलाई कुनै अशक्तप्रति चासो नहुनु, उदाहरण (ङ) र (च) मा जस्तै आफूलाई दुःख, कष्ट भोगाइ नपर्दा एउटा लङ्गडालाई पसलका छेउमा बस्न नदिई लखेट्नु जस्ता उदाहरणबाट समाजमा बसेर पनि एक्लो हुनुपर्दाको लङ्गडाको जीवन भोगाइ मान्छेले नै

मान्छेप्रति गरेको तिरस्कारको व्यवहारबाट मानवमा मानवीय गुण क्रमशः ह्रास हुँदै गएकोप्रति सङ्केत गर्दै विश्व भाइचारा सम्बन्ध र विश्वबन्धुत्वको निर्माण गर्दै मानवीय गुणको खाँचो रहेकोप्रति विशेष जोड दिइएको छ ।

## ३.३.६ कारुणिकता

लेखक वा वक्ताले पाठकलाई विषयवस्तुको माध्यमबाट वेदनामयी बनाउनु कारुणिकता हो । 'लङ्गडाको साथी' उपन्यासमा लङ्गडाको कारुणिक अवस्थाको चित्रण पाइन्छ । उपन्यासमा मानिसले मानवीय समवेदना बिर्सँदै गएर उसका अमानवीय व्यवहारप्रति तिखो व्यङ्ग्य गरिएको छ र यस उपन्यासको प्रमुख पात्र लङ्गडाप्रति कोइला मजदुरले बाहेक कसैले दया देखाउँदैनन् बरु उल्टै उसलाई दुःख दिन्छन् , सताउँछन् । कष्टले घस्रेर हिँड्ने लङ्गडालाई 'भुइँभालु' भनेर जिस्क्याउने, मागेर दुई/चार पैसा जम्मा गरेको चोरेर लग्ने, बाहिर हुरीबतास चल्दा ओत लाग्न दिनुको सट्टा बाहिर हुत्याउनु जस्ता क्रियाकलापले उपन्यासलाई कारुणिक, दर्दानक र दयालाग्दो बनाएको छ । लङ्गडाको साथी उपन्यासमा लङ्गडाका दिनचर्या, भोगाइ र मुख्य पात्र र सहायक पात्र दुवैको मृत्युको घटनाले उपन्यासलाई कारुणिक बलाएको छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'हुरी बडो वेगले चल्न थाल्यो । ढिलो पसल थुन्ने एकदुई पसलेहरूका पसल पनि अब त थुनिसकेकका थिए । चोक र वरवर प्रायः सुनसान भएसकेको थियो । कहिले हुरीको वेग आउँथ्यो, कहिले पानीको बाछिटा हुरीले उडाएर गोलीका छर्राहरू झैं ल्याउँथ्यो ।'(पृ.- ५९)*

उपर्युक्त उदाहरणबाट दार्जिलिङ सहरमा मागी हिड्ने भिखारीको दर्दलाई यहाँ प्रस्तुत गरिएको छ । हिउँदको दिनमा चिसो र ठण्डी भने झरी, बादल हावाहुरीमा लङ्गडाले बाहिर सडकमा नै बिताउनु पर्दाको पीडालाई व्यक्त गरिएको छ ।

*'त्यही ठाउँमा एउटा कुकुर गुजुल्टिएर कुनाट्टि सुतिरहेको थियो । अनि त्यसका छेउमा एकजना मानिस पनि आफ्ना बोरा थाङ्नामा गुटुमुटु भएर डल्लो परी निर्विकार अवस्थामा सुतिरहेको थियो ।' (पृ. ३)*

उपर्युक्त उदाहरणअनुसार **लङ्गडाको साथी** उपन्यास मान्छे भएर पनि एउटा एउटा पशुजस्तो भएर पशु (कुकुर) सँग एकै ठाउँमा बस्नुपर्ने बाध्यता लङ्गडाको जीवनको कारुणिक पक्ष हो । लङ्गडाको जीवनभोगाइ थोत्रे थाङ्ना र बोरामा गुटुमुटु भएर बाँच्नुपर्ने बाध्यता प्रस्तुत उदाहरणबाट प्रस्ट हुन्छ ।

*'केबल आफ्नो उपहास गर्नेका मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरहन्थ्यो तर लङ्गडाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अङ्कित भएको हुन्थ्यो ।' (पृ. ३)*

उपर्युक्त उदाहरणबाट लङ्गडालाई समाजमा बस्ने बदमास केटाकेटीहरूले उसका अङ्ग देखाएर खिज्याउने गर्दथे तर पनि लङ्गडो केही गर्न सक्दैनथ्यो । ऊ एक त अशक्त थियो अर्को बेसहारा जीवन जिउन बाध्य थियो । तर पनि मान्छे हो उसको मानसपटलमा घृणा बोध भइरहन्थ्यो । लङ्गडो टुलुटुलु उनीहरूका मुखमा हेरिरहन्थ्यो । अरूका मुखमा हेरिरहन्थ्यो । लङ्गडाले मान्छे भएर पनि पशुजस्तो भई अरूको हेपाहा प्रवृत्तिको सामना गर्न बाध्य थियो ।

*'हजुर एकदुई पैसा दिनु होस् न ! कहिलेकाहीँ कवित्व भाषामा माग्ने गर्दथ्यो ।'*
*- हजुर गरिबगुरुवालाई कहिले त दया होस् न धर्म हुन्छ हजुर धर्म !' अनि हात पसार्थ्यो । (पृ. ९)*

उपयुक्त उदाहरणबाट लङ्गडो जन्मसिद्ध लङ्गडो नभएको, जागिर खाई सुखी जीवन जिउने क्रममा लङ्गडो भई सडकमा हात पसार्नु पर्दाको अवस्था करुणामय रहेको छ । लङ्गडालाई दार्जिलिङ सहरमा विना आफन्त अशक्त भई अरूका अगाडि गएर हात थापेर पेट भर्नु पर्ने बाध्यता थियो । लङ्गडो एकदमै मलिन स्वरमा दया होस् न हजुर ! भनी दयालु भावमा माग्ने गर्दथ्यो ।

*'लङ्गडाको आत्मा दुखित हुन्थ्यो । उसका आँखामा आँसु छल्कन लाग्थ्यो । त्यसबेला भने सृष्टिकर्ताको न्याय वा अन्याय उसले बुझ्ने चेष्टा गर्थ्यो ।' (पृ. १३)*

उपर्युक्त उदाहरणबाट लङ्गडो नेपालबाट कामका खोजीमा सुखी जीवन जिउने रहर बोकी दार्जिलिङ पुग्छ । त्यहाँ अरूका घरमा गोठालो बसी घाँस काट्न जाँदा लडेर अपाङ्ग हुन्छ । दार्जिलिङको चिसो मौसम, झरी बादल, आँधी हुरी जस्तो होस् सडकमा हात नथापीकन पेट भर्ने अवस्था थिएन । बिरानो मुलुकमा विना आफन्त लङ्गडो भई जीवन जिउनु मानिसका भिडमा बसेर एक्लो महसुस हुनु , तिनै मानिसबाट अपहेलित र तिरस्कारको पात्र बनी बाँच्नुपर्दा लङ्गडाको सोचाइमा कहिलेकाहीँ अदलबदल भइदिन्थ्यो । कहिले आफ्ना अङ्गहरूलाई हेर्थ्यो र भगवान्लाई गम्भीर प्रश्न गर्थ्यो । आफ्नो अवस्था सामाजिक व्यवहार बेसहारा जीवन उसको चित्त दुखेर आउँथ्यो । आँखामा आँसु छछल्किन्थ्यो

। त्यसबेला सृष्टिकर्ताले आफ्ना जीवनमा न्याय गरेको हो वा अन्याय, गहिरो गरी सोच्ने गर्थ्यो । आफूभित्र आफैँ चिढिन्थ्यो । दुखित हुन्थ्यो । तर जीवनका कष्टपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छँदै थियो ।

> *'दुवै हातले छाता समातेर जोगिँदा जोगिँदै पनि हावाले उसको छाता ह्वार्लाङ्ग उभो फकाइदियो । लतयो अवस्था देखेर नजिकको घडी पसलमा आत लाग्ने मानिसहरू हाँस्थे ।' (पृ. १५)*

उपर्युक्त उदाहरणमा लङ्गडाले दार्जिलिङ सहरमा पानी झरीमा लङ्गडाको दयनीय अवस्थालाई प्रस्तुत गरिएको छ । लङ्गडालाई पानी झरी होस् या घाम लागोस्, हिउँ परोस् तर सडकमा गएर माग्नुपर्ने बाध्यता थियो । कुनै दिन ऊ सडकमा बसिरहेको समयमा हावा पानी परिरहेको थियो । उसका साथमा एउटा थोत्रो छाता थियो । लङ्गडो छातामा ओत लाग्न खोज्छ तर हावाले छातालाई उँभो फर्काइदिन्छ । त्यो देखेर पसलमा ओत लागेर बसेका मानिसहरू हाँस्ने गर्दथे । प्रस्तुत उदाहरणमा हावाले लङ्गडाको छाता उठाएजस्तै लङ्गडाको जीवन जसरी छातामा ओत लाग्न चाहन्थ्यो त्यसरी नै दार्जिलिङमा गई पैसा कमाएर सुखी जीवन बिताउने सपनालाई नियतिले उठाइदिएको भाव व्यक्त भएको छ ।

मानिस लङ्गडाको दुःखमा साथ नदिएर बरु हाँसिरहेको घटना रहेको छ । यसबाट लङ्गडो मानिस भएर पनि अमानवीय व्यवहार भोगिरहेको छ ।

> *'उसको जिउमा प्रशस्त लुगा हुँदैनथ्यो । ओढ्ने ओछ्याउने लुगा पनि धेरै हुँदैनथे । घाम नलागेको बेला त दिनभरि थुरथुर काँपिरहन्थ्यो । (पृ. १९)*

उपर्युक्त उदाहरणमा लङ्गडो बेसहारा हुनु, अशक्त ऊ गरिब, सधैँ मागेर खानुपर्ने बाध्यता भएको भिखारी हो । उसलाई नमागेको दिन पेटभरि खान पनि समस्या हुन्थ्यो भने लगाउने लुगा किन्न सक्दैनथ्यो । दार्जिलिङको कठ्याङ्ग्रिने चिसो मौसम घाम नलागेको दिनमा लङ्गडो दिनभरि थुरथुर कामेर दिन बिताउने गर्दथ्यो ।

> *'पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा ऊ एकछिनसम्म यताउता गरिरह्यो । ... ऊ घस्रँदै आएर बजारको मन्दिरका छेउमा एउटा साँघुरो छिँडी छ, त्यहाँ गएर पानीदेखि बँच्न ओत लाग्थ्यो । उसको जिउ काँपिरहेको थियो । मुटु अज्ञात भयले ढुकढुक गरिरहन्थ्यो ।' (पृ. ५९)*

उपर्युक्त उदाहरणबाट लङ्गडाले सामाजिक तिरस्कार भोग्नु परेको अवस्था प्रस्ट हुन्छ । समाजमा खान, लगाउन पुग्ने धनी मानिएका मानिसबाट अपहेलित थियो । पानी झरी

भएका समयमा पसलका अगाडि बस्न दिँदैनथ्यो । लङ्गडो कता जाऊँ कता भनी ओत लाग्ने तर यस्ता मान्छे नभएको ठाउँ खोजीकन मन्दिरका छेउको साँघुरो छिँडीमा गएर ओत लाग्न बाध्य हुन्छ । सानैदेखि नै गड्याङगुडुङसँग डर लाग्ने गर्दथ्यो । पानीले भिजेर उसको जिउ थुरथुर काँफिरहेको थियो  भने गड्याङ्गुडुङका कारण उसको मुटु पनि ढुकढुक गरिरहेको थियो । मानिसले मानिसलाई अपहेलना गरी लङ्गडो पानीमा भिजेर थुरथुर काम्नु यस उदाहरणको कारुणिक पक्ष हो ।

*'लङ्गडाका आँखा आँसुले ढबढब भए । उसले कुकुरलाई करुण दृष्टिले हेरिरहेको थियो । त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रुँदै विदा मागिरहेको जस्तो थियो ।' (पृ. ६६)*

उपर्युक्त उदाहरणबाट लङ्गडालाई समाजमा सुखले बाँचेका मानिसले ओत लाग्न नदिई सडकामा मिल्काइदिएपछि लङ्गडो बिरामी सारै पर्छ । उसको साथी कुकुर पनि हराएको चिन्तामा घुमिरहेको छ । लङ्गडो बेहोस भएका समयमा कुकुर पनि आइपुगेको प्रसङ्गले आँसु डबडबाएको छ । लङ्गडाले कुकुरलाई मायालु दृष्टिले हेर्दै छ । यो कारुणिक दृश्य लङ्गडो र कुकुरका बिचको बिछोडको यात्रा जस्तो लाग्दथ्यो । लङ्गडो बिरामी सिकिस्त थियो । दृश्य आत्मीय मित्र लाग्यो यात्रामा जानलाई रुँदै विदा मागिरहेको थियो ।

*'कुकुरलाई वर तानेर अँगालो हाल्यो ....। दुईचार पटक खोक्यो र बाहुलाले मुख छोपेर भुईँमा घोप्टियो .... उसले कुकुरलाई अँगालो हालेको हात पनि खुकुलो हुँदै गयो । (पृ. ६६)*

उपर्युक्त उदाहरणबाट कुकुर र मान्छेको आत्मीयताको परिचय दिइरहेको पाइन्छ । लङ्गडो सिकिस्त हुँदै गइरहेको छ । कुकुरलाई वर तानेर अँगालो हाल्छ । यतिबेला लङ्गडाको अन्तिम समय भइरहेको बुझिन्छ । लङ्गडो क्षीण हुँदै गइरहेको छ । लङ्गडाले मुख छोपेर खोज्यो र कुकुरलाई अँगालो हालेको अवस्था रहेको छ तर त्यही समयमा उसको परान पनि गएको छ । विस्तारै विस्तारै कुकुरलाई अँगालो हालेको हात खुकुलो हुँदै जान्छ तर लङ्गडाको आत्मीय मित्र कुकुर भने उसलाई निकैबेर छोड्दै छोड्दैन । उपर्युक्त उदाहरणमा लङ्गडो र कुकुरको बिछोड लङ्गडाको मृत्युको कारुणिक प्रसङ्ग रहेको छ ।

*'मानिसकै छेउमा गएर ओत लाग्न खोज्यो । कुकुरलाई देखेर एउटा बुट लाउने मानिसले लात्ती उचालेर हान्न खोजेको थियो, कुकुर भागेर पर पुग्यो ।' (पृ. ६७)*

उपर्युक्त उदाहरणबाट लङ्गडाको मृत्युपछि विरक्तिमा परेको उसको आत्मीय मित्र कुकुर कता जाने, के गर्ने सहरमा कसैलाई खोजे जस्तो गरिरहेको थियो । पानी झरीमा सहारा खोज्दै हिँडिरहेको कुकुर मानिसका छेउमा गएर ओत लाग्न पुग्दछ तर निर्दयी मानिस कुकुरलाई छेउमा देखेर बुटले हान्न खोज्यो । कुकुर पर पुगेर अन्तै गएर ओत लागेको प्रसङ्ग रहेको छ । पशुलाई सहारा दिनुपर्ने ज्ञान र बुद्धि भएका मानिसहरूले नै सहारा नदिनु लङ्गडाको साथी उपन्यासका प्रस्तुत उदाहरणमा व्यक्त भएको छ ।

## ३.३.७ प्रदर्शनात्मकता

प्रदर्शन गर्नु वा देखाउनु अथवा कुनै अन्याय वा सिकायतलाई पाठकसामु प्रस्तुत गर्नु वा कुनै पनि कुराको असन्तुष्ट व्यक्त गर्नु प्रदर्शनात्मकता हो । **लङ्गडाको साथी** उपन्यासमा वक्ता वा लेखक प्रदर्शनात्मक ढङ्गबाट पाठकसामु प्रस्तुत भएका छन् । उपन्यासका केन्द्रीय पात्र लङ्गडो उसको आधा जीवनबाट सधैँ मागेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता एकातर्फ शारीरिक अशक्तता अर्कोतर्फ आफन्त कोही छैनन् । लङ्गडाको कोही सहारा छैन । एउटा लठ्ठी र कुकुरको साथमा हरेक गल्ली र बस्तीमा गई माग्नुपर्ने बाध्यतासँगै धनीमा गनिएका मानिसहरू र शारीरिक अवस्थाले सक्रिय (सबल) मानिसहरूले लङ्गडामाथि गरेको अमानवीय कार्य प्रस्तुत गरिएको छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

> *'त्यो मानिसले मच्चाएको लौरो थामियो । त्यसले लङ्गडालाई हेर्न खोज्यो । पहिले त अँध्यारामा कालो लुगाको थुप्रो देख्दा मान्छे नै हो ठम्याउन सकेन । लङ्गडो अलिकति चलभल गरेको थाहा पाएपछि त्यो मानिसले हातको लौराले लङ्गडालाई घोच्लाजस्तै गरेर केहीबेरसम्म गाली बर्सायो । त्यसैले आफ्ना बलिया पाखुराले लङ्गडालाई हातबाट तानेर घरार्दै वर ल्यायो र सिँढी आरालोमा मुन्ट्याइदियो ।' (पृ. ६२-६३)*

उपर्युक्त उदाहरणबाट मान्छेले मान्छेलाई मानवीय व्यवहारबाट उन्मुक्त हुन खोजेको, मानव भएर पनि लङ्गडालाई मानवबाट नै अन्यायको सिकार हुनु परेको वेदनामयी प्रसङ्गलाई वक्ताले उपन्यासमा प्रस्तुत गरेका छन् । बाहिरको मौसम झरीबादल, हावाहुन्डरी कहीँ ओत लाग्ने ठाउँ नपाएर कुनै घरमा ओत लाग्न पुगेको लङ्गडालाई घरमालिकले गाली गर्दै हातमा तानेर घसार्दै सिँडिको ओरालोबाट मुन्ट्याइदिनु एउटा मानव मन अमानवीय क्रियाकलापमा सामेल भएको छ भन्ने प्रस्ट भएको छ ।

*(क) त्यसको छानो पुराना मट्टीतेलका टिनलाई सोझ्याएर बनाएको थियो । तथा हावाले उडाउलो भनी त्यसलाई ढुङ्गाले थिची राखेको थियो । (पृ. ३)*

*(ख) उसले कुनामा राखेको आफ्नो झोली देब्रे काँधमा भिऱ्यो । आफ्नो कालो चिल्लो लौरो दाहिने काखीमा च्याप्यो अनि दुवै हत्केलामा काठको टेक्ने समातेर त्यसको सहाराले त्यो झुप्राबाट निस्क्यो । (पृ. ५)*

*(ग) स्कुल जान लागेका केटाहरूसमेत त्यहाँ सामेल हुन्थे र धेरैबेरसम्म यसरी लङ्गडालाई विरक्त पार्दथे । (पृ. ६)*

*(घ) दिनभरि मागेका पैसाले उसलाई सधैँभरि खान पुग्दैनथ्यो र होटेलको अधिल्तिर वा चिया वा पुरी-मिठाइको पसल अधिल्तिर गएर टुक्रुक्क बसिरहन्थ्यो । (पृ. ६)*

*(ङ) न स्त्री  न छोराछोरी, न भाइ न बहिनी । उसको सँगीहीन-बन्धुहीन एकान्त जीवन सुखको साथी भने पनि आत्मीय मित्र भने पनि त्यही एउटा कुकुर थियो । (पृ. १२)*

*(च) एकजना ठिटीले त मुखमा सिग्रेटको ठुटो पनि च्यापेकी थिई । (पृ. ५१)*

*(छ) अर्को एकजना पुड्को मान्छे परबाट आइरहेको थियो । त्यो पनि रक्सीले मातेको थियो । .....त्यो मानछे त दिउँसो टाउनहलमा एउटी आइमाईसित सिनेमा हेर्न जाने मान्छे नै पो रहेछ । (पृ. ५७)*

*(ज) त्यसले हातको लौरो उचालेर के लङ्गडामाथि प्रहार गर्न आँटेको मात्र थियो, तल अन्धकारबाट एउटा करुण उद्‌गार आयो - 'हजुर म त एउटा माग्ने लङ्गडो पो हो त ।' (पृ. )*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा लेखक वा वक्ताले लङ्गडाको दैनिक जीवनमा घटेका विभिन्न घटनामार्फत पाठकसामु प्रस्ट्याउन खोजिएको छ । **लङ्गडाको साथी** उपन्यासमा लेखकले लङ्गडाको मानवीय अन्यायका साथै सिङ्गो नियतिले गरेको अन्यायलाई प्रस्तुत गरिएको छ ।

**लङ्गडाको साथी** उपन्यासमा लङ्गडाको वासस्थान सडकपेटीमा बसेर माग्नुपरेको अवस्था सहरबजारमा हिँड्दाखेरि बजारका केटाकेटी र बदमास केटाहरूले कहिले खिज्याउने, कहिले उसका बिग्रेका अङ्गलाई औँल्याएर खिसी उडाउने कहिले हिउँका डल्लाले हिर्काउने हिर्काएर लङ्गडालाई विरक्त पारेको अवस्था, त्यसैगरी पानी झरी, हावाहुन्डरी, कहीँ ओत लाग्न जाँदा नदिने त कहीँ तानेर लगी मुन्ट्याइदिने जस्ता क्रियाकलाप मानिसबाट नै गरेको अत्यचार प्रसङ्गलाई लङ्गडामार्फत पाठकसामु प्रष्ट पार्न खोजिएको छ ।

त्यसैगरी प्रस्तुत उदाहरण लङ्गडाको वासस्थान र अन्य मानिसको वासस्थानमा तुलनात्मक रूपमा भिन्नतालाई देखाउन खोजिएको छ । लङ्गडो पनि मानिसु नै हो दार्जिलिङ सहरमा बसोबास गर्ने अन्य व्यक्तिहरू पनि मानिस नै हुन् तर लङ्गडो छाप्रामा पशुसँग बस्नु पर्दथ्यो भने अन्य व्यक्तिहरू महल वा घरमा बस्ने गर्दथे । लङ्गडो र अन्य मानिसका बिचमा खाने, बस्ने, हिँड्ने, डुल्ने आदिको भिन्नतालाई उपन्यासमा प्रस्ट पारिएको छ । उदाहरण (ख) मा लङ्गडाको जीवनशैली एउटा झोली र एउटा कोठाको सहाराले हिँड्नुपर्ने बाध्यतालाई देखाएको छ भने उदाहरण (ग) मा लङ्गडो मानिस भएर पनि समाजमा रहेको पात्रहरू, स्कुले केटाकेटी, बदमास केटाको हुल आदिबाट उसलाई तिरस्कार गरिएको अवस्था छ । उदाहरण (घ) मा 'लङ्गडो' लङ्गडो भएर दार्जिलिङ सहरमा बिताउनु परेको दिनचर्या जो दिनभर मागेर मात्र वा अरूले दिएको पैसाले मात्र कहिलेकाहीँ खान पुग्दैनथ्यो । त्यसैले लङ्गडो होटेल वा चिया पसलका अगाडि खाने कुराको आशामा बसिरहनुपर्ने बाध्यतालाई प्रस्ट पारिएको छ । उदाहरण (ङ)मा लङ्गडो नेपालबाट दार्जिलिङ सहरमा कामका खोजीमा गएको हुनाले त्यहाँ लङ्गडाको कोही पनि आफन्त नभएको र ऊ सँग सहरको सडक गल्लीमा डुल्ने डुलुवा कुकुर थियो । कुकुर नै भए पनि लङ्गडो र कुकुरको आत्मीय सम्बन्ध भन्ने प्रस्ट हुन्छ । उदाहरण (च) र (छ) मा दार्जिलिङ सहरमा जहाँ एउटा लङ्गडो मानिस भएर पनि पशु (कुकुर) सँग बस्ने, खाने, डुल्ने गर्नुपर्ने, बाटामा हात नथापे भोकै बस्नुपर्ने अवस्थाको लङ्गडो थियो भने अर्कातिर त्यही समाजमा पुरुष-महिला रेस्टुराँ जाने सिनेमा हल जाने, रक्सी खाने, महिलाले पनि चुरोट खाने जस्ता क्रियाकलापले मानव-मानवबिचको बाँच्ने जीवनशैलीको भिन्नता र सामाजिक विकृतिलाई देखाएको छ । उदाहरण (ज) मा लङ्गडालाई एकातिर अशक्त लङ्गडो, काम गर्न नसकेर सडकमा अर्काका आशमा बसेर पेट भर्नुपर्ने अवस्था त अर्कातिर समाजको तिरस्कृत व्यवहारको सामना गर्नुपर्ने बाध्यता रहेको विषयवस्तुलाई प्रस्ट पारिएको छ । रातको समयमा आँधी हुरी, पानी झरीमा कसैका दलानमा ओत लाग्दा घरवालाबाट नै गलहत्तिन्छ । समाजमा मानिस भएर पनि पशुत्वको भावना भएका व्यक्ति पनि हुँदा रहेछन् भन्ने कुराको उनीहरूको व्यवहारबाट प्रस्ट हुन्छ ।

समग्रमा **लङ्गडाको साथी** उपन्यासमा लेखकले दार्जिलिङ सहरको यथार्थ घटनालाई लङ्गडाका मार्फत प्रस्तुत गरेका छन् । जहाँ मानिस-मानिसबिचको बाँच्ने जीवनशैली, लवाइखुवाइ, मोज-मस्तीको अन्तरलाई लङ्गडामार्फत देखाउन खोजिएको छ । लङ्गडो एउटा बेसहारा भिखारीलाई समाजमा रहेका भद्रभलादमी र धनी भनिएका मानिसहरूबाट नै

गरिएको घृणित र तिरस्कृत व्यवहारलाई औँल्याएको छ भने कुकुर र लङ्गडाको आत्मीयताको सम्बन्धलाई देखाउन खोजिएको छ ।

### ३.३.८ सन्देशात्मकता

कुनै पनि असल कुराको सन्देश दिनु उपदेश हो । **लङ्गडाको साथी** उपन्यास उपदेशात्मक उपन्यास हो । यसबाट लङ्गडो र कुकुरमार्फत समाजलाई उपदेश दिन खोजिएको छ । यसमा सबल र दुर्बल मानवबिचको अन्तर पनि रहेको छ । सबल र धनी भनाउँदा मानिसको अन्यायमा पिल्सिएको दुर्बल र अशक्त लङ्गडो मागेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता हुँदै पनि मानवेतर प्राणी कुकुरप्रति लङ्गडाको आत्मीयताले मानव भएर पनि अमानवीय व्यवहारले जकडेका मानवीय पशुहरूलाई उपदेशात्मक कार्य भइको छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'लङ्गडाले कुकुरलाई पनि सम्झ्यो । त्यस कुकुरतिर पनि फर्केर अलि दबेको स्वरमा निहुरिएर भन्यो - "हेर काले तँ पनि सधैँ गल्लीको नालीतिर गएर जुठा कुराहरू खाइहिँड्थिस् । हेर, आज म पनि पेटभरि खाने छु , तँलाई पनि मनग्गे खुवाउने छु । तँलाई पुरी-मिठाइ मन पर्दैन भने दही मासु र भात किनेर पेटभरि दिउँला । काले ! कुकुरको जुनी लिए पनि तँ त बडो भाग्यमानी रहेछस् । मजस्तो लङ्गडो साथीलाई पाएर एकबारको जुनिमा मोज लुटिस् । लौ हिँड् काले अब ......!" (पृ. - २९)*

उपर्युक्त उदाहरणबाट लङ्गडो भएर आफू सडकगल्लीमा मागेर पैसा जम्मा गरी कुकुरलाई पनि मन लागेको कुरा किनिदिनु कुकुरप्रतिको मायाममता स्पष्ट झल्किन्छ । लङ्गडाले भन्छ, "हेर काले ! तँ पनि सधैँ गल्लीको खान्थिस् । म आज किनेर खुवउँछु ।" लङ्गडो आफू मानव भएर पनि मानवबाट नै अपहेलित हुनुपरेको भए पनि उसले कुकुरलाई आत्मीय ठान्ने गर्थ्यो । आफ्नो गाँस काटेर कुकुरलाई दिन्थ्यो । यहाँको कुकुर र मानवको आत्मीय प्रेम सन्देशात्मक विषयवस्तु बनेको छ ।

*(क) यो कुकुरलाई यसरी धपाउँदा पनि जाँदैन । मेरा पछिपछि लागिरहन्छ । भोक-तिर्खा भनेको सबैको उही हो, के हामी मानिस, के पशु ! बरा, यो पनि मजस्तै होला । (पृ. १०)*

*(ख) ती कुराहरू विचार गर्दागर्दै दया र गम्भीर सहानुभूतिले उसको हृदय आर्द्र हुन्थ्यो । कुकुरलाई अँगालेर आफ्ना छातीमा टाँसी जीवनको एउटा साथी बनाउने इच्छा हुन्थ्यो । (पृ. १०)*

*(ग) कुकुर देखेर लङ्गडाको अनुहार प्रसन्नताले दीप्त हुन्थ्यो अनि ऊ कुकुरलाई धेरैबेरसम्म मुसारी रहन्थ्यो । कुकुर पनि खुसीले पुच्छर हल्लाउँदै लङ्गडाको अनुहार चाट्ला-चाट्ला जस्तो गर्थ्यो ।(पृ. ११)*

*(घ) त्यो परिवारमा एउटी सुन्दरी युवती पनि थिइन् । तिनले लङ्गडालाई भेटेका बखत सधैँ ब्यागबाट एक रुपैयाँ झिकेर दिन्थिन् ।(पृ. २१)*

*(ङ) लङ्गडाले पनि आफूले खाएको आधा रोटीको टुक्रा समेत कुकुरलाई दिन्थ्यो । (पृ. ११)*

*(च) कहिले भने लङ्गडाले पेटभरि खान पाउँदैनथ्यो । उसलाई जरो आइरहेको हुन्थ्यो । भोकै तीनचार दिनसम्म लडिरहन्थ्यो । आफू यसरी भोकै बसेको बेला कुकुरले उसलाई छोडेर जान्थ्यो र गल्लीको नालीतिर मुख गाडी जुठो मैलो टिपेर खान्थ्यो ।(पृ. २६)*

*(छ) आज यसरी कुकुर हराउँदा लङ्गडालाई सारै नरमाइलो लागिरहन्थ्यो । आजन्मको कुनै बन्धुलाई वा कुनै प्रेमिकालाई गुमाएजस्तो लागिरहन्थ्यो । (पृ. ३५)*

*(ज) नाम्लो काँधमा फाल्यो र लङ्गडाका अघिल्तिर आएर खस्रो परन्तु सहानुभूतिको कुण्ठमा भन्यो - ए दाइ ! लौ चिया खाजा किनेर खाऊ । (पृ. ४९)*

*(झ) उसले कुकुरलाई करुण दृष्टिले हेरिरहेको थियो । त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रुँदै विदा मागिरहेको जस्तो थियो । (पृ. ६६)*

*(ञ) त्यसले यताउता चारैतिर हेऱ्यो । एउटा कुनामा लङ्गडाको फाटेर मक्किसकेको पुरानो कोट लत्रेको रहेछ । वरिपरि घुमेर कुकुरले त्यस लुगालाई पल्टाएर सुँघ्यो । (पृ. ६८)*

*(ट) हाइस्कुलदेखि धेरै तल मुर्दा पोल्ने ठाउँमा एक दिन मुर्दाहट्टी रुङ्ने मान्छेले एउटा कुकुर र एउटा मान्छेको हाड एकै ठाउँमा गाँसिएको पायो । ((पृ. ६९)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यास उपदेशात्मक उपन्यास हो भन्न सकिन्छ । उपन्यासको प्रमुख पात्र लङ्गडाको जीवनशैली कष्ठकर  दिनचर्या त्यसमा पनि मानवीय तिरस्कृत व्यवहारलाई सामना गर्नुपर्ने बाध्यता र उसको सङ्घर्षरत जीवनभोगाइले अहिलेका समाजलाई अरूप्रति माया दया र सहानुभूति प्रकट गर्न प्रेरित गरेको छ ।

प्रस्तुत उदाहरण (क) मा लङ्गडो नेपालबाट दार्जिलिङमा जागिर खोज्न गएको हुनाले त्यहाँ लङ्गडाका कोही पनि आफन्त थिएनन् । एउटा सडकमा हिँड्ने कुकुर उसको आत्मीय

मित्र थियो । सुरुमा त लङ्गडाले कुकुरलाई आफूसँग बस्न दिँदैन तर उसलाई जति धपाए पनि नगएपछि दया लागेर आउँछ । यसै गरी उदाहरण (ख), (ग), (घ), (च), (छ), (झ) मा लङ्गडाको आत्मीयताको वर्णन गरिएको छ । जहाँ लङ्गडो दिनभर माग्नका लागि सडक गल्लीमा बस्ने गर्थ्यो । कुकुर पनि उसको पछिपछि डुलिरहन्थ्यो । लङ्गडो बेलुकी झुप्रामा वास बस्दा कुकुर पनि सँगै आएर लङ्गडासँग नै बस्ने गर्दथ्यो । कुकुर लङ्गडाका पछि लागेर सँगै हिँड्थ्यो । लङ्गडाले पनि कुकुरलाई आफ्नो गाँस काटेर रोटीको टुक्रासमेत दिने गर्दथ्यो । लङ्गडो र कुकुरको आत्मीयता यति घनिष्ट थियो कि कहिलेकाँही लङ्गडो कतै गयो र कुकुर एक्लै भए पनि भेट भएपछि कुकुरले लङ्गडालाई पुच्छर हल्लाउँदै चाटौँला झैँ गर्थ्यो भने कुकुर कतै हराएर लङ्गडो एक्लो हुँदा पनि लङ्गडाले कुकुरलाई भेटेपछि अनेक कल्पना गर्दै कुकुरलाई अँगालोमा राखेर जीवन साथी बनाउने चाहना हुन्थ्यो ।

यसै गरी उदाहरण (ङ) मा बङ्गाली परिवारकी एउटी युवती थिई । ऊ निकै धनी परिवारकी युवती हो । जहिले पनि रिक्सामा हिँड्ने गर्थी । लङ्गडालाई भेटेका बखत एक रुपैयाँ दिएर हिँड्ने गर्थी । यसबाट समाजमा अन्य मानिस जस्ता भए पनि आमा जातकी ती महिला कोमल मन भएकी सुन्दर युवती हुन् । सबैले ती युवतीको जस्तो व्यवहार गर्नु पर्छ भन्ने देखाइएको छ ।

लङ्गडो कहिलेकाहीँ बिरामी हुन्थ्यो । त्यसबेलामा लङ्गडो भोकै बस्थ्यो तर कुकुर भने नालीमा गएर फोहोर खाने गर्थ्यो । यसबाट लङ्गडो मानिस भएर पशु जस्तो जीवनशैली भोग्नु परे पनि लङ्गडामा मानवीय चेतना र आदत भएकाले बरु भोकै बस्थ्यो तर नालीभित्रको फोहोर खान मन लाग्दैनथ्यो । जसरी लङ्गडो मानिस भएर भिखारी नै भए पनि पशुको सङ्गत गरे पनि फोहोर खान वर्जित थियो । त्यसै गरी मानिस भएर आफ्नो मानवीय गुणभन्दा बाहिर जानुहुँदैन भन्ने कुराको उपदेश दिएको छ भने उदाहरण (ज) कोइलाको काम गर्ने ज्यामी हो । उसका लुगा मैला र च्यातिएका छन् भने ऊ एउटा गरिब तर दयालु पात्रका रूपमा चिनिन्छ । लङ्गडालाई देखेर ज्यामीका मनमा दया पलाउँछ । उसको फाटेको कोटका खल्तीबाट एकानी दुवानी भेट्टाएर चिया किनेर खाऊ भनेर लङ्गडालाई पैसा दिएर हिँड्छ । यसबाट दुखी वा गरिबले गरिबकै भावनालाई बुझ्ने गर्दछ भन्ने उपदेश दिएको छ । यसै गरी उदाहरण (झ) मा लङ्गडो र कुकुरको घनिष्ट सम्बन्ध एकअर्काको सहारा हुँदाहुँदै पनि बिछोडको दिन आएको हुन्छ । लङ्गडो र कुकुरको एक्कासी बिछोड हुन्छ । लङ्गडो सिकिस्त बिरामी पर्छ । उसको होस् हुँदैन । लङ्गडाको अन्तिम अवस्था

भएपछि कुकुरको पनि आगमन हुन्छ । लङ्गडाको होस् आउँछ । कुकुरलाई देख्छ । एकोहोरो कुकुरलाई हेरिरहन्छ । यतिबेला त्यहाँको माहौल आफन्तलाइ छोडेर कुनै यात्रामा जान लागेको समयजस्तो थियो । यसबाट कुकुर र लङ्गडाको आत्मीयता र घनिष्टताको परिचय दिइरहेको थियो । जसरी पशु र मानिसको आफ्नो पनको आभास दिलाउँछ त्यसै गरी मानिसले मानिसलाई पनि आफन्तको आभास गराउन सक्नुपर्छ वा एकले अर्कालाई मायाप्रेम गर्नुपर्छ भन्ने उपदेश दिएको छ ।

उदाहरण (ञ) मा लङ्गडाको मृत्युले एक्लै भई छटपटाएको कुकुरको अवस्थालाई प्रस्तुत गरिएको छ । लङ्गडो र कुकुर बस्ने झुप्रामा वरिपरि घुम्छ । लङ्गडाको पुरानो कोट पल्टाएर सुघ्नाले कुकुरले लङ्गडालाई खोजिरहेको छ भन्ने थाहा हुन्छ । लङ्गडो जीवित हुँदा त्यही समाजमा बस्ने मानिसहरूबाट तिरस्कृत भएको थियो तर एउटा पशु (कुकुर) भने उसलाई मरिसकेपछि पनि खोजिरहेको छ । कुकुरको लङ्गडाप्रतिको व्यवहारबाट अहिलेको समाजमा बस्ने मानिसले एकअर्काप्रतिको महत्त्व बुझ्नुपर्छ भन्ने उपदेश दिएको छ ।

उदाहरण (ट)मा लङ्गडाको मृत्यु हुन्छ । लङ्गडाको मृत्युपछि कुकुर पनि एक्लै हुन्छ । कुकुर लङ्गडाका सम्झनामा छटपटिन्छ र सहरमा हिँड्दा हिँड्दै केही दिनमा नै बिरामी परेर मर्छ । मरिसकेपछि दार्जिलिङ सहरको एउटा मुर्दा पोल्ने ठाउँ रहेको छ त्यहाँ मुर्दाहट्टी रुङ्ने मान्छेले एउटा पशु र मान्छेको अस्तिपञ्जर जोडिएको अवस्थामा भेट्दछन् । त्यहाँबाट मान्छे र पशुको आत्मीयताको परिचय पृथ्वीको तहभन्दा पनि माथि दिइरहेको छ ।

## ३.३.९ उद्देश्यात्मकता

विनाकारण वा विनाउद्देश्य कसैले कुनै कार्य गर्दैन । सिर्जनामा कुनै न कुनै प्रयोजन वा उद्देश्य हुन्छ । **लङ्गडाको साथी** उपन्यासमा मान्छेले मान्छेलाई घृणा गरे पनि मान्छे र पशुबिच पवित्र प्रेम हुन सक्छ भन्ने देखाउनु यसको उद्देश्य हो । हाम्रो मानव समाजमा भएका मानवीय कुसंस्कारलाई व्यङ्ग्य प्रहार गर्नु, लङ्गडाले आफूसँग हुँदा कुकुरलाई खुवाउनु तर पैसावाल भद्रभलादमीहरू भने रक्सी, चुरोट खाने, फिल्म हेर्न, पैसा खर्च गर्ने तर माग्ने भिखारीलाई दिन नसक्ने आजको सभ्य समाजप्रति व्यङ्ग्य प्रहार गर्नु, लङ्गडाजस्तो मानिसको पैसा चोरिन् मानवमा मानवीय संस्कार र गुण लोप हुँदै गएको देखाउनु लङ्गडाको कारुणिक जीवन भोगाइको चित्रण गरेर मानिसमा त्रासदीको अन्त्य गर्नु, उसमा मानवतावादी भावनाको विकास गर्नु, विश्व भाइचारा सम्बन्ध र विश्वबन्धुत्वको

निर्माण गर्दै एकआपसमा मायाप्रेमको सन्देश दिनु यसको उद्देश्य हो । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*'अर्को एकजना पुड्को मान्छे परबाट आइरहेको थियो । त्यो पनि रक्सीले मातेको थियो । ओभरकोटका दुवै पकेटमा त्यसले हात घुसारेको थियो । सडकमा हिँडेने एकदुईजना मानिसलाई धक्का दिँदै त्यो बेसुरमा हिँडिरहेको थियो । त्यो लरखराउँदै लङ्गडाको नजिकै आउन लागेको थियो । बिजुलीको प्रकाशमा लङ्गडाले राम्रै देख्यो । त्यो मान्छे त दिउँसो टाउनहलमा एउटी आइमाईसित सिनेमा हेर्न जाने मान्छे नै पो रहेछ । लङ्गडो डराएर नालीको भित्तामा अडेस लाग्यो । त्यो मान्छे मास्तिर आयो ।' (पृ. - ५७)*

उपर्युक्त उदाहरणबाट रक्सीले मातेर हिँडिरहेको मानिस पैसा हुँदा रक्सी खाने र बाटमा हिँड्ने मानिसलाई धकेल्दै बेसुरमा हिँड्ने तर बाटोमा माग्ने अशक्त मानिसलाई एकदुई पैसा नदिने धनी भनाउँदाहरू रक्सी खाने, फिल्म हेर्न जाने तरा माग्नेको बिहान बेलुका के खाऊँ, सधैँ मागेर खानुपर्ने बाध्यताजस्ता समाजमा हुने विकृतिहरूलाई उजागर गर्नु यसको कारणात्मकता वा उद्देश्य रहेको छ ।

*(क) लङ्गडाले पनि आफ्नो खाएको रोटीको कुड्को समेत कुकुरलाई दिन्थ्यो । (पृ. ११)*

*(ख) लङ्गडाको आत्मा दुखित हुन्थ्यो । उसका आँखामा आँसु छल्कन लाग्थ्यो । त्यसबेला भने सृष्टिकर्ताको न्याय हो वा अन्याय उसले बुझ्ने चेष्टा गर्थ्यो । (पृ. १३)*

*(ग) एक्कासी कालो बादल आई आकाश ढाक्थ्यो र पानी पर्न लाग्थ्यो । हेर्दाहेर्दै घनघोर वर्षा हुन्थ्यो । लङ्गडाले आधा बिँड भाँचिएको धेरै ठाउँ टालेको थोत्रो छाता उघारेर पसलका आडमा ओत लाग्थ्यो तर दर्के पानीका बाछिटाले भने उसको जिउ जम्मै भिज्थ्यो । ( पृ. १५)*

*(घ) उसले यत्रतत्र छरिएका लुगा बटुलेर टकटक्यायो तर पैसा बाँधेको रुमाल भने राम्रै हराएछ । (पृ. ३५)*

*(ङ) त्यो नेपाली ठिटाको पोसाक अङ्ग्रेजीको जस्तो थियो । हातमा सिग्रेटको टिन र मुखमा सिग्रेटको ठुटो पनि च्यापेको थियो । (पृ. ५१)*

*(च) हेर्दा जापानी पुतलीजस्ता देखिने एकजना ठिटीले त सिग्रेट पनि च्यापेकी थिई । (पृ. ५१)*

*(छ) अर्को एकजना पुड्को मान्छे परबाट आइरहेको थियो । त्यो पनि रक्सीले मातेको थियो । (पृ. ५६)*

*(ज) त्यो मान्छे त दिउँसो टाउनहलमा एउटी आइमाईसित सिनेमा हेर्न जाने मानछे नै पो रहेछ । (पृ. ५६)*

उपर्युक्त उदाहरण (क) मा एक्कासी लङ्गडालाई समाजमा गरिएको तिरस्कृत व्यवहार हिउँको डल्लाले जिउमा हिर्काउने, भुइँभालु भनी खिज्याउने, आफ्ना पसल अगाडि ओत लाग्न नदिने जस्ता क्रियाकलाप अर्कातिर लङ्गडाले कुकुर जस्ता पशुलाई पनि आफ्नो गाँस काटेर खान दिने गर्दथ्यो । लङ्गडो कुकुरको अभिभावक बनेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

उदाहरण (ख) मा लङ्गडाको कारुणिक अवस्थालाई देखाउन खोजिएको छ । लङ्गडो आफ्नो वरिपरिका सबलाङ्ग मानिसलाई हेर्दथ्यो अनि आफ्ना बिग्रका अङ्गलाई हेर्दथ्यो । अनि आफ्नो दुःखदायी जीवनभोगाइलाई कल्पना गर्दै माथितिर हेर्छ । आँखाभरि आँसु छचल्क्याउँदै संसारको रचना गर्ने सृष्टिकर्तालाई आफूमाथि न्याय दिएको हो वा अन्याय गरेको हो भनी प्रश्न गर्दछ । आत्मा भक्कानिने गर्दथ्यो । यसबाट लङ्गडाको कारुणिकताको पक्षलाई देखाउने उद्देश्य रहेको पाइन्छ ।

उदाहरण (ग) मा लङ्गडाको दिनदिनैको मागेर पेट भर्नुपर्ने बाध्यता, पानी झरी, आँधी, हुरीमा ऊसँग रहेको थोत्रो छाता फाटेका लुगा, दर्के पानी झरी जसरी उसले रुझेर बस्ने बाध्यता थियो त्यसै गरी उसका अशक्त अङ्गहरूका साथमा जति र जस्ता आपद-विपद परे पनि सङ्घर्ष र जीवन भोग्न बाध्य थियो । यहाँ लङ्गडाको थोत्रो छाता र थोत्रा लुगाबाट लङ्गडाको दुःखकष्टलाई प्रस्ट पारेको छ ।

उदाहरण (घ) मा लङ्गडो मानवबाट नै पीडित थियो । मानवले मानवलाई नै गरेको दानवीय व्यवहार भोग्न बाध्य थियो । एउटा लङ्गडो भएर आफ्ना खुट्टा घिस्याएर लठ्ठीका भरमा सडक गल्लीमा बसेर पानी झरीमा रुजेर मागीमागी जम्मा गरेको पैसा चोरिनु मानवमा मानवीय गुणको खाँचो रहेको प्रस्ट हुन्छ । उदाहरण (ङ), (च), (छ), (ज) मा दार्जिलिङ सहरमा मानव-मानवबिचको बाँच्ने जीवनशैली त्यही सहरमा लङ्गडो पनि मान्छे नै हो तर ऊ सधैँ सडकमा बसेर अरूका आशमा बाँचेको थियो भने अर्कातिर त्यही समाजमा रक्सी खाई रेस्टुराँमा युवतीसँग रमाएर हिँड्ने, सिनेमा हेर्न जाने, युवतीहरू पनि मुखमा

चुरोट च्यापेर हिँड्ने, जो समाजको नजरमा विकृत मानिसको कार्य हो यस्तो विकृतिलाई यस उपन्यासमा प्रस्ट पारिएको छ ।

## ३.३.१० सरणि / ग्राफिक चिह्न

भाषिक अभिव्यक्तिमा चिह्नले ठुलो महत्त्व खेलेको हुन्छ । नेपाली भाषामा विभिन्न चिह्नहरू हुन्छन् । **लङ्गडाको साथी** उपन्यासमा लेखक वा वक्ताले कस्तो चिह्नको प्रयोग गरेका छन् भनी यसअन्तर्गत अध्ययन गरिन्छ । यसलाई तलका उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

### ३.३.१०.१ पूर्णविराम ( । )

यो वाक्य पूर्ण हुँदा प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासमा विभिन्न खालका वाक्यहरू प्रयोग भएका छन् । सबै वाक्यहरू पूर्ण नभई वाक्य अर्थपूर्ण नहुने भएकाले वाक्य पूरा भएका छन् । निम्नानुसारका केही वाक्यहरूलाई मात्र लिई पूर्णविरामलाई देखाउन खोजिएको छ ।

*(क) महाकाल बाबाको थानमा मिर्मिरे घाम झुल्किसक्दा पनि पश्चिमपट्टि फर्केको दार्जिलिङका चोक बजारमा अझ घामै झुल्केको थिएन । (पृ. १)*

*(ख) त्यतिबेला कसरी उसका दुवै हातमा अपूर्व बल आउँथ्यो । (पृ. ६)*

*(ग) हिउँदमा भने दिन काट्न उसलाई बडो मुस्किल पर्थ्यो । (पृ. १९)*

*(घ) चोकको मैदानमा आइपगेपछि लङ्डाले लामो निश्वास लियो र फेरि उकालो हिँड्न थाल्यो । (पृ. २६)*

*(ङ) भोलिपल्ट बिहान लङ्डाको निद्रा ढिलो टुट्यो । (पृ. ३५)*

*(च) चारैतिर मानछे ठम्याउन नसक्ने जस्तो झिसमिसे उज्यालो छाइरहेको थियो । (पृ. ४१)*

*(छ) अब उ विस्तार विस्तार लोयड्स रोडको उकालामा घस्रन थाल्यो । (पृ. ५३)*

*(ज) मन्दिरको सामुन्नेको पसलको छेउमा एउटा बिजुलीको खाँबोनिर एकजना माग्ने घोप्टो परेर लडिरहेको थियो । (पृ. ६५)*

*(झ) 'उसलाई धेरैबेरसम्म निद्रा लागेन ।'*

*(ञ) 'बाहिर हावा चलिरहेको थियो । '*

*(ट) 'आज झोपडीमा एक्लै सुत्दा उसलाई साह्रै शून्य लाग्यो ।'*

*(ठ) 'उसलाई निर्जन निर्जन झोपडीको वातावरणले उच्चाट लागेर आयो ।' (पृ. ३९)*

उपर्युक्त उदाहरणहरू प्रत्येक एकाइबाट एकवटा मात्र लिइएका छन् । सम्पूर्ण ‘पूर्ण विराम’ भएका वाक्यहरू उदाहरणमा लिँन असम्भव भएकाले केही पूर्ण वाक्यहरू मात्र लिइएको छ । वाक्य पूरा हुँदा पूर्ण विराम ( । ) को प्रयोग हुन्छ भन्ने प्रस्ट हुन्छ । वाक्य पूरा गर्नका लागि विभिन्न क्रियाहरू - थिएन, आउँथ्यो, पर्थ्यो, थाल्यो, टुट्यो, थियो, प्रयोगमा आई वाक्य पूरा गर्न सहयोग गरेका छन् ।

### ३.३.१०.२ अल्प विराम (,)

वाक्यमा लघु विरामलाई जनाउने चिह्न अल्प विराम हो । यो पद, पदावली, उपवाक्य आदिलाई छुट्याउनुपर्दा प्रयोग हुन्छ । ‘लङ्गडाको साथी’ उपन्यासमा प्रयोग भएका निम्नानुसारका केही उदाहरणहरूलाई देखाइएको छ ।

**पद**

(क) *वरिपरि देखिने घर, कोठी र तिनका राताराता छाना तथा बाटाघाटा रेलिङ, पार्क, हावाघर, सबै अहिले कठ्याङ्ग्रिरहेकै जस्ता देखिन्थे । (पृ. २)*

*(ख) यसरी घण्टौँ त्यहाँ बसेपछि कहिले उसले रोटीका टुक्रा वा मिठाइ पाउँथ्यो कि त उब्रेको भात, मासु र बासी तरकारी पाउथ्यो । (पृ. ९)*

*(ग) ठुला-ठुला घर, कोठी, स्कुल, होटेल, पसल, बिल्डिङहरू पनि रातको चकमन्न वातावरणमा चुपचाप उभिरहेका जस्ता देखिन्थे । (पृ. २०)*

*(घ) आफूले चाहिँ पुरी, तरकारी, जलेबी, निम्की, पेडा, सन्देश, आफूलाई जे-जे खान मन लागेको थियो किनेर खान थाल्यो । ( पृ. २९)*

*(ङ) रुख, पात, घर, पसल, सडक, पार्क, सबै पानीले रुझाउँदै थियो । (पृ. ६०)*

*(च) <u>सडक,</u> <u>गल्ली,</u> <u>छिँडी,</u> <u>घर,</u> <u>दलान</u> पानीले भिजेर सबै हिलैहिलो भएर दिक्क लाग्दो दृश्य हुन्थ्यो । (पृ. १५)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यसामा अल्प विराम ( , ) चिह्नको प्रयोग गरी पदहरू छुट्याइएका छन् भन्ने प्रस्ट हुन्छ । माथि उल्लेखित उदाहरणहरूमा प्रयोगमा आएका घर, कोठी, बाटाघाटा, रेलिङ, पार्क, हावाघर, भात, मासु, तरकारी, होटेल, स्कुल, पात, रुख, पसल, सडक शब्दहरू अल्प विरामद्वारा छुट्याइएका पदहरू हुन् ।

## पदावली

*(क) सडकको छेउतिर आलु र प्याजका बोक्राहरू, कुखुराका फुलका खोस्टाहरू यत्रतत्र देखिन्थे । (पृ. ३)*

*(ख) तर भोक-तिर्खा भनेको सबैको उही हो । के हामी मानिस, के पशु ! बरा, यो पनि म जस्तै होला । (पृ. १०)*

*(ग) लङ्गडाको संसारमा आफ्नो भन्नु कोही थिएन - न स्त्री न छोराछोरी, न भाइ न बहिनी । (पृ. १२)*

*(घ) यसरी घण्टौँ आफ्ना विचारमा, आफ्नै कल्पनामा, आफ्नै संसारमा ऊ डुलिरहन्थ्यो । (पृ. ४)*

*(ङ) त्यसबेला आफू कुँजो छु, लङ्गडो छु , भन्ने उसलाई यादै हुँदैन्थ्यो । (पृ. १७)*

*(च) हिउँका डल्लाले उसका कुममा, आङमा, टाउकामा लाग्दथ्यो । (पृ. २२)*

*(छ) स्कुलका विद्यार्थीहरू, अड्डामा जाने किरानीहरू, बाजारका पसलेहरू, सबै लङ्गडालाई रोजै यताउता घस्रिरहेको वा सडकका छेउमा बसेर मागिरहेको देख्दथे । (पृ. २२)*

*(ज) उसको स्नेहहीन, सहानुभूतिहीन, निसर जीवन यसरी बितिरहेको थियो । (पृ. २३)*

*(झ) त्यहाँ सिमेन्टका खाँबाहरू थिए, त्यहाँ खयर र पानको चुना पुछेका दाग, पान खाएर थुकेका दाग, कोइलाले यत्रतत्र कोरेर राखेका अश्लील चित्रहरूका रेखाङ्कन पनि थिए । (पृ. ३४)*

*(ञ) आफ्नो पूर्वजन्मको पापले मानिसलाई विधाताले लङ्गडो बनाई, अन्धा बनाई, कुजो बनाई, शक्तिहीन बनाई संसारको यातना र कष्ट भोग्न पठाएका होलान् । (पृ. १२)*

उपर्युक्त उदाहरणहरूबाट **लङ्गडाको साथी** उपन्यासमा पदावलीहरूलाई छुट्याउनका लागि पनि अल्प विराम ( , ) चिह्नको प्रयोग भएको स्पष्ट हुन्छ । उदाहरणमा प्रयोग भएका - प्याजका बाक्रा, कुखुराका फुलका खोस्टा, के हामी मानिस, के पशु बरा, न स्त्री न छोराछोरी, न भाइ न बहिनी, आफ्नै विचार, आफ्नै कल्पना, आफ्नै संसार, स्कुलका विद्यार्थीहरू, अड्डामा जाने किरानीहरू, बजारका पसलेहरू, उसको स्नेहहीन, सहानुभूतिहीन निरस जीवन, त्यहाँ खयर र पानको चुना पुछेका दाग, पान खाएर थुकेका दाग, अश्लील चित्रहरू आदि पदावली हुन् ।

## उपवाक्य

*(क) धेरै शीतका थोपाहरू रुखका पातमा काम्दै झुन्डिरहेका थिए, ती पनि अहिले त सुन जस्तै भएर चम्किरहेका थिए । (पृ. १)*

*(ख) गुराँसका बोटका हाँगाहरूमा भर्खर-भर्खर गुलाफी र गहिरो रातो रङमा फक्रन लागेका फूलहरू थिए, तिनलाई पनि सूर्यको उष्ण किरणले अहिले नै स्वाइँ खाला जस्तो लाग्थ्यो । (पृ. २)*

*(ग) केटाकेटी देख्ने बित्तिकै उसले यस्तो शङ्कित हृदयले हेर्दथ्यो, जस्तो टोक्ने बानी भएको कुकुरले हिँडिरहेको मानिसलाई फर्केर हेर्दछ । (पृ. ७)*

*(घ) बजारको एउटा भतुवा कुकुर पनि सधैँ त्यसको पछिपछि जान्थ्यो, त्यो पनि लङ्डालाई पछ्याउँथ्यो । (पृ. १०)*

*(ङ) उसको अनुहारमा प्रसन्नताको क्षीण झलक देखिन्थ्यो, अनि कुनै गम्भीर प्रश्नको समाधान भएजस्तो आनन्दले ऊ मुसुमुसु हाँस्थ्यो । (पृ. १४)*

*(च) यसरी रात शेष भएपछि भोलि फेरि सूर्योदय हुन्थ्यो, अनि फेरि रात आउँथ्यो । (पृ. २३)*

*(छ) आफ्नो कुम्लो र लौरो पनि उसले देब्रेपट्टि राख्यो, अनि अघिल्तिर उसले सानो रुमाल फिँजायो । (पृ. २७)*

*(ज) मानिसहरूले आफ्नो अवस्थामाथि उपहास गर्लान् भन्ने उसलाई सम्झना पनि छैन, किनभने कसैका अगाडि आज लङ्डाले 'हजुर एक पैसा भनेर टिठ लाग्दा आँखाले हेर्दै दाताका अघि हात पसारेको थिएन । (पृ. )*

उपर्युक्त उदाहरणबाट **लङ्डाको साथी** उपन्यासभित्र उपवाक्यहरूलाई अल्प विराम ( ,) चिह्नको प्रयोग गरी छुट्याइएको छ भन्ने स्पष्ट हुन्छ ।

वाक्यका सुरुमा आएर समर्थन वा विरोध जनाउने शब्दपछि पनि अल्प विराम ( , ) चिह्नको प्रयोग गरिन्छ । 'लङ्डाको साथी' उपन्यासभित्र भएका केही उदाहरणहरू लिई निम्नानुसार प्रस्ट पान सकिन्छ ।

*(क) हजुर, एकदुई पैसा दया होस् न ! कहिलेकाहीँ त कवित्वको भाषामा माग्ने गर्थ्यो - 'हजुर, गरिबगुरुवालाई कहिले त दया होस् न । (पृ. ९)*

*(ख) लौ हजुर, गरिब गुरुवालाई दया गर्नु भो । (पृ. ९)*

*(ग) हजुर, बरबटे कमाल मेरो घर हो । (पृ. २३०*

*(घ) हजुर, परमेसुरले त्यस्तै लेखिदिएछ । (पृ. २४)*

*(ङ) घर नेपाल हो, हजुर ... नेपाल तीन लम्बरमा जग्गा छ । (पृ. २४)*

माथिका उदाहरणहरूबाट वाक्यका सुरुमा आएर समर्थन जनाउने हजुर, लौ हजुर, घर नेपाल हो, जस्ता शब्दहरूको प्रयोग गरिएको छ । **लङ्गडाको साथी** उपन्यासभित्र यी बाहेक वाक्यका सुरुमा आएका निपातपछि पनि अल्प विराम चिह्नको प्रयोग भएको छ । अर्को प्रत्यक्ष कथनको वाक्यमा पनि अल्प विराम ( , ) चिह्नको प्रयोग गरिन्छ । यसको उदाहरणका रूपमा माथिको उदाहरण (ङ) प्रस्तुत गरिएको छ ।

### ३.३.१०.३ योजक चिह्न ( - )

समस्त र द्वित्व भएका पदहरूलाई जोड्दा र पङ्तिका अत्यमा पूरै शब्द नआउँदा योजक चिह्नको प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासभित्र प्रयोग भएका योजक ( - ) चिह्नहरूलाई निम्नानुसारका केही उदाहरणहरूबाट प्रस्ट पार्न सकिन्छ ।

*(क) गुराँसको बोटको हाँगाहरूमा भर्खर - भर्खर गुलाफी र गहिरो रातो रङमा फक्रन लागेका फूलहरू थिए । तिनलाई पनि सूर्यको उष्ण किरणले अहिले नै म्वाइँ खाला-खाला जस्तो देखिन्थ्यो । (पृ. २)*

*(ख) माघ-फागुनको उत्कट जाडो । (पृ. २)*

*(ग) अग्ला-अग्ला धुपीका रुखहरू समेत बिहानको जाडो र शीतको प्रहार सहन गर्दै चुपचाप ठिङ्ग उभिरहेका जस्ता देखिन्थे । (पृ. २)*

*(घ) दिन चढ्दै गयो चोक बजारका अग्ला-अग्ला बिल्डिङ र सेता घरहरूमा अब न्यानो घामका किरणले स्पर्श गर्दै लग्यो । (पृ. ३)*

*(ङ) कहिले रिस उठ्थ्यो र ती एक-एक शत्रुलाई गाली गर्दथ्यो । (पृ. ९)*

*(च) पहिले - पहिले त लङ्गडाले त्यसलाई हेर्नै सक्दैनथ्यो । (पृ. १०)*

*(छ) कुकुर पनि खुसीले पुच्छर हल्लाउँदै लङ्गडाको अनुहार चाट्ला-चाट्ला जस्तो गर्थ्यो । ( पृ. ११)*

*(ज) यसरी हिउँदको मुटु छेड्ने याममा पनि तथा दार्जिलिङको वर्ष मुसलधारे पानी-झरीमा पनि यी दुवै सँगै हिड्थे । (पृ. १२)*

*(झ) वर्षौं यही एकनासले जीवनयापन गरिरहेकाले मागी-मागी पेट भर्नु अब उसले आफ्नो धर्म ठान्न थालेको थियो । (पृ. १३)*

*(ञ) तर लङ्गडो त्यसको वास्तै नगरी पानीमा भिज्दै-भिज्दै अर्कै ठाउँमा जाने कोसिस गर्थ्यो । (पृ. १५)*

*(ट) मेघको आवाजले उसको मनका सुन्दर - सुन्दर भावनालाई टुक्रा-टुक्रा पारिदिन्थ्यो । ( पृ. १७)*

*(ठ) जीवनभरि आफूले घस्री-घस्री मागेको सबै उसले बिर्सन्थ्यो । (पृ. १७)*

*(ड) बाहिर चुक जस्तो अन्धकार बाहेक केही देखिँदैनथ्यो । केवल बेला-बेलामा आकाशको यो छेउदेखि ऊ छेउसम्म झिलिक्क -झिलिक्क गरेको उज्यालो मात्र देखिन्थ्यो ।(पृ. १७)*

*(ढ) मैला गनाउने च्याथ्रा-च्याथ्रा भइसकेका वस्त्र लाउने अरू माग्नेहरू त्यहाँ झुरुम्म भएर अनेक कुरा गरिरहन्थे । (पृ. १९)*

*(ण) कहिले तल मोटर-बस उभिने ठाउँमा आएर अघिल्तिर बसिरहन्थ्यो । (पृ. २५)*

*(त) पहिले-पहिले त सबैको दृष्टिबाट आफूलाई बचाएर राति-राति त्यहाँ आएर सुत्ने गर्दथ्यो । (पृ. २६)*

*(थ) पश्चिम आकाश मेघका टुक्राहरूले ढाकेको भए पनि सूर्यका लामा-लामा किरणहरू छिरेर अग्ला-अग्ला पहाडतिर स्पर्श गरिरहेका थिए ।(पृ. ३५)*

*(द) जुत्ताको भद्दा ग्रचाप-ग्रचाप आवाज झन्-झन् नजिकै आउँदै गयो । (पृ. ४४)*

*(ध) आज उसलाई आफू पनि त्यो चिलजस्तै भएर आकाश-आकाश उड्दै सहर, पहाड, जङ्गल, खोला-नाला काटी मुलुक-मुलुक डुल्ने इच्छा भयो । (पृ.४६)*

*(न) पसलेहरू आफ्ना-आफ्ना पसल थुन्दै थिए । (पृ. ५६)*

*(प) त्यहाँबाट घस्रँदै-घस्रँदै ऊ पर्तिर गयो । (पृ. ५८)*

*(फ) आज त पुरी-मिठाइको पसलमा गएर मोजले पुरी-तरकारी खान्छु ।(पृ. २८)*

*(ब) कहिले लुखुर-लुखुर गल्लीको ओरालो-उकालो गरिरहन्छ । (पृ. ४२)*

*(भ) उसको अनुहार-आकृति नै उदास थियो ।(पृ. ४६)*

*(म) देश-विदेश हेर्ने इच्छा .... (पृ. ४९)*

*(य) अस्ति दशैं-तिहारमा आफूले गाएको तामाङ गीतको भाका हाल्दै आफ्नै धुनमा ओरालो काइलाको पसलमा जान लागको थियो ।(पृ. ४९)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा योजक चिह्नको प्रयोग भएको छ भन्ने स्पष्ट हुन्छ । योजक चिह्नको प्रयोग परिचयबाटै प्रस्ट हुन्छ । तसर्थ, प्रस्तुत उदाहरण (क), (ग), (घ), (ङ), (च), (छ), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (त), (थ), (द), (ध), (न), (

प), द्वित्व शब्दहरूका बिचमा योजक चिह्नको प्रयोग भएको छ भने (ख), (ज), (ण), (फ), (ब), (भ), (म), (य) समस्त शब्दहरूका बिचमा योजक चिह्नको प्रयोग भएको छ ।

### ३.३.१०.४ उद्धरण ('.....', "......") चिह्न

वाक्यमा आएका विशेष शब्दमा एकोहोरो ('......') उद्धरण चिह्न दिइन्छ भने, प्रत्यक्ष कथनका अंशमा दोहोरो ("......") उद्धरण चिह्नको प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासभित्र उद्धरण चिह्न प्रयोग गरिएका निम्न केही वाक्यहरूलाई लिई प्रस्ट पारिएको छ ।

*(क) तिनीहरू उसलाई 'भुइँभालु' भनी खिज्याउँथे ।(पृ. ६)*

*(ख) सडकका छेउमा बसेर बाटो हिड्नेलाई भन्थ्यो – 'हजुर, एकदुई पैसा दया होस् न !' ( पृ. ९)*

*(ग) खाने कुरा पाएपछि लङ्गडो बडा प्रसन्न भएर दुवै हातले थापीकन कृतज्ञताको स्वरले भन्थ्यो – 'लौ हजुर गरिब गुरुवालाई दया गर्नु भो ' (पृ. ९)*

*(घ) भोको पेटका झोकमा लौरो टिपेर कुकुरलाई हान्न खोजेजस्तो गरेर भन्थ्यो – 'काठा ! मैले खान दिइँन भने तँ लपलप गरिहिड्छस् ?' (पृ. २६)*

*(ङ) लङ्गडाले एउटा सेलरोटी टिपेर कुकुरका अघिल्तिर फालिदिएर भन्यो – 'खा ! अरू के खान्छस् काले ! मेरो जिउ छउन्जेल मोज गर !' ( पृ. ३१)*

*(च) ऊ हत्तपत्त घस्रँदै सडकको माझमा आयो र भलादमीलाई सलाम गर्दै पैसा माग्यो । 'हजुर ....!' (पृ. ४०)*

*(छ) हातको नाम्लो काँधमा फाल्यो र लङ्गडाका अघिल्तिर आएर खस्रो परन्तु सहानुभूतिको कण्ठमा भन्यो – 'ए दाइ लौ चियाखाजा किनेर खाऊ !' (पृ. ४९)*

*(ज) त्यो मान्छे आफ्नो भद्दा जुत्ता ग्रचाप-ग्रचाप बजाउँदै लङ्गडाको छेउमा आयो र भन्यो – 'आँखा छैन ? छेए लागेर हिँड्नुपर्छ नि ! मोटरले किचेको भए ... हेर, आन्द्रा भुँडी निस्कने !' (पृ. ५१)*

### ३.३.१०.५ विस्मयादिबोधक / उद्गार चिह्न ( ! )

विस्मय आदि भाव बुझाउन आउँदा र सम्बोधन गर्दा यस चिह्नको प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासमा प्रयोग गरिएको विस्मय बोधक चिह्नलाई निम्न उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

*(क) हजुर ! एकदुई पैसा दया होस् न ! (पृ. ९)*

*(ख) धर्म हुन्छ हजुर धर्म ! (पृ. ९)*

*(ग) लौ हजुर गरिब गरुवालाई दया गर्नु भो ! (पृ. ९)*

*(घ) तर भोक-तिर्खा भनेको सबैको उही हो, के हामी मानिस, के पशु ! (पृ. १०)*

*(ङ) ओहो ! माग्नेलाई हेरेर, गरिबलाई देखेर कुनै दिन मनमा दया जागेको छ ? (पृ. १०)*

*(च) ती सुन्दरी कस्ती सुन्दरी थिइन् ! (पृ. २१)*

*(छ) काठा ! मैले खान दिइँन भने तँ लपलप गरिहिड्छस् ? (पृ. २६)*

*(ज) तिमी त मान्छे भयौ साथी म कुकुर भएँ मैले नालीमा मुख गाडेर खानेकुरो खाए पनि तिमीले त त्यसो गर्न सक्दैनौ । हामी दुवैको संसारमा एउटै स्तर भए पनि तिमी मान्छे नै भयौ, म त कुकुर नै ठहरिएँ ! (पृ. २६)*

*(झ) ओहो ! सधैँ त मिठाइका पसलमा घिउ र पुरीको गन्ध मात्र सुँघ्दै डुलिहिँड्थैँ । (पृ. २९)*

*(ञ) हेर् ! काले ! तँ पनि सधैँ त गल्लीको नालीतिर गएर जुठा कुराहरू खाइहिँड्थिस् । (पृ. २९)*

*(ट) काले ! कुकुरको जुनी लिएर पनि तँ त बडो भाग्यमानी रहेछस् । (पृ. २९)*

*(ठ) म जस्तो लङ्गडा साथीलाई पाएर एकबारको जुनीमा मोज लुटिस् ! लौ हिँड काले अब ..... । (पृ. २९)*

*(ड) खा ! अरू के खान्छस् काले ? मेरो जिउ छउन्जेल मोज गर ! (पृ. ३१)*

*(ढ) ऊ हत्तपत्त घस्रँदै सडकको माझमा आयो र भलादमीलाई सलाम गर्दै पैसा माग्यो – 'हजुर ...! (.पृ. ४७)*

*(ण) ए दाइ ! लौ चिया खाजा किनेर खाऊ ! (पृ. ४९)*

*(त) आँखा छैन ? छेउ लागेर हिँड्नु पर्छ नि ! मोटरले किचेको भए ....। हेर, आन्द्राभुँडी निस्किने ! (पृ. ५१)*

*(थ) तर पसलेले भित्रबाट लङ्गडालाई देखिहाल्यो ! (पृ. ६०)*

*(द) बिजुलिको प्रकाश पनि मधुरो देखिन्थ्यो ! (पृ. ६०)*

*(ध) दुर्भाग्यवश त्यो टिन पल्टिएर तल खस्यो ! रातको निःस्तब्ध वातावरणमा एउटा ठुलो आवाज भयो, अनि फेरि चकमन्न भयो ! (पृ. ६२)*

*(न) हजुर ! म त एउटा माग्ने लङ्गडो पो हुँ ! (पृ. ६२)*

*(प) मेघयुक्त आकाशमा बियाउँदो रातका ताराहरू सारै रमाइलो लाग्दो गरी चम्किरहेका छन् ! (पृ. ६३)*

*(फ) एकजना ठिटीले त हातमा सिग्रेट पनि च्यापेकी थिई ! (पृ. ५१)*

उपर्युक्त उदाहरणबाट **लङ्गडाको साथी** उपन्यासमा आश्चर्यजनक घटनाहरू पनि रहेका छन् भन्ने स्पष्ट हुन्छ । जहाँ आश्यर्च वा विस्मय बोधक हुन्छ त्यहाँ विस्मय बोधक चिह्नको प्रयोग गरिएको हुन्छ । माथिका उदाहरण (क).... (फ) सम्मका वाक्यहरू कुनै न कुनै प्रसङ्गमा आश्चर्य बोध गराउँने वाक्य हुन् ।

### ३.३.१०.६ प्रश्नार्थकता (?)

कसैलाई के, कसरी, किन, कहाँ भनी प्रश्न सोध्नुपर्दा प्रश्नार्थक चिह्नको प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासमा प्रयोग भएका प्रश्नार्थक चिह्न र वाक्यहरू निम्नानुसार रहेका छन् ।

*(क) काठा ! मैले खान दिइँन भने तँ लपलप गरी हिँड्छस् ? (पृ. २६)*

*(ख) खा ! अरू के खान्छस् काले ? (पृ. ३१)*

*(ग) उसले कसरी सोध्न सक्थ्यो र ? (पृ. ३८)*

*(घ) आँखा छैन ? छेउ लागेर हिँड्नु पर्छ नि ? (पृ. ५१)*

उपयुक्त उदाहरणबाट कसैले कसैलाई प्रश्न सोध्नुपर्दा प्रश्नार्थक चिह्नको प्रयोग गरिन्छ भन्ने स्पष्ट हुन्छ । उदाहरणमा आएका वाक्यहरू क्रमशः (क) मा लङ्गडाले उसको साथी कुकुरलाई प्रश्न गरिरहेको छ । उदाहरण (ख) मा पनि लङ्गडाले कुकुरलाई नै प्रश्न सोध्दै छ । के खान्छस् ? भनी । त्यसै गरी उदाहरण (ग) मा लङ्गडो कुकुर हराएर छटपटाएको समयमा एउटा कुकुरको हुललाई देख्दा उसले ती कुकुरलाई आफ्ना कुकुरका विषयमा सोध्न सक्दैन भनी वक्ता आफैँले पाठकसमक्ष कसरी सोध्न सक्थ्यो र ? ती पशुहरूलाई भनी प्रश्न गरिरहेका छन् । उदाहरण (घ) दार्जिलिङ सहरको डाक घरको घुम्तीका एकजना अपरिचित व्यक्ति मोटर हुइक्याएर आउँछ । लङ्गडालाई किच्न खोज्छ तर

लङ्गडो कसरी बँच्छ ? मोटर चलाउने व्यक्ति आएर लङ्गडालाई छेउबाट हिँड्नुपर्छ नि, आँखा छैन भनी प्रश्न गर्दै गाली गरिरहेको सन्दर्भ प्रस्तुत गरिएको छ ।

### ३.३.१०.७ अर्द्धविराम (;)

यो पूर्णविरामभन्दा सानो विराम चिह्न हो । यसले पदावली र उपवाक्यलाई छुट्याउने काम गर्दछ । **लङ्गडाको साथी** उपन्यासमा वक्ताले प्रयोग गरेको अर्द्धविराम चिह्नहरू र केही वाक्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

**उपवाक्य**

*(क) त्यहाँ त नराम्रा कुराहरू केही छैनन् ; मरुन्जे मानिसले आफ्नो-आफ्नो कर्तव्य गरिरहनुपर्छ भन्ने उसलाई लाग्थ्यो । (पृ. १३)*

*(ख) कोइलाले यत्रतत्र कोरिराखेका अश्लील चित्रहरूका रेखाङ्कन पनि थिए; यहीँ अडेस लागेर टाढातिर ऊ हेर्न लागेको थियो । (पृ.३२)*

*(ग) जाडोदेखि बच्न बोरा वा थाङ्नामा बेरिएर च्याथ्रा भइसकेका लुगा लगाएर कसैका दलानमा आश्रय लिएर रात काट्नुपर्दैनथ्यो; पानी झरीदेखि बाँच्न कसैको कुनाकाप्चा, दलान र बिल्डिङहरूमुनि गएर ओत लाग्नु पर्दैनथ्यो । (पृ.५३)*

उपर्युक्त उदाहरणबाट 'लङ्गडाको साथी' उपन्यासमा केही मात्र अर्द्धविराम ( ; ) चिह्न प्रयोग गरिएको छ । प्रस्तुत उदाहरण (क) मा पदावलीमा प्रयोग गरिएको छ जस्तै :

पेडा खान्छु ; तरकारी खान्छु ; जलेवी खान्छु । त्यसैगरी उपवाक्यअन्तर्गत उदाहरण (क), (ख), (ग) मा पनि अर्द्धविराम चिह्नको प्रयोग गरी उपवाक्यलाई छुट्याउने काम गरेको छ ।

### ३.३.१०.८ निर्देशक चिह्न ( :–, : , –)

वाक्यमा निर्देशन जनाउँदा वा उदाहरण जनाउँदा वा उदाहरण दिनुपर्दा निर्देशक चिह्नको प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासमा लेखकले यस्ता चिह्न कमै मात्रमा प्रयोग गरेको पाइन्छ । यसलाई निम्नानुसारका उदाहरणबाट प्रस्ट पारिन्छ ।

**निर्देशक चिह्न** (:–)

*(क) सात दिनपछि :– (पृ. ६७)*

*(ख) अर्को दिन फेरि :– (पृ. ६८)*

*(ग) दुई दिनपछि फेरि : – (पृ. ६९)*

*(घ) फेरि दस महिनापछि :– (पृ. ६९)*

उपर्युक्त उदाहरणमा **लङ्गडाको साथी** उपन्यासको घटनाक्रम सरासर गइरहेको अवस्थामा लङ्गडाको मृत्यु गराएर एक हप्तापछिको घटना क्रमलाई व्यक्त गरेका छन् । त्यसपछि फेरि कुकुरका सन्दर्भमा घटेका घटनालाई प्रस्तुत गरेका छन् भने अन्त्यमा दस महिनापछि भनी पशु र मान्छेको अस्थिपञ्जर एकै ठाउँमा भेटिएको घटनाक्रमलाई प्रस्तुत गरी उपन्यासको अन्त्य गरेका छन् ।

**निर्देशक चिह्न** (–)

*(क) सडकका छेउतिर आलु र प्याजका बोक्राहरू, कुखुराका फुलका खोस्टाहरू यत्रतत्र देखिन्थे – नालीमा मैला, कसिङ्गर थुपारेर कुहेको साग र सब्जीको सानो पहाड जस्तो जमेको थियो । (पृ. ३)*

*(ख) अड्डा जस्तै छ – त्यहीँ गएर ऊ पनि बसिरहन्थ्यो । (पृ. ९)*

*(ग) सडकका छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो – ए हजुर, एकदुई पैसा दया होस् न ! कहिलेकाहीँ कवित्व भावमा माग्ने गर्थ्यो – हजुर, गरिब गुरुवालाई कहिले त दया होस् न ! (पृ. ९)*

*(घ) उसले मनमनै विचार गर्थ्यो – यो कुकुरलाई यसरी धपाउँदा पनि जाँदैन मेरा पछिपछि लागिरहन्छ । (पृ. १०)*

*(ङ) लङ्गडाको आफ्नो कोही थिएन – न स्त्री नछोराछोरी, न भाइ न बहिनी । उसको सङ्गीहीन-बन्धुहीन, एकान्त जीवनमा दुःखसुखको साथी भने त्यही एउटा कुकुर थियो । (पृ. १२)*

*(च) सारै खोजी गर्ने मानिस भेटियो भने ऊ विस्तारै त्यहाँबाट टोलिएर भाग्ने चेष्टा गर्थ्यो कि त दिक्क मानेर छोटकरीमा उत्तर दिन्थ्यो - हजुर बरबोटे कमान मेरो घर हो । (पृ. २३)*

*(छ) भोको पेटका झोकमा लौरो टिपेर कुकुरलाई हान्न खोजेजस्तो गरेर भन्थ्यो – काठा ! मैले खान दिइँन भने तँ लपलप गरिहिड्छस् ? (पृ. २६)*

*(ज) मानौ कुकुरले अव्यक्त भावले भनिरहेको हुन्थ्यो – तिमी त मान्छे भयौ साथी म कुकुर भएँ । (पृ. २६)*

*(झ) भन्यो – हेर काले ! तँ पनि सधैँ त गल्लीको नालीतिर गएर जुठा कुराहरू खाइहिड्थिस् । (पृ. २९)*

*(ञ) सपनामा उसले देख्यो – आफू सुकिलो लुगा लगाएर धीरधामको पूजामा जान लागेको रहेछ । (पृ. ३९)*

*(ट) उसले आँखा चिम्लेर कुकुरलाई सम्झिरह्यो – कहिले त्यो गुँडुलिएर आफ्ना छेउमा सुतिरहन्छ । (पृ. ४२)*

*(ठ) वस्तुहरू देख्यो – आफ्नो लौरो थियो ।(पृ. ४२)*

*(ड) आज उसलाई राम्रै थाहा भयो – संसारमा अहिले उसको कोही परिवार रहेनछ । (पृ. ४३)*

*(ढ) लङ्गडाका अघिल्तिर आएर खस्रो परन्तु सहानसभूतिको कण्ठमा भन्यो – 'ए दाइ ! लौ चिया किनेर खाऊ !' (पृ. ४९)*

*(ण) लङ्गडाका छेउमा आएर भन्यो – 'आँखा छैन ?' (पृ. ५१)*

*(त) लङ्गडाले हेरिरहेको थियो – ती दुवै नेपाली नै रहेछन् । (पृ. ५२)*

*(थ) तल अन्धकारबाट एउटा करुण उद्‌गार आयो – ए हजुर ! म त एउटा माग्ने लङ्गडो पो हुँ ! (पृ. ६२)*

उपर्युक्त उदाहरणअनुसार **लङ्गडाको साथी** उपन्यासमा निर्देशक चिह्नको प्रयोग गरिएको छ भन्ने प्रस्ट हुन्छ । वाक्यमा उदाहरणका रूपमा केही प्रसङ्गलाई प्रस्तुत गर्नुपर्दा ( –) निर्देशक चिह्नको प्रयोग गरिन्छ । जस्तै उदाहरण (क) मा जतातत‌ै प्याजका बोक्रा, कुकुराका फुलका खोस्टा जस्ता वस्तुले फोहोरै फोहोर थियो । अझै यसलाई प्रस्ट पार्न निर्देशक चिह्न प्रयोग गरेर – नालीमा मैला, कसिङ्गर, कुहेका साग आदिलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यसै गरी उदाहरण (क) .... (थ) सम्मका वाक्यबाट प्रस्ट पारिएको छ ।

### ३.३.१०.९ रिक्तताबोधक चिह्न ( ... )

कुनै कथन वा वाक्यमा केही छोड्दा वाक्य पूरा नभएको भनी जनान यस चिह्नको प्रयोग गरिन्छ । **लङ्गडाको साथी** उपन्यासमा प्रयोग भएका रिक्तताबोधक चिह्न निम्न उदाहरणबाट प्रष्ट पार्न सकिन्छ ।

*(क) जन्मै लङ्गडो भएर जन्मेको ... पछि दुवै घुँडाघुँडा राम्ररी सोझो पार्न नसक्ने भएँ ... कुँजो भएपछि के गर्नु ... हजुर, परमेसुरले त्यस्तै लेखिदिएछ ... मागीमागी पेट भर्छु .। (पृ. २४)*

*(ख) 'घर नेपाल हो, हजुर ... नेपाल तीन नम्बरमा जग्गा छ । (पृ. २४)*

*(ग) तर दिन दशाले गर्दा पहाड पर्कन सकिँन ... यस्तै हालत भएर मागी-मागी पेट भर्दै छु ...डुलिहिड्छु ...एकमुठी सास छउन्जेल अब हजुरहरूकै आछापिछामा छु ... के गर्नु हजुर ! (पृ. २४)*

*(घ) म जस्तो लङ्गडा साथीलाई पाएर एकबारको जुनीमा मोज लुटिर् । लौ हिँड् काले अब । (पृ. २९)*

*(ङ) अनि सुन्नेको मन पनि अहिले यो गिर्जाको त्यो ट्वाङ् ... ट्वाङ् ... ध्वनि रातको शून्य वातावरणमा झन-झन स्पष्ट भएर बजिरहेको सुनिन्छ । (पृ. ३५)*

*(च) राति सुत्ने बेलामा त्यो रुमाल पोल्टामा घुसारेर राखेको उसलाई राम्ररी सम्झना छँदै थियो ... । (पृ. ३५)*

*(छ) आज उसलाई आफू पनि त्यो चिलजस्तै भएर आकाश-आकाश उड्दै सहर पहाड, जङ्गल, खोला नाला, कुटी, मुलुक-मुलुक डुल्ने इच्छा भयो । देश-विदेश हर्ने इच्छा ..! (पृ. ४७)*

*(ज) ऊ हत्तपत्त घस्रँदै सडकका माझमा आयो र भलादमीलाई सलाम गर्दै पैसा माग्यो - 'हजुर ...! (पृ. ४७)*

*(झ) मोटरले किचेको भए .... हेर, आन्द्राभुँडी निस्कने । (पृ. ५१)*

*(ञ) ती असल-असल घर र अट्टालिकामा बस्ने धनी अलमस्तहरू मोटरमा हावा खान्छन् ; रेस, सिनेमा, होटेल, नाचगानमा भुलिरहन्छन् ... औ म ... ? मेरा यी दुवै खुट्टा काम नलाग्ने हुन् । मसित आफ्नो पेट पाल्ने धन पनि छैन ...। म मानिसको घुँइचोभित्र रहेर पनि समाजहीन भएर आज कसरी एक्लो जीवन बिताइरहेछु । (पृ. ५५)*

*(ट) म अहिले संसारको भारले, मानव-अत्यचारले कसरी थिचिएको छु ... । अब यो संसारदेखि जति चाँडा विदा लिन सकौँला उति मेरा निम्ति राम्रो छ ... । जीवनको यो ठुलो यातना र कष्टबाट त म सधैँका निम्ति मुक्त हुन सक्ने छु । (पृ. ५५)*

*(ठ) वर्षाको पानी र बालुवाले केही छोपेको एउटा मान्छे र अर्को पशुको अस्थिपञ्जर त्यसरी जोडिएर त्यसले यो पृथ्वीको तहभन्दा पनि माथि पशु र मान्छेको आत्मीयताको परिचय दिइरहन्थ्यो ...! (पृ. ६९)*

**लङ्गडाको साथी** उपन्यासमा रिक्तता बोधक चिह्नको प्रयोग भएको उपर्युक्त उदाहरणहरूबाट प्रस्ट हुन्छ । वाक्य पूरा नभएको वा वाक्यभित्र अझै पनि केही छ भन्ने देखाउन रिक्तता बोधक चिह्नको प्रयोग गरिन्छ । कसैको भनाइभित्र पनि अपूर्णताको प्रयोग हुन्छ । बिचमा अपूर्णता '... ' चिह्न दियो भने केही बिचमा केही शब्दहरू बोलिएको छ भन्ने कुराको जानकारी हुन्छ । अन्त्यमा प्रयोग गरिएको छ भने केही भनिरहेको छ भन्ने प्रस्ट हुन्छ ।

'लङ्गडाको साथी' उपन्यासमा लेखक विभिन्न माध्यमबाट प्रस्तुत भएका छन् । उपन्यासको भाषाशैली सरल र सुबोध रहेको छ । उपन्यासमा संस्कृत, फारसी आदि भाषाका शब्द प्रयोग भए तापनि ठेट नेपाली भाषाको प्रबलता रहेको छ । उपन्यासमा लङ्गडाका विभिन्न स्वप्निल कल्पना, असन्तुष्टिलाई व्यक्त गरी अतियथार्थवादी शैली अपनाई वर्णनात्मक तरिकाबाट व्यक्त गरिएको छ ।

यसैगरी उपन्यासमा एकातिर समाजका उच्च हैसियतमा रहेका मानिसबाट लङ्गडामाथि गरिएको तिरस्कृत व्यवहार छ भने अर्कातिर लङ्गडो र कुकुरको प्रेम सम्बन्धलाई प्रस्तुत गरी पशु र मान्छेमा त प्रेम सम्बन्ध हुन्छ भने मान्छेमान्छेमा पनि विश्वभाइचाराको सम्बन्ध निर्माण गर्दै एक-आपसमा मायाप्रेमको खाँचो रहेकोतर्फ सङ्केत गरिएको छ । यसैगरी पशु र मान्छेको सम्बन्धलाई देखाउनु, लङ्गडाजस्तो मान्छेको पैसा चोरिनु जस्ता घटनाले मान्छेमा मानवीय गुणको खाँचो रहेको कुरालाई देखाउनु यस उपन्यासको उद्देश्य रहेको छ । त्यस्तै उपन्यासलाई अर्थपूर्ण बनाउन विभिन्न पूर्णविराम, प्रश्नार्थक आदि चिह्नहरू माध्यमका रूपमा आएका छन् ।

# चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत शोधपत्र साहित्यकार लैनसिंह बाङ्देल (वि. स. १९८१-२०५९) द्वारा रचित 'लङ्गडाको साथी' (वि. सं.२००८) उपन्यासको सङ्कथन विश्लेषणमा आधारित रहेको छ । शोधपरिचयलाई पहिलो परिच्छेदमा प्रस्तुत गरिएको छ । यसअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधलेखनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

सङ्कथन  विश्लेषण व्यवस्था यस शोधको सैद्धान्तिक आधार हो । यसलाई दोस्रो परिच्छेदमा प्रस्तुत गरिएको छ । सङ्कथनको परिचय, पृष्ठभूमि र विकास, सङ्कथनको परिभाषा, सर्न्दभ परिचय अर्थ तत्त्वहरू (क्षेत्र, सहभागी, माध्यम) लाई परिभाषित गरी बाङ्देलको उपन्यासको विश्लेषणको आधार तयार गरिएको छ ।

प्रस्तुत शोधग्रन्थको तेस्रो परिच्छेदमा बाङ्देलको **लङ्गडाको साथी** उपन्यासमा पाइने क्षेत्र, सहभागी, माध्यम र यसभित्रका विभिन्न उपशीर्षकहरूमा केन्द्रित भई उपन्यासको विश्लेषण गरिएको छ । यस शोधग्रन्थको चौथो परिच्छेदमा सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ४.२ निष्कर्ष

कुनै पनि पाठ वा सङ्कथन तयार हुनका लागि सम्बन्धन व्यवस्था राम्रो हुनुपर्दछ । पाठका भाषिक एकाइ बिच राम्रो सम्बन्ध नभए पाठ राम्रो बन्न सक्दैन । सम्बन्धन व्यवस्थामा संसक्तिगत र संयुक्तिगत बन्धन हुनुपर्दछ । यो शोध संयुक्तिगत बन्धनमा मात्र आधारित रहेको छ । बन्धनले आर्थी तहमा भाषिक एकाइको समन्वयलाई विश्लेषण गर्ने आधार प्रधान गर्दछ । यदि पाठमा आर्थी बन्धन वा समन्वय भएन भने पाठले पूर्णता पाउन सक्दैन । सङ्कथनलाई त्यही आर्थी सम्बन्धन प्रदान गर्ने तत्त्व नै संयुक्ति हो । सङ्कथन अर्थ र सन्दर्भसँग सम्बन्धित हुन्छ ।

पाठमा लेखक वा वक्ताले उल्लेख गरेका अभिव्यक्तिलाई सिलसिलाबद्ध गरी पाठकसमक्ष अर्थोचित ढङ्गमा व्यक्त गर्ने घटक वा वक्ता र स्रोताबिचको तार्किक सम्बन्ध नै

संयुक्ति हो । लेखकले पाठमा विभिन्न क्षेत्र, विभिन्न सहभागी, विभिन्न माध्यमबाट पाठलाई अर्थपूर्ण बनाएका हुन्छन् । त्यसैले सन्दर्भगत अर्थ सम्बन्ध प्रदान गर्दछ । प्रत्येक पाठको आफ्नो सन्दर्भ हुन्छ किनभने सन्दर्भबाट नै  सङ्कथनको अर्थ निर्धारण हुन्छ । सन्दर्भलाई सङ्गठित गर्ने युक्तिहरू क्षेत्र, सहभागी, माध्यम हुन् । लेखक वा वक्ताले पाठमा कुनै सन्दर्भअनुरूपको क्षेत्र तयार गरेको हुन्छ । यसले पाठमा के भइरहेको छ भन्ने कुरालाई सङ्केत गर्दछ । यसभित्र पाठलाई अघि बढाउने विषय, लेखकको विचार वा अभिव्यक्ति, घटना घटिरहेको परिवेश र समयसमेत पर्दछ ।

कुनै पनि पाठ हुनका लागि त्यसमा विभिन्न सहभागीहरूको उपस्थिति रहेको हुन्छ । विभिन्न घटनाहरू घटित गरी विषयवस्तुलाई अगाडि बढाई पाठलाई सुव्यवस्थित बनाउने कार्य सहभागी वा पात्रहरूले गरेका हुन्छन् । कुनै पनि पाठमा विभिन्न सहभागीहरूका विभिन्न भूमिकाहरू रहेका हुन्छन् । कुनै पनि सहभागीको भूमिकाले उसको व्यक्तित्वलाई निर्धारण गरेको हुन्छ । पाठमा सहभागीले क्रियाकलाप गर्ने क्रममा त्यसबाट अप्रत्यासित रूपमा घटित क्रियाप्रतिक्रियाले सहभागीको हेतुलाई निर्धारण गर्दछ । पाठमा एकालाप होस् वा दोहोरो संवाद तर संवाद हुन आवश्यक हुन्छ । यसैगरी पाठमा विभिन्न सहभागीका क्रियाप्रतिक्रियाका क्रममा वार्ता वा कुराकानी वा कल्पना गरी एकालाप गरेका हुन्छन् । यसले पाठभित्रका सहभागीको संवादलाई निर्माण गर्दछ । पाठभित्र उपस्थित पात्रहरूले संवादका क्रममा विभिन्न तरिकाबाट बोल्न सक्छन् । विभिन्न ठाउँका भाषालाई बोलचालको भाषा बनाउन सक्छन् । यसैअन्तर्गत सहभागी कस्तो बोलचालका क्रममा कस्तो भाषालाई प्रयोग गरेका छन् भन्ने कुरा भाषिक व्यवहारबाट अध्ययन गरिन्छ । पाठमा उपस्थित सहभागीको सामर्थ्य वा आर्थिक स्तर कस्तो रहेको छ भन्ने कुरा सामाजिक हैसियतअन्तर्गत अध्ययन गरिन्छ ।

कुनै पाठ लेखकले पाठकसामु कुनै माध्यमद्वारा प्रस्तुत गरेका हुन्छन् । विना माध्यम पाठलाई पाठकले बुझ्न र अर्थ्याउन सम्भव हुँदैन तसर्थ 'लङ्गडाको साथी' उपन्यासमा पनि लेखकले विभिन्न भाषाशैली, दृष्टिविन्दुका माध्यमबाट वर्णनात्मक तरिकाले अतियथार्थवादी शैलीलाई अपनाएर सरल र सुबोध ढङ्गमा प्रस्तुत गरेका छन् । पाठका विभिन्न एकाइहरूलाई परस्परमा जोडेर सम्बन्ध कायम गर्ने पुनरावृत्ति पर्यायता, विपरीतता, अधिकार्थकता जस्ता तत्त्वहरूले पाठलाई अर्थपूर्ण बनाउन मद्दत पुऱ्याएका हुन्छन् । पाठलाई अर्थपूर्ण बनाउन आउने विभिन्न रूपायन भाषिक एकाइहरू पुनारावृत्तिअन्तर्गत रहेका हुन्छन्

। लेखकले विभिन्न युक्ति, माध्यम, समान अर्थ हुने शब्दलाई प्रयोग गरी पर्यायतालाई स्थापित गरिएको हुन्छ । यसै गरी कुनै कोशीय एकाइले अर्को कोशीय एकाइसँग विरोधी सम्बन्ध कायम गरेको अवस्था पनि रहेको हुन्छ । पाठमा कोशीय एकाइहरूका बिचमा अंश-पूर्ण सम्बन्धलाई दर्शाउने केही कोशीय एकाइहरू पनि माध्यमका रूपमा प्रयोगमा आएका हुन्छन् ।

पाठलाई सुव्यवस्थित बनाउन लेखकले अलङ्कारको पनि प्रयोग गरेका हुन्छन् । यसै क्रममा **लङ्गडाको साथी** उपन्यासमा लेखकले उपमा अलङ्कारको प्रयोग गरेका छन् । पाठमा रहेको विषयवस्तुले कुनै न कुनै सङ्केत गरेको हुन्छ । **लङ्गडाको साथी** उपन्यासमा सहभागी विभिन्न मनोरञ्जन, मस्ती र दार्जिलिङ सहरमा दैनिक मागेर गुजारा गर्ने लङ्गडाका कारुणिक जीवन भोगाइको चित्रण गरी मानिसमा त्रासदीको अन्त्य गर्नु र माानवतावादी भावनाको विकास गराउनु पर्ने आवश्यकतालाई औँल्याइएको छ ।

उपन्यासमा लङ्गडालाई समाजमा रहेका भद्रभलादमीहरूबाट तिरस्कृत व्यवहार भए पनि कुकुर र लङ्गडाको सम्बन्धबाट पशु र मान्छेमा त माया हुन्छ भने मान्छेमा पनि एकअर्काप्रति आत्मीयताको भावना हुनु आवश्यक छ भन्ने सन्देश दिँदै पैसावालहरूको मोजमस्ति र विकृत कार्यमाथि व्यङ्ग्य प्रहार गर्न कुकुर र लङ्गडाको प्रेमलाई देखाउनु, समाजले एउटा बेसहारा भिखारीप्रति गरेको अमानवीय व्यवहारलाई देखाउनु, हाम्रो समाजमा रहेका कुसंस्कारहरूलाई व्यङ्ग्य गर्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

यसै गरी लेखकले पाठलाई पूर्णता दिन विभिन्न चिह्नहरूको प्रयोग पनि गरेका छन् । **लङ्गडाको साथी** उपन्यासमा पूर्णविराम, अल्पविराम, अल्पविराम, विस्मयादि-बोधक/उद्गार, प्रश्नार्थक, अर्द्धविराम, योजक, निर्देशक, अपूर्णता/रिक्तता चिह्नका माध्यमबाट वाक्यहरूलाई पूर्ण गराई पाठलाई अर्थपूर्ण ढङ्गमा प्रस्तुत गरिएको छ ।

समग्रमा सङ्कथनसँगै सन्दर्भकै आधारबाट पाठको अर्थ निर्धारण हुने गर्दछ । पाठले कुनै न कनै सन्दर्भलाई समेटेको हुन्छ । तसर्थ ह्यालिडे र हसनका सिद्धान्तअनुरूप सन्दर्भलाई सङ्गठित गर्ने युक्तिका रूपमा क्षेत्र, सहभागी, माध्यम/पद्धतिलाई प्रस्तुत गरिको छ । सङ्कथनका आवश्यक तत्त्वहरू क्षेत्र, सहभागी, माध्यमअन्तर्गत पाठमा के विषयवस्तु उपस्थित गारइएको छ भन्ने कुरालाई क्षेत्रले जनाउँदछ । यसैअन्तर्गत 'लङ्गडाको साथी' उपन्यासका क्षेत्रभित्र रहेका दार्जिलिङ सहरका सामाजिक परिवेशमा एकडेढ वर्षको अन्तरालमा घटेका लङ्गगडाको कारुणिक जीवन भोगाइका घटनालाई विषयवस्तु बनाई

विश्लेषण गरिएको छ । सङ्कथनका तत्त्वअन्तर्गत उपन्यासभित्र उपस्थित भएका सहभागी (पात्र) हरूका विभिन्न भूमिकाहरूअन्तर्गत साधारण बोलीचालीको भाषा प्रयोग गर्नु, एकालाप वा संवादका माध्यमबाट घटनालाई अगाडि बढाउनु, उपन्यासको केन्द्रीय पात्र मावनतावादी चरित्र रहेको, कुनै पात्रहरू सामान्य हैसियतका भएर पनि दयाको भावना रहेका छन् भने समाजमा रहेका भद्रभलादमीहरू सम्पन्न भए तापनि व्यवहारमा गररिब रहेको प्रसङ्गलाई विभिन्न उदाहरण दिई उपन्यासको विश्लेषण गरिएको छ । सङ्कथन व्यवस्थाअन्तर्गत लेखक पाठकसमक्ष विभिन्न माध्यममार्फत प्रस्तुत हुने गर्दछन् । यसैअन्तर्गत लेखकले प्रयोग गरेको भाषाशैली सरल र सुबोध रहेको, लङ्गडाका विभिन्न स्वप्निल कल्पनाहरू (चीलजस्तै भएर देश-विदेश घुम्ने इच्छा) समाजमा लङ्गडाले भोग्नु परको तिरस्कृत व्यवहारबाट सिर्जित असन्तुष्टि, मृत्यपछि कुकुर र मान्छेको हाड एकै ठाउँमा जोडिएको देखाएर पशु र मान्छेको आत्मीयताबाट सिर्जित अतियथार्थवादी शैली, संस्कृत, फारसी आदि भाषाका शब्दको प्रयोग, विभिन्न सरणि चिह्नहरूको प्रयोग गरिएको छ ।

# सन्दर्भग्रन्थ सूची


गौतम, देवीप्रसाद र चौलगाईं, प्रेमप्रसाद (२०६७), **भाषाविज्ञान**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

गौतम, बेलराम (२०५५), **लैनसिङ वाङ्देलको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६९), **सङ्कथन विश्लेषण परिचय र पद्धति**, काठमाडौँ : इटेलेक्चुअल्ज बुक प्यालेस, कीर्तिपुर ।

ढकाल, दीपकप्रसाद (२०७०), **समाख्यान शास्त्र सिद्धान्त प्रयोग**, काठमाडौँ : ओरियन्टल प्रकाशन गृह ।

न्यौपाने, भुवन (२०६९) **विश्वेश्वरप्रसाद कोइरालाका कथामा सम्बन्धन व्यवस्था,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौड्याल , माधवप्रसाद र पोखेल, गोकुल (२०७१), **सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग**, काठमाडौँ : विद्यार्थी प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०७०), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०७०), **भाषाविज्ञानका सम्पदाय,** (चौथो संस्करण), काठमाडौँ : एकता बुक्स प्रकाशन ।

भट्टराई, भरत (२०७१), **सङ्कथन संरचना र संसक्ति व्यवस्था,** वाङ्मय (वर्ष, १५, पूर्णाङ्क १५, पृ. ४७ - ५८)

मल्ल, महेन्द्र (२०५३), **लैनसिङ वाङ्देलको उपन्यासिक कृतिहरूको विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू,** दोस्रो सं., काठमाडौ : साझा प्रकाशनक ।

राई, शङ्करकुमार (२०५५), **मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, शान्ति (२०७१), **मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

रेग्मी, मुरारीप्रसाद (२०४०), **मनोविश्लेषणात्मक समालोचना : उपखण्ड,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), **शोधविधि**, ललितपुर : साझा प्रकाशन ।

...... (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७१), **प्रज्ञा नेपाली सन्दर्भ व्याकरण**, काठमाडौँ : प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, हीरामणि (२०३८), **समालोचनाको बाटोमा,** ललितपुर : साझा प्रकाशन ।

सत्याल, यज्ञराज (२०४४), **नेपाली साहित्यको भूमिका,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अङ्ग्रेजी

Brown, Gillian & Yule, George (1983), **Discourse Analysis, :** Cambridge University Press.

Cutting, Joan (2008), **Pragmaties and Discourse**, 2nd Edition, London : Routledge.

Givon T., (1993), **English grammar : A Function Based Introduction.** Vol. 2, Philadelphia : John Benjamins Publishing Compony.

Halliday M.A.K (1994), **An Introduction fuctional grammar,** London : Edward Amold.

Halliday M.A.K and Hasan R. (1976), **Cohesion in English,** London : Longman.

...... (1991), **Language Context and text Aspect of Language in a Social Semiotic Perspective,** London : Oxford University Press.

Kane S., Thomus, (1988), **The new oxford guid to writing**, Oxford University press.

Roen H., Duane (1996), **Coherence encyclopedia of Rhetoric and composition.** communication from ancient times to the information Age. ed. by Jheresa Enos Jaylor and Francis.

Taboado, Maria Teresa (2004), **Building Coherence and Cohesion** Amsterdam **:** John Benjamins.

Weighand. Edda (2009), **Language as dialogue From rules to principles,** Philadelphia : John Benjamins Publishing Compony.